# अध्याय : एक

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली लोकसाहित्यको उत्कृष्ट उपविधा अन्तर्गत पर्ने भजन प्राचीन लोकसंस्कृतिको जीवन्त एवम् अलिखित सम्पदा हो । लोकजीवनकै धरातलमा रहेर लोकभावना, भाषा, लय, रहनसहन र रीतिरिवाजलाई पस्कने क्रममा लोकसाहित्यको जन्म हुन्छ । नेपालका सबै क्षेत्रमा भजन गाइन्छ तर क्षेत्रगत विविधता भने अवश्य हुन्छ । गाउँले परिवेशमा चलिआएका विषयवस्तुलाई गेय लयमा समावेश गरी लोकजनजीवनका सबै पक्षलाई समाविष्ट गर्दै मनोरञ्जनात्मक तरिकाले प्रस्तुत गरिने एक प्रकारको भक्ति गीत नै भजन हो । आधुनिक समाज र युवापुस्तामा भजनप्रतिको चासो हराउँदै गएका सन्दर्भमा यसको संरक्षणका लागि आवश्यक पहल गरी नयाँ पुस्तामा समेत रुचि बढाउन आवश्यक देखिन्छ ।

वर्तमान समयमा उदाएका भजन मण्डलीका भक्तजनहरू प्रतिस्पर्धात्मक रूपमा अगाडि बढ्दै गरेको जस्तो देखिए पनि यस ठाउँको लोकसंस्कृति संरक्षण, भजनको खोज, अनुसन्धान र अध्ययनमा कसैले चासो नदेखाएकाले यसको संरक्षणमा फाइदा पुगोस् भन्ने उद्देश्यसाथ अनुसन्धान कार्य अगाडि बढाइएको छ । विशेष गरी थापाठाना क्षेत्रभित्र सत्यनारायण, घरपैँचो, रुद्री, ग्रहशान्ति, स्वस्थानी, चौरासी पूजा, सप्ताह, पुराण, कृष्णाष्टमी, शिवरात्री, बालाचतुर्दशी, नवरात्र, एकादशी, माघेसङ्क्रान्तिलगायतका धार्मिक कार्यका अवसरमा शिव, गणेश, विष्णु, राम, सीता आदि देवीदेवतासँग सम्बन्धित सामाजिक नैतिक भावनाले सजिएका/भरिएका भजन स्थानीय लयमा गाइन्छन् । मानव जीवनका सत्य र असत्यका आन्तरिक रहस्य उजागर गर्ने भजनमा अलौकिक आनन्द र सुखको अनुभूति हुन्छ । आधुनिक विकृति र विसङ्गतिमा डुबी नास्तिकलाई अँगाल्ने युवापुस्तालाई आध्यात्मिक चिन्तनपरक जीवनशैलीका लागि प्रेरित गर्नु थापाठाना क्षेत्रका भजनको आदर्श रहेको छ ।

यस क्षेत्रका भजनमा भाषा र भावको उच्च तालमेल पाइन्छ । यहाँका भजनमा सबैखाले शब्दको तालमेल पाइन्छ । यस शोधमा थापाठाना क्षेत्रमा प्रचलित भजनको अध्ययन गरी संस्कृतिलाई संरक्षण, सम्वर्द्धन गर्ने उद्देश्यले उक्त शोधकार्य गरिएको छ ।

## १.२ शोधपत्रको शीर्षक

प्रस्तुत शोधको शीर्षक **थापाठाना क्षेत्रमा प्रचलित भजनहरूको अध्ययन** रहेको छ ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र सङकाय अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौँ पत्र (५४०-१) को प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.४ शोधको समस्या कथन

नेपाली लोकसाहित्यको अति प्रचलित श्रुतिमधुर, सरल एवम् मनोरञ्जनात्मक विधा लोकसाहित्य भित्रको लोकगीतको एक भेद वा उपविधा भजन हो । प्रस्तुत शोधपत्रको मूल समस्या **थापाठाना क्षेत्रका भजनहरूको अध्ययन** रहेको छ । भजन चुड्का पश्चिमी संस्कृतिको बढ्दो प्रभाव तथा नयाँ पुस्तामा परेको असरका कारण लोप हुने अवस्थामा पुगेकाले पूर्खाको चिनारी, सभ्यताको परिचायक सोपानका रूपमा निम्न समस्यामा आधारित रहेर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ :

१ थापाठाना क्षेत्रका भजनको सैद्धान्तिक चिनारी कसरी दिन सकिन्छ ?

२ थापाठानामा प्रचलित भजनहरूको वर्गीकरण कसरी गर्न सकिन्छ ?

३ थापाठानामा प्रचलित भजनहरूको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.५ शोधपत्रको उद्देश्य

उपरोक्त शोधपत्रको मुख्य समस्या थापाठानामा प्रचलित भजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु रहेको छ । यही मूल समस्यासँग सम्बन्धित रहेर समस्याको निरूपण गर्नु रहेको छ । शोधपत्रका निम्न उद्देश्य रहेका छन् :

१ थापाठानामा प्रचलित भजनहरूको सैद्धान्तिक परिचय दिन,

२ थापाठानामा प्रचलित भजनहरूको सङ्कलनर वर्गीकरण गर्न,

३ थापाठानामा प्रचलित भजनहरूको विश्लेषण गर्न ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यको लोकप्रिय विधा लोकगीतको उपविधाका रूपमा भजन रहेको छ । लोकगीतको पृष्ठभूमिका रूपमा रही वर्तमानसम्म उत्तिकै जनप्रिय श्रुतिमधुर भजनले मानवजीवनका सबै पक्षलाई समेटेर विभिन्न अध्येताले अध्ययन, अनुसन्धान र विश्लेषण गरेको पाइन्छ । तापनि 'थापाठाना' क्षेत्रलाई केन्द्रविन्दु बनाएर अहिलेसम्म कोही कसैले पनि सङ्कलनविश्लेषण वर्गीकरण गरेको पाइँदैन । थापाठानाको वरपरलाई आधार बनाएका सैद्धान्तिक एवम् प्रायोगिक आधार मिल्न सक्ने शोधपत्र र सन्दर्भ कृतिलाई प्राथमिकतामा राखी जसको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

- **काली भक्त पन्त : (हाम्रो सांस्कृतिक इतिहास : २०४३)**
  यस पुस्तकमा भजनका प्रकारको स्पष्टता छ र आध्यात्मिक ईश्वर वन्दना हो भन्ने चर्चा गरिएको छ (पन्त, २०४३ : १०३) ।
- **श्रीकृष्ण गौतम : (पश्चिमाञ्चलको लोकभजन र लोकगीत : २०४३)**
  गौतमको भदौ २०४३ को गरिमा वर्ष-४, अङ्क ९, पूर्णाङ्क ४५ मा प्रकाशित **संस्कृति अन्तर्गत लोकभजन र लोकगीत** शीर्षकमा नाम कीर्तन, चुड्का निर्गुण भजन, रामायण, कृष्णचरित्र, आरति, बालन सोरठी, मालासिरी गरी ९ प्रकारमा उल्लेख गरिएको छ (गौतम, २०४३ : ६२-६३) ।
- **देवीप्रसाद वनवासी : (आँधीखोले लोकसंस्कृति २०५५)**
  वनवासीको प्रस्तुत कृतिमा आँधीखोले भजन चुड्का र ख्याली शीर्षक दिएर आरति भजनको उल्लेख गरिएको छ (वनवासी, २०५५ : २३-२५) ।
- **शिवप्रसाद पोखेल : (आँधीखोले भजन चुड्काहरूको अध्ययन विश्लेषण २०५७)**
  यस शोधकार्य आँधीखोले भजन चुड्का नाम दिएर भजका बारेमा अध्ययन गरेको पाइन्छ (पोखेल, २०५७ : ३२) ।
- **तुलसीप्रसाद चापागाइँ (२०६३) देउपुर क्षेत्रमा प्रचलित लोकभजनको सङ्कलन र विश्लेषण**
  यस अध्ययनपत्रमा पनि देउपुर क्षेत्रमा प्रचलित लोकभजनको सङ्कलन, विश्लेषण र वर्गीकरण गरिएको छ ।
- **धनपति रेग्मी : (बलेवा क्षेत्रका लोकभजनका सलन विश्लेषण र वर्गीकरण २०६९)**

यस शोधपत्रमा बलेवा क्षेत्रका लोकभजनहरूको सङ्कलनविश्लेषण र वर्गीकरण गरिएको छ तर थापाठाना क्षेत्रमा प्रचलित भजनको उल्लेख गरिएको छैन ।

- **जीवनाथ पौडेल : पैयूँखोले भजनहरूको सङ्कलन र अध्ययन २०६२**
  यस अध्ययन पत्रमा पैयूँखोले भजनहरूको सङ्कलनर अध्ययन गरिएको छ ।
- **वैकुण्ठ शर्मा : (हेमजाली लोकभजनहरूको सङ्कलन, विश्लेषण र वर्गीकरण २०७३)**
  प्रस्तुत शोधपत्रमा भजनका बारेमा गहन र विस्तृत रूपमा चर्चा गरिएको छ ।

उपर्युक्त पुस्तक, लेख, समीक्षाग्रन्थ, शोधपत्रमा अध्ययनपत्रमा आ-आफ्ना निश्चित क्षेत्रलाई लक्ष्य गरेर मात्र अध्ययन गरिएको तथा थापाठानालाई केन्द्रविन्दु बनाएर अध्ययन एवम् खोज अनुसन्धान नगरिएको हुँदा प्रस्तुत अध्ययन पत्रमा थापाठानाका भजनलाई केन्द्रविन्दु बनाएर अध्ययन गर्नमा केन्द्रित रहेको छ ।

## १.७ शोधको औचित्य

लोकसाहित्यका विभिन्न विधाहरूमा लोकगीत एक महत्त्वपूर्ण विधा हो । यसै गीतको एक भेदका रूपमा भजन चुड्काहरूको अध्ययन गर्ने क्रममा थापाठाना क्षेत्रमा प्रचलित भजनहरूको सङ्कलन, विश्लेषण र वर्गीकरणले प्रस्तुत शोधपत्रको औचित्य पुष्टि हुन्छ । यसले भावी पुस्तालाई धार्मिक, सांस्कृतिक महत्त्वसँग परिचित गराउने अभिलाषा राखिएको छ ।

## १.८ शोधको क्षेत्र र सीमा

पर्वत जिल्लामा भजन गीत विभिन्न लयमा गाइन्छ । थापाठाना भनेर चिनिने भौगोलिक क्षेत्रलाई प्रस्तुत शोधपत्रमा थापाठाना क्षेत्रमा गाइने भजनको मात्र अध्ययन गर्नु यस शोधको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलनविधि शोधलाई मार्ग प्रशस्त गर्ने प्रमुख माध्यम हो । जसले शोधकार्यलाई सहज र सरल बनाउन गति प्रदान गर्दछ । प्रस्तुत शोध तयारका लागि निम्नानुसारका विभिन्न विधिहरू आवश्यकतानुसार अपनाइएको छ ।

१. क्षेत्रीय विधि- (सम्बन्धित भौगोलिक क्षेत्रको प्रत्यक्ष स्थलगत अध्ययन भ्रमण)

२. प्रश्नोत्तर विधि- (सम्बन्धित स्थानीय विभिन्न व्यक्तिसँग छलफल, प्रश्नोत्तर र अन्तर्वार्ता)

३. पुस्तकालयीय विधि- (सम्बन्धित शीर्षकका कृति तथा अध्ययनपत्र, शोधपत्रहरू अध्ययन)

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई सुव्यवस्थित रूपमा सम्पन्न गर्नका लागि निश्चित रूपरेखाको आवश्यकता पर्दछ । त्यसकारण प्रस्तुत शोधलाई निम्नबमोजिमका मूल शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | - | शोध परिचय, |
| अध्याय दुई | - | थापाठानाको भौगोलिक परिचय, |
| अध्याय तीन | - | लोकभजनको सैद्धान्तिक परिचय |
| अध्याय चार | - | थापाठानाका भजनको सङ्कलन र वर्गीकरण |
| अध्याय पाँच | - | थापाठानाका भजनहरूको विश्लेषण |
| अध्याय छ | - | निष्कर्ष |
| | | सन्दर्भ सूची |
| | | परिशिष्ट खण्ड |

# अध्याय : दुई
# थापाठाना क्षेत्रको भौगोलिक परिचय

## २.१ पर्वत जिल्लाको भौगोलिक परिचय

विश्वमानचित्रमा भौगोलिक हिसाबले सानो भए तापनि प्राकृतिक एवम् सांस्कृतिक हिसाबले नेपाल एक अनुपम राष्ट्र हो । उत्तरी सीमानामा शक्तिशाली चीन तथा पूर्व, पश्चिम र दक्षिणतर्फ भारतले घेरेको नेपाल भौगोलिक हिसाबले २६°२२' देखि ३०°२७' अक्षांश रेखामा उत्तरी अक्षांश र ८०°४०' पूर्वीदेखि ८८°१२' पूर्वी देशान्तरका बीचमा अवस्थित छ (न्यौपाने, २०५५ : ७) । एसिया महादेशको दक्षिणतर्फ हिमालै हिमालको काखमा अवस्थित नेपालको प्रादेशिक विभाजनका हिसाबले गण्डकी प्रदेशमा पर्वत जिल्ला अवस्थित छ ।

नेपालको चौथो तथा गण्डकी प्रदेशको क्षेत्रफलका हिसाबले सबैभन्दा सानो जिल्ला धवलागिरि प्रवेशद्वारका रूपमा रहेको जिल्ला पर्वत हो । पर्वत जिल्ला उत्तर दक्षिण मोजा आकारमा फैलिएको छ । यस जिल्लाको पूर्वमा कास्की, स्याङ्जा, पश्चिममा बाग्लुङ, म्याग्दी, उत्तरमा म्याग्दी र दक्षिणमा स्याङ्जा र गुल्मी जिल्ला पर्दछन् । पर्वत जिल्ला भौगोलिक विविधताले भरिएको एक रमणीय जिल्ला हो । उत्तरमा पर्ने हम्पाल र लोप्रेकका लेकहरू, पञ्चासे डहरे, देउराली, दक्षिण भागका चिसापानी र गोर्ल्याङ यहाँका अग्ला चुचुरा हुन् । शिशिरमा हिउँले ढाक्ने वसन्तमा लेकाली, जडीबुटी, वन्यजन्तु र लालीगुराँसले सजाएको हुन्छ । विश्वमै दुर्लभ शालग्राम शीला पाइने कालीगण्डकी काखमा लिएर हाँसिरहेको छ । श्रुतिपरम्परा अनुसार राजा मलेबमका पालामा शक्तिशाली चौबिसे राज्यका रूपमा परिचित छ । यो क्षेत्र राजनीतिक, सांस्कृतिक एवम् पुरातात्विक हिसाबले महत्त्वपूर्ण मानिन्छ । विभिन्न ऋषिहरूको तपोभूमि गुप्तेश्वर गुफा, ढाउ गुफा आदिले प्रसिद्ध छ । मोदीबेनीको नरसिंह मन्दिर, सेतीवेणी शालीग्राम शीला, विभिन्न कोटका भूमे, कालिका देवी मन्दिर, गुम्बा, होश्राङ्दी र पैयूँकोट धुँवाकोटका ऐतिहासिक दरबार तथा किल्ला माझफाँटको कर्णेलको दरबार, नेपालकै अग्ला लामा पुल, विभिन्न देवीदेवताको मन्दिरले महत्त्वपूर्ण मानिन्छ ।

नेपाल सरकारले २०७३ फागुन २७ गते शुक्रबारदेखि देशभरका पुराना स्थानीय निकायहरूको साविकका संरचना खारेज गरी ७४४ वटा अधिकार सम्पन्न स्थनीय तहहरू

कार्यान्वयनमा ल्यायो । यस विभाजन अनुसार पर्वतमा दुई नगरपालिका र ५ गाउँपालिका रहेका छन् भने जलजला मोदी, विहादी, महाशिला र पैयूँ गाउँपालिका रहेका छन् । यस अन्तर्गत फलेबास नगरपालिकाको वडा नं. २ मा रहेको थापाठाना पनि एक हो (जि.वि.स पर्वत) ।

## २.२ थापाठानाको नामाकरण

यस क्षेत्रको नामाकरणका सम्बन्धमा कुनै विवाद छैन । पहिला लिमी भनेर चिनीने ठाउँ २०१८ सालमा लिमि थापाठाना गाउँ पञ्चायतबाट सुरु भएको पाइन्छ । तत्कालीन अवस्थामा पश्चिम ४ नम्बर स्याङ्जा नुवाकोट लिमी मौजा अन्तर्गत पर्ने तथा थापाहरूको बसोबास रहेकालेसमेत यसको नाम लिमी थापाठाना रहन गएको अनुमान गर्न सकिन्छ । सो समयमा सम्पूर्ण सरकारी कामकाज तथा सेवा लिन स्याङ्जाको नुवाकोट जानु पर्ने थियो भने नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गर्दा पहिला गण्डकी अञ्चलको पर्वत पछि धवलागिरि अञ्चलमा पऱ्यो । २०३५ सालमा थापाठाना र कार्कीनेटा एउटै गाउँ पञ्चायत रहे पनि अहिले छुट्टै वडा नं. २ का रूपमा अवस्थित छ । बुढापाकाका अनुसार बाइसे चौबिसे राजाका पालामा लिमीकोट राज्य अन्तर्गत यस ठाउँमा मुद्दा मामला हेर्ने अड्डा खडा गरेको र कामकाजको जिम्मेवारी थापाहरूलाई दिइएको हुनाले यस ठाउँको नाम थापाठाना रहन गएको हो भन्ने भनाइ छ ।

## २.३ सीमानागत पृष्ठभूमि

पर्वत जिल्लाको उत्तरमध्ये भेगमा अवस्थित साविकको थापाठाना गा.वि.स. हाल सङ्घीय संरचना एवम् स्थानीय तह पुनः संरचनानुसार फलेबास नगरपालिका, वडा नं. २ मा पर्दछ । यसको पूर्वमा फलेबास नगरपालिका वडा नं. १ कार्कीनेटा, पश्चिममा शङ्करपोखरी, उत्तरमा खौलालाकुरी र ठूलीपोखरी तथा दक्षिणमा फलेबास नगरपालिकाको वडा नं. ७ भँगरा पर्दछ । जिल्ला सदरमुकामदेखि ५.५ कोष दक्षिणतर्फ पर्ने थापाठाना समुद्र सतहबाट ९०० मि. देखि २,२२० मि. सम्मको उचाइमा रहेको छ । यिनै चार किल्लाको परिधिमा सुन्दर दक्षिण उत्तर फर्केर थापाठाना क्षेत्र रहेको छ । विश्वमानचित्रमा थापाठाना क्षेत्र २८$^{0}$९' देखि २८$^{0}$ ११'१६' सम्मको उत्तरी अक्षांश र ८३$^{0}$ ४१'३३' देखि ८३$^{0}$ ४४'४२' पूर्वी देशान्तरका बीच फैलिएको छ ।

## २.४ जनसंख्या

पर्वत जिल्लाको कुल ८५.७० वर्ग कि.मि. मध्ये ९९४ हेक्टर भू-भाग ओगटेको यस क्षेत्रमा २०६८ सालको जनगणनानुसार करिब ६५० घरधुरीमा चार हजार पाँच सय जनसंख्या रहेको छ । यस क्षेत्रमा २५ जातजातिका मानिसको बसोबास रहेको पाइन्छ ।

## २.५ सामाजिक स्थिति

विविध भाषा, धर्म, संस्कृति रीतिरिवाज, वर्ग एवम् सम्प्रदाय मान्नेहरूको समुदाय भएको अनेक फूलको एउटै साझा फूलबारीका रूपमा थापाठाना क्षेत्र विकसित भएको छ । अनेकतामा एकता थापाठानाको विशेषता भन्ने उखानलाई चरितार्थ पारेको हुँदा प्रायः जसो जातिको छिटपुट मिश्रित २५ जातको बसोबास यहाँ भेटिन्छ । नेपाली नेवारी र मगर भाषा मुख्य रूपमा बोलिने भाषा हुन् । यस स्थानका सांस्कृतिक एवम् धार्मिक पक्ष पनि समृद्ध र सुदृढ रहेको छ । कृषि कार्यका अतिरिक्त यहाँका अधिकांश मानिसहरू विभिन्न सरकारी सेवा भारतीय सेना एवम् अन्य देशहरूमा गई कार्यरत रहेका छन् । यसबाट विदेशी मुद्रा आर्जन हुने हुँदा यहाँका अधिकांश मानिसहरूको जीवनस्तर राम्रै रहेको देखिन्छ ।

## २.६ शैक्षिक र पेसा व्यवसायको अवस्था

शिक्षा, सामाजिक विकास, भौतिक उन्नति एवम् समुन्नत अर्थतन्त्रको आधार मानव संसाधनको परिपूर्तिका लागि महत्त्वपूर्ण आधारशिला हो शिक्षा । क्षत्री, ब्राह्मण एवम् नेवारको बाहुल्यता रहेको यस क्षेत्रको शैक्षिक स्तर राम्रो छ । २०७४ सालमा एक औपचारिक कार्यक्रमका बीच पूर्ण साक्षर वडाका रूपमा घोषित रहे पनि साक्षरता दर भने ८२ प्रतिशत रहेको छ । यस क्षेत्रमा एक माध्यमिक विद्यालय, ७ आधारभूत र एक संस्थागत विद्यालय सञ्चालित छन् । यस क्षेत्रका अधिकांश मानिसहरू कृषि तथा पशुपालन गर्दछन् । समग्र पेसा व्यवसायमा करिब ७० प्रतिशत मानिसहरू कृषि तथा पशुपालनमा निर्भर छन् । यसका अतिरिक्त व्यापार, नोकरी, जागिर ज्याला मजदुरी वैदेशिक रोजगारी यहाँका मानिसका आम्दानीका स्रोत हुन् ।

## २.७ उपलब्ध भौतिक सुविधा

यस क्षेत्रमा खानेपानीका लागि मूलहरू नै स्रोतका रूपमा पाइन्छ । पाइपद्वारा पानी वितरण गरिए पनि केही टोलहरू अझै धारा, कुवा, खोला र कुलोका पानीमा आश्रित रहेको पाइन्छ । यस क्षेत्र परम्परागत उर्जातर्फ बढी निर्भर रहेको पाइन्छ । हाल ग्रामीण विद्युतीकरणले गर्दा सहजता मिलेको छ तापनि नवीकरणीय उर्जाको प्रयोग न्यून देखिन्छ । स्वास्थ्यतर्फ २०५४ सालमा स्थापना गरिएको स्वास्थ्य चौकीले सुरक्षित मातृत्व सेवा, पोषण तथा परिवार नियोजन सेवालगायत अन्य प्राथमिक उपचारका सेवा प्रवाह गर्दै आएको पाइन्छ भने जिल्ला अस्पतालको सेवा पाउन ४/५ घण्टाको यात्रा गर्नुपर्ने देखिन्छ ।

यस क्षेत्रमा सञ्चार तथा यातायातको अवस्था धिमा गतिमा अगाडि बढेको पाइन्छ । संस्थागत रूपमा वाइफाइको उपलब्धता, एनसेल, पोष्पेड, प्रिपेड टावरहरूको उपलब्धताले सहज भएको छ । साथै, सामान्य पत्रपत्रिकाको पनि उपलब्धता देखिन्छ । यस क्षेत्रमा गाउँ-बस्तीमा जोड्ने गोरेटा र घोडेटा बाटाहरू पोखराको नौडाँडा, फलेबाससम्म कुश्मा हुँदै थापाठानासम्म कच्ची बाटो निर्माण भएको छ । प्राकृतिक दृश्यावलोकन, होमस्टे र बाघको पाइला विविध विषयवस्तुले पर्यटनको प्रचुर सम्भावना बोकेको यस क्षेत्रमा विकासको अवधारणा अनुरूप सडक विस्तारतर्फ र पदमार्गको उचित प्रबन्ध पर्यटकको सेवा सुविधाका लागि राम्रो व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## २.८ विशेष चाडपर्व

जाति, भाषा, धर्म, संस्कृति तथा सम्प्रदायगत विविधताले युक्त थापाठानामा मनाइने चाडपर्वमा मुख्य रूपमा हिन्दू धर्मावलम्बी कै बाहुल्यता रहेको पाइन्छ । विशेष गरी दशैं, तिहार, तीज, जनैपूर्णिमा फागुपूर्णिमा, शिवरात्रि, चैतेदशैं, माघे संक्रान्ति, साउने संक्रान्ति र बालाचतुदर्शी साथै गुरुङले ल्होसार (ट्वटे) बुद्धपूर्णिमा ईसाइले क्रिसमस तथा मुस्लिमले इद र रामदान आदि पर्व मनाउने गरेको पाइन्छ । लाखेनाच, गाईजात्रा, तीजेमेला, देउसी भैलो, नवदुर्गामा नौ दिन कोतहरूमा गरिने पूजाआजा तथा सांस्कृतिक क्रियाकलाप हुन् (भण्डारी, २०७५ : ३२) ।

## २.९ निष्कर्ष

थापाठाना क्षेत्र एक विविध विविधताले भरिएको क्षेत्र हो । यस ठाउँको भौगोलिक स्थितिलाई हेर्दा चारैतिर डाँडाकाँडा, खोला अनि सुन्दर प्राकृतिक दृश्यले भरिएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्रको समाज र संस्कारको सन्दर्भमा सबै जातजाति मिलेर बसोबास गर्दछन् । विविध लोकसंस्कृतिले भरिएको यस क्षेत्रमा पर्यटकको सङ्ख्या बढाउनका विभिन्न कदम चाल्नु आवश्यक देखिन्छ । यहाँ पुग्नका लागि बाटो निर्माण, सञ्चारको सुविधा, अस्पताल निर्माण जस्ता पुर्वाधार विकासमा उल्लेख्य प्रयास भइरहेका छन् । तापनि आगामी दिनमा यसको थप प्रचारप्रसार र विकासका लागि तन, मन र वचनले स्थानीयवासी, सरकार र जनप्रतिनिधि क्रियाशील भएर लाग्नुपर्ने देखिन्छ ।

# अध्याय : तीन

# लोकभजनको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको चिनारी

लोकसाहित्यको जन्म मानव सृष्टि सँगसँगै भएको मानिन्छ । लोकले आफूलाई व्यक्त गर्ने निश्छल चेष्टा वा ध्यान गर्दा लोकसाहित्य सिर्जना हुन पुग्यो । आदिम कालदेखि मानवको जन्मजात प्रवृत्ति रहिआयो । भाषा भेट्याउनु भन्दा पहिला आफूलाई व्यक्त गर्ने प्रयास गर्दा गर्दै भाषा भेटियो र वाणीको रूप दिन थाल्यो । भाषाको माध्यमबाट भावनालाई व्यक्त गर्ने क्रममा लोकसाहित्यको जन्म भयो । जसको परिणाम सशक्त स्थान लोकसाहित्यमा पर्न गएको पाइयो ।

पूर्वीय वाङ्मयमा लोक शब्दको प्रयोग वैदिक कालभन्दा अगाडि भएको पाइन्छ । यसको अर्थ देख्ने वाला जनता, संसार आदि हुन्छ (पराजुली, २०४९ : १) । लोकसाहित्य जनताको हितका निम्ति प्रयुक्त अर्थमा रहेको पाइन्छ । यसरी लोकसाहित्यको समष्टि अर्थ लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित भएको रचना नै साहित्य हो भन्ने अर्थ पाइन्छ तर आधुनिक युगमा आएर यसको व्यापक अध्ययनले गर्दा यसको अर्थ र क्षेत्रले सामान्यतया जन धारणाको अर्थ दिने यस लोकसाहित्यका विषयमा पूर्व पश्चिमका विद्वान्ले विभिन्न रूपमा चिनाउने जनसमूह लोक शब्दले चिनिन्छ ।

साहित्यको व्यापक अर्थमा सम्पूर्ण वाङ्मय शब्द र वाणीलाई लिइन्छ । साहित्यलाई पूर्वीय चिन्तनमा काव्य भन्ने गरिएको छ । लोकसाहित्य भनेको गाउँ सहर जहाँसुकै रहेको भएतापनि शास्त्रीय जटिलतामा लिएको आदिम मानवले युक्त सरल सामान्य मान्छे नै लोक हो (गिरी २०५७ : १७) । त्यही लोकद्वारा सृजित मौखिक र मौलिक परम्परा सुरक्षित साहित्यिक अभिव्यक्ति नै लोकसाहित्य हो भन्ने सन्दर्भमा सबै विज्ञहरूको सहमति रहेको पाइन्छ ।

सम्पूर्ण जनजीवनमा भोगे गरेका आर्जेका लोकबाट प्रचलनमा आएका लोकका निम्ति, लोकले सुख दुःखलाई लिएर भावनामा मौलाएको वा फुरेको साहित्य नै लोकसाहित्य हो । यही साहित्य समस्त क्रियाकलापले भाषामा अभिव्यक्त हुन्छ । लोकसाहित्य जीवनको चित्र हो, लोकको इतिहास हो, आत्मजीवन हो, मानिसहरूको भावना व्यक्त गर्ने भाषागत अभिव्यक्त हो । साहित्यले समाजको चित्रण गर्दछ र समाजलाई पथ प्रदर्शन पनि गरेको

हुन्छ त्यसैले साहित्यलाई समाजको दर्पण वा ऐना पनि भनिन्छ । यसमा प्राचीन सभ्यता र संस्कारका साथै आधुनिक समाज पनि प्रचलित हुन्छन् । लोकसाहित्यमा मानवको जीवन शैली इतिहासका सत्य तथ्य तथा लोकका दर्शन र विश्वास हुन्छन् । लोकसाहित्यलाई चिनाउने क्रममा विभिन्न लोकसाहित्यका मर्मज्ञ विद्वान्हरूले विभिन्न किसिमका परिभाषा मार्फत चिनाउन खोजेको पाइन्छ ।

- "सभ्यताको प्रभावबाट टाढा रहने आफू सहज अवस्थामा वर्तमान जो निरक्षर जनता हो । उसका आशा निराशा हर्ष विस्मात् जीवन मरण, लाभहानी सुख दुःखको अभिव्यजना जुन साहित्यमा प्राप्त हुन्छ त्यसलाई लोकसाहित्य भनिन्छ" (उपाध्याय, १९८० : २४) ।
- "लोकसाहित्य लोक समूहद्वारा स्वीकृत व्यक्तिको मौखिक क्रमबाट पाइएको त्यस्तो वाणी हो जसमा लोक मानस सङ्ग्रहित हुन्छ" (उप्रेती, ई १९८० : १७) ।
- सजिलो सरल र रम्य भाषामा रचिएको मानव मुटुको स्पन्दनबाट प्रस्फुटित मीठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (थापा धर्मराज, सुवेदी हंसपुरे वि.सं. २०६८ : ८) ।
- विद्वान्हरूले सङ्कलनगरी लिपिबद्ध नगरुञ्जेल एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमै सर्दै जाने परम्परित गीत दन्त्यकथा आदिलाई लोकसाहित्य भनिन्छ (शर्मा मोहनराज, लुईटेल खगेन्द्र प्रसाद २०६३ : १४) ।

वास्तवमा लोकसाहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोकसंस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ । अझ यस नेपाली साहित्यमा सत्यम् शिवम् सुन्दरम्को रूपमा नेपाली नृत्य, नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढालिएका छन् ( जोशी, २०१४ : १९०) । चूडामणि बन्धुले नेपाली लोकसाहित्य नामक पुस्तकमा लोकसाहित्यको परिचय दिने क्रममा लोकसाहित्यकारहरूले दिएको परिभाषा उल्लेख गरेका छन् । जस अनुसार परिभाषा दिने व्यक्तिहरू योगी नरहरिनाथ, डा.सत्येन्द्र शिवकुमार राई, कालीभक्त पन्त, हरि श्रेष्ठ, वासुदेव त्रिपाठी, तुलसी दिवस ठाकुरप्रसाद पराजुली, राजेन्द्र सुवेदी र नेपाल यात्रीका साथै मोतिलाल पराजुलीको परिभाषा पनि उल्लेख गरेको पाइन्छ ( बन्धु, २०५८ : १२, १३) ।

अन्त्यमा के भन्न सकिन्छ भने सबै लोकसाहित्यका लोकसाहित्य अध्येताहरूका परिभाषाहरूलाई अध्ययन मनन् गर्दा लोकसाहित्य मौखिक परम्परामा हुर्किएको एउटा भाषागत अभिव्यक्ति हो जुन श्रुतिपरम्परामा जीवित रहँदै जन समाजमा, जनमानसमा लोक व्यवहार मनोभावनात्मक अभिव्यक्तिको आदान प्रदान गर्ने क्रममा स्वच्छन्द, सरल र सरस पाराले वाचन गायन मञ्चनका साथै श्रवण गर्दै एउटा जीवन्तता दिँदै आएको युगौं देखिको साहित्य हो जुन अलिखितबाट आजसम्म कोपिलाको रूपबाट फक्रँदै र फुल्दै आएको छ ।

## ३.२ लोकसाहित्यको विधागत वर्गीकरण

लोकसाहित्य मानिसको अलिखित सिङ्गो अभिव्यक्ति विविधतामय र विशालतामा फैलिएको हुँदा यसको वर्गीकरण गर्न आवश्यक छ । साहित्य शब्द सहितमा घ ञ (य) प्रत्ययको योगबाट साहित्य शब्द निर्मित भएको हो (पराजुली २०५० :२५) । परिभाषिक रूपमा यसको अर्थ हितले युक्त कलात्मक वाणी भन्ने बुझिन्छ । साहित्यलाई पूर्वीय चिन्तन परम्परामा काव्य भनी श्रव्य र दृश्य गरी कालीदासले पनि बताएका छन् । कतै लिखित कतै अलिखित, त कतै संस्कारमूलक र विषयवस्तुका आधारमा पनि लोकसाहित्यलाई वर्गीकरण गरेको पाइन्छ (बन्धु, २०५८ : २७-३०) ले लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोकनाटक, लोककथा, उखान र टुक्का एवम् पहेली रहने कुरा उल्लेख गर्दै आख्यानकारहरूको वर्गीकरणका आधारहरू प्रस्तुत गरेका छन् । त्यसैगरी भाषिक अभिव्यक्तिका आधारमा गद्य, पद्य र प्रस्तुतिका आधारमा संस्कारमूलक रूपमा र विषयका आधारमा वर्गीकरण गरी लोकसाहित्यका विविध विधालाई सोही अन्तर्गत समेट्ने गरी उल्लेख गरेका छन् । (पराजुली, २०५० : ४१-४२) । अझै विषयवस्तुका आधारमा हेर्न उपयुक्त देखिने हुँदा सोही बमोजिम लोकसाहित्यका विधा निम्नानुसार विभाजन गरेको पाइन्छ ।

१) लोकगीत

२) लोक कविता

३) लोककथा

४) लोक गाथा

५) गाउँखाने कथा

६) उखान

७) टुक्का (शर्मा र लुइटेल, २०६३ : ४९)

यसरी लोकसाहित्यका विविध विधामध्ये लोकगीत पनि लोकसाहित्यको एक हो भन्ने प्रष्ट हुन्छ । साहित्य रागात्मक भाषामा व्यक्त गरिने अनुभव र अनुभूतिको समष्टिगत रूप हो भन्न सकिन्छ । साहित्य समाजको ऐना भएकाले जसरी ऐनामा हेर्दा अनुहार देख्न पाइन्छ त्यसैगरी समाज हेर्न साहित्यको अध्ययन अनिवार्य हुँदा लोकसाहित्यको महत्त्व र विविधता गरी अध्ययनलाई गहनता बनाउने कार्य गरेको छ ।

## ३.३ लोकगीतको परिचय

लोकसाहित्यको अध्ययनमा नेपाली लोक पद्यका प्रमुख विधामध्ये लोकगीत पनि एक हो । पाश्चात्य साहित्यमा यसलाई लोक पद्यको समानार्थी (Synonym) को र फोक्सङ (Folksong) भनिन्छ । यसको आरम्भ मानिसको वाणीको प्रयोग गर्न थालेबाट भएको हो भन्न सकिन्छ । यसैले लोकगीतको थालनी वेद भन्दा पनि पूर्ववर्ती समयमा भएको हो भन्ने देखिन्छ (शर्मा, लुइँटेल, २०६३) ।

लोकगीत लोक जीवनको सारांश हो, आत्मकथा हो । हाँसो, खुसी, रोदन, हर्ष, विस्मात् उमङ्ग, सौहार्दता, संयोग, वियोग, पीडा, खिन्नता र वैराग्यको मिश्रित (समष्टि) रूप हो । यसको मुख्य उद्देश्य मानवीय अन्तर्मनको भावनालाई गीति माध्यमबाट प्रस्फुटित गर्नु हो ।

## ३.४ लोकगीतको परिभाषा

लोकगीत लोक जनमानसको अन्तर्मनको कथा हो, व्याथा हो, राग, भनिरहँदा साहित्यिक परिभाषित गर्न सहज छैन । विभिन्न समयमा विभिन्न विद्वान्हरूले लोकगीतको परिभाषा दिने प्रयास गरेका छन् । कुनै पनि परिभाषा पूर्ण र सर्वमान्य हुन सकेका देखिँदैनन् तापनि लोकगीतका बारेमा उपलब्ध परिभाषा निम्नानुसार दिइएको पाइन्छ :

- लोकगीत स्वतः सिर्जित हुन्छ ।  -ग्रिम
- आदिम स्वतः स्फूर्त सङ्गीतलाई लोकगीत भनिन्छ ।  -यर्सी
- लोकगीत नयाँ वा पुरानो नभई वनको वृक्ष जस्तै हुन्छ, यसमा लोक जीवनका दुःख, सुख आँसु हाँसो, आशा, निराशाका साथै लोकका चालचलन विधि व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु, २०५० : ११५) ।

- लोकगीतमा समूहले आफ्ना समस्या भावावेगको अभिव्यक्ति गर्छ र सामुदायिक परिश्रमको भारलाई हलुका पार्छ । -(द न्यू इन्साइक्लोपेडिया ब्रिटानिन) ।
- कसैको बक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नर नारीहरू दुःखित, पीडित, आक्रान्त, उद्धित, सम्भ्रान्त, त्रस्त, जागृत प्रफुल्लित, हर्षित, संयुक्त, वियुक्त, लिङ्ग समाज र उमेरका मानिसले कुनै पुस्ताको बन्धनले बद्ध नभएको गीत नै लोकगीत हो ।    -(पन्त, २०४३ : ४७) ।
- नेपाली लोकसाहित्यमा चोखो लय र शब्दको प्रवाहबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको लोकगीत यसैले मानव सिर्जनाको पहिलो प्रस्तुत लोकगीत नै हो (थापा र सुवेदी, २०३०, २०४३, ११२, २०४१ : ४७) ।
- लोकसाहित्य रूपी पारिजातमा कुसुमित फूलको वरदान भनौं प्रचुर गुदी भएको स्वादिलो, मधुरो र रसिलो फल हो लोकगीत -(भेरी लोकसाहित्य, यात्री २०४१, बन्धु) ।

उपयुर्क्त परिभाषालाई हेर्दा नेपाल लोकगीतको उर्वर भूमि हो । जुन कुरा तमाम् विद्वान् एवम् अध्येयता तथा अन्वेषकहरूले प्रस्तुत गरेका आ-आफ्ना प्रकारका परिभाषा तथा अवधारणाहरूका आधारमा स्पष्ट हुन्छ । लोकगीत लाखौं लोक हृदयको ढुकढुकीलाई छुने लोकसाहित्यको प्राचीन विधा र पुर्खाको प्रिय विधा मान्न सकिन्छ । मनका भावना सुख, दुःख, हर्ष विस्मात्, पीडा, हाँसो, आँसु, वीरता, उत्साह, वैराग्य, एवम् प्रणयका साथै शोषण, दमन, अन्याय, अत्याचार गरिबी, पीडा, दैनिकी, प्रकोपसमेतलाई प्रस्तुत गर्ने विधाका रूपमा लिन सकिन्छ । भाषाका माध्यमबाट लोक जीवनका आरोह अवरोह हाँसो, आँसुको जीवन्त अभिव्यक्तिका रूपमा देखिने लोकगीतलाई जनसाधरणका भावनाको सशक्त र जीवन्त अनुभूति मान्न सकिन्छ ।

निष्कर्षमा गाउँले जनमानसको दैनान्दिनीको आधारमा उकाली-ओराली भन्ज्याङ्ग र चौतारी गाउँबेसी, पाखापखेरा, गोठालो खेतालो जाँदा मात्र नभई वीर, हाँस्य, रौद्र, करुण जस्ता रसले पूर्ण मानव सभ्यतासँगै धर्म संस्कृति, रीतिरिवाज चाडपर्वमा नाटकीय गीतिमय राग, लय, सङ्गीत लोक तत्त्वका साथमा डम्फू मादल, खैँजडी मुजुरा, बाँसुरी आदिका तालमा महिला पुरुषको अन्तर्मनबाट प्रस्फुटित कण्ठलहरीबाट लयात्मक, रागात्मक स्वरबद्ध शैलीमा प्रवाहित हुने एक झङ्कार(आधार) लोकगीत हो भन्न सकिन्छ ।

## ३.५ लोकगीतको वर्गीकरण

नेपाली लोकगीत नेपाली जनमानसमा नअटाएर पट्ट फुट्ने सागररूपी वेदना हो । जसलाई टुक्र्याएर विभाजन गर्ने कार्य निकै जटिल हो । सीमित परिधिमा राखेर हेर्ने कुरा होइन । यो त मानवको जन्मदेखि मृत्युपर्यन्त कथा र व्यथा, आँसु र हाँसो, हर्ष र वेदना आदि मिश्रित भएको घोलक र घुलित असंतृप्त घोल जस्तै हो । समुद्रको न त फेद न त टुप्पो नै जस्तो भएर लोकानुभूति भएकाले ठाउँअनुसार भिन्न तरिकाले गाइने हुँदा भाषामा स्थानीयताको प्रभाव पर्छ नै । कुनै गीत बाह्रैमास गाइन्छ भने कुनै खासखास ऋतु पर्व वा अवसरमा गाइने लोकगीत मानव हृदयबाट समुद्रको तरङ्ग झैं प्रस्फुटित हुन्छ । मनका संवेग पोख्ने माध्यम पनि लोकगीत हो । लामा, छोटा, ठाडो, तेस्रो आदि विविध भाकामा गाइन्छ भने अर्कातिर एक जुहारीका रूपमा पनि लोकगीत गाउने गरिन्छ । यसरी विभिन्न साहित्यका अध्येताहरूले लोकगीतको वर्गीकरण ८ किसिमबाट गरेको पाइन्छ (जोशी, २०४१ : १४५) ।

(१) भजनका रूपमा गाइने

(२) नृत्यसँग उनिएका

(३) प्रेममय जीवनसँग गाँसिएका

(४) चाडपर्वसँग समन्वय भएका

(५) सामाजिक

(६) युद्ध क्षेत्रमा प्राण रक्त सञ्चार गर्ने

(७) कथा गाँसिएका

(८) उत्सवमा झिकिने लोकगीत (जोशी, २०४१ : १४५) ।

यसैगरी अर्का विद्वान् कालिभक्त पन्तले ९ प्रकारमा विभाजन गरेको पाइन्छ :

(१) राष्ट्रियस्तरका गीत

(२) जिल्लास्तरीय

(३) जातिस्तरीय

(४) ग्रामस्तरीय

(५) जाति भाषा स्तरीय

(६) पर्वस्तरीय

(७) लोक नाट्यस्तरीय

(८) कार्यस्तरीय

(९) ऋतुस्तरीय (पन्त, २०४३ : १४८) ।

उपर्युक्त वर्गीकरणमा जातिस्तरीय गीत अन्तर्गत बाहुन, क्षेत्री गीत भित्र भजनलाई राखेको भेटिन्छ । यस्तै, लोकसाहित्यका अर्का अध्येता कुसुमाकर न्यौपानेले लोकगीतलाई ( बाह्रमासे, कर्म, पर्व र संस्कार) भनी विभाजन गरी बाह्रमासे अन्तर्गत कीर्तन र भजन, ख्याली पर्व अन्तर्गत राखेको पाइन्छ (न्यौपाने, २०६० : ५) । नेपाली लोकगीतलाई वर्गीकरण गर्ने क्रममा चूडामणि बन्धुले निम्नानुसार वर्गीकरण गरेका छन् :

**(१) सहभागिताका आधारमा**

(क) एकल गीत

(ख) दोहोरी गीत

(ग) समूह गीत

**(२) लय वा भाकाका आधारमा**

(क) द्रुत लय

(ख) मध्यम लय

(ग) बिलम्बित लय

**(३) प्रकार्यका आधारमा**

(क) धार्मिक गीत


(ख) संस्कार सम्बन्धित गीत

(ग) व्रत गीत

(घ) पर्व गीत


(ङ) श्रम गीत (बन्धु, २०५८ : १२१) ।

यसरी हेर्दा भजन चुड्का, धार्मिक गीत अनुष्ठानमूलक तथा गीत तथा प्रकार्यका आधार अन्तर्गत पर्ने देखिन्छ । लोकगीतसम्बन्धी अभिमतलाई हेर्दा विभाजन प्रक्रिया फरक देखिए तापनि तत्त्वगत आधारमा भने समानता देखिन्छ । अतः लोकगीतलाई विषयगत आधारमा निम्न बमोजिम वर्गीकरण गरिएको छ ।




उल्लेखित नेपाली लोकगीतको तालिकाको वर्गीकरणलाई बुँदागत रूपमा यसरी पनि राख्न सकिन्छ :

क) पर्वगीत  ख) कर्मगीत  ग) धर्मगीत  घ) व्रतगीत  ङ) भजनगीत




यसरी गहन तरिकाले हेर्दा भजनहरू मूलतः धर्म सम्बन्धी गीत उमेर अवस्थाकालीन गीत अन्तर्गत पर्ने देखिन्छ । तसर्थ लोकगीत अन्तर्गत पर्ने लोकभजन पनि लोकगीत कै एक उपभेदका रूपमा आएको देखिन्छ ।

### ३.६ लोकगीत र लोकभजनको भिन्नता

लोकगीत नेपाली लोकसाहित्यको प्रमुख विधा हो भने लोकभजन चाहिँ लोकगीतको एउटा उपविधा हो । लोकगीतको वर्गीकरण अध्ययन गर्दा जीवन चक्रमा आधारित लोकगीत अन्तर्गतको धार्मिक गीत अन्तर्गत भजन गीत पर्दछ । त्यसकारण लोकभजन लोकगीतको उपविधा अन्तर्गत मनोरञ्जन भन्दा पनि भक्तिमा भावबाट अभिप्रेरित भएर गाइन्छ ।

भक्तिभाव र देवीदेवताको स्तुति गरेर गाइने हुँदा मनोरञ्जनको उद्देश्य गौण हुन्छ नै लोकगीतमा श्रृङ्गार रसको बाहुल्यता हुन्छ भने लोकभजनमा भक्तिभाव र शान्तरसको महत्त्वपूर्ण पाटो बन्दछ । लोकगीतलाई गायन समूहका दृष्टिले हेर्दा विशेष गरी गुरुङ, मगर, राई, लिम्बू आदि जातिहरूका युवायुवतीहरूमा बढी प्राथमिकतामा हुन्छ भने लोकभजन ब्राह्मण, क्षेत्री, समुदायका पनि उमेर पुगेका बूढापाका व्यक्तिहरू बढी तानिएको पाइन्छ । लोकगीतमा प्रायः गरेर मायाप्रेम, पीडा, व्यथाका गीत गाइन्छ भने भजनमा भक्तिभावना र आस्तिकपनमा अभिप्रेरित भएर गाइन्छ ।

अन्त्यमा लोकसाहित्यभित्र लोकगीत र लोकगीत अन्तर्गत लोकभजन प्राचीन समय देखि आजसम्म वा वैदिककाल पूर्वबाट आजसम्म अनन्तकाल देखिको मौलिक परम्परा बोकी जीवित रहेको कुरा स्पष्ट हुन्छ । यसको मुख्य उद्देश्य मानव आस्था कल्याणको कामना भक्ति भावना र परलोकमा मोक्ष प्राप्ति जस्ता भावनाबाट प्रेरित भएर जनस्तरमा गाइने गीतको एक प्रकारलाई लोकभजन मानिन्छ ।

# अध्याय : चार

# भजनको वर्गीकरण र सङ्कलन

## ४.१ भजनको परिचय

'भजन' शब्द भज् धातुमा अन् (ल्युट) प्रत्यय लागेर (भज्+अन= भजन) शब्द बनेको हो (लुइटेल, २०६३ : १५७) । विशेष गरी भन्नुसँग सम्बन्धित भएकाले भजन भगवान् कै भक्ति पुकारसँग सम्बन्धित छ भन्ने कुरा प्रष्ट हुन्छ । भजनकै पर्यायका रूपमा कीर्तन, महिमा वर्णन र गुण वर्णन आदि शव्दलाई लिएको पाइन्छ । भजनको शाब्दिक अर्थ स्तुति गर्नु भन्ने हुन्छ, स्तुति भन्नाले देवदेवीको नाम वा गुणको प्राथना वा आराधना गर्नु भन्ने बुझिन्छ । आफ्ना इष्टदेव वा आराध्य देवीदेवता, गुरु आदिको नाम, गुण महिमा, शक्ति, पराक्रम र वीरताको प्रशंसा गर्नु वा बारम्बार गाइने गेय विधा नै भजन हो, लोक जीवनको ऐना र लोकसाहित्यको उपविधा हो । शाब्दिक अर्थमा प्रष्ट्याउने क्रममा (पोखरेल, २०६७ : ९३७) मा भजनको अर्थ आराध्य देवदेवीको र गुरु आदि नाम महिमा बारम्बार लिने र गाउने काम, नाम संकीर्तन, गुणगान कुनै देवदेवीको गुण वर्णन गरिएको गीत भनी उल्लेख गरिएको छ । त्यस्तै उपजीव्य ग्रन्थ भागवत् महापुराणमा व्यासले कवितात्मक रूपमा स्पष्ट पारेका छन् ।

*श्रवण कीर्तन विष्णोःरमरण कपाद सेवनम्*

*अर्चनम् वन्दम् दास्यं साख्यमात्म निवेदनम्* (श्रीमद्भागवतम् : ७-५-२३)

अर्थात भजन भनेको सेवा आराधना वा पूरा भन्ने हुन्छ । यसलाई लोकसाहित्यमा समाविष्ट गरी स्पष्ट्याउँदा देवता वा ईश्वरप्रति अनुरक्त बनी भक्ति भावनाका साथ गुणगान गरिएका लयात्मक अभिव्यक्ति वा गीत आदि भजन हुन् भन्नु स्वभाविक छ । भजन ईश्वरकै भक्तिभाव र उपासनाको क्रममा सिर्जिएको हो । दुःख अशान्त, अपूर्ण अभाव र अतृप्त अनि उदासी र चञ्चल मनलाई सान्त्वनाका साथै वर्तमानमा विश्रान्ति र अन्ततः चिर विश्रान्तिमा लीन गराउन भजनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । भजन शब्द गुणगान ईश्वर विषयका कथाहरू लय मिलाएर गाउँने काम सागर-नाम महिमा आदि बखान्ने काम गुणगान नाम, कीर्तन, गुणानुवर्णन, उपासना, सेवा, पतिभक्त, पतिसेवा, खण्ड, टुक्रा, अंश भनी उल्लेख गरिएको छ (शर्मा, २०६२ : ९९१) ।

### ४.१.१ भजनको परिभाषा

नेपाली लोक साहित्यका क्षेत्रमा लोकगीतको जति खोज चर्चा र विश्लेषण भएको छ, त्यसको तुलनामा लोकभजनको हुन सकेको छैन त्यसकारण यसको परिभाषाका सन्दर्भमा पनि लोकभजनका मर्मज्ञहरूले आ-आफ्नै तरिकाले अर्थ्याएको हुँदा मतैक्यता नदेखिए पनि विद्वान्हरूका परिभाषालाई हेर्दा भजन गीत भक्ति गीत हो भन्नेमा नै सबैको मत मिल्न गएको देखिन्छ ।

- कृष्ण पराजुली : भजनको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिवाद देखाउनु हो (पराजुली, २०५७ : २३२) ।
- चूडामणि बन्धु धार्मिक पूजाका अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवदेवीको गुण शक्ति र सामार्थ्यको बयान गरिएको छ (बन्धु, २०५८ : १५३) ।
- हेमाङ्गराज अधिकारी प्रयोगात्मक नेपाली शब्दकोशमा देवी देवताको महिमा गाउने काम भगवान्को नामको कीर्तन गुणगान गर्नु (अधिकारी, २०६३ : ७४४) । भनी गुणवर्णनका रूपमा उल्लेख गरेका छन् ।
- बेनी जङ्गम रावल साधारण तया भजनको अर्थ पूजापाठ ईश्वर भक्ति तथा आरधाना भन्ने बुझिन्छ, त्यसरी नै हाम्रो समाजमा पहिलेदेखि चल्दै आएको ईश्वर भक्ति भावनामा पाइने गीत पनि भजन नै हो (रावल, २०६३ : ७१) । भनी लोकभजनलाई भक्ति गीत मानेका छन् ।
- कुसुमाकार न्यौपाने धार्मिक चाडपर्वमा गाइने भक्तिभाव प्रधान गीत भजन हो । ईश्वरप्रति भक्तिभाव प्रस्तुत गर्ने उद्देश्यमूलक यो गीत घरभित्र वा घरबाहिरका ठाउँमा जम्मा भएर गाइन्छ । खैंजडी, मुजुरा, करताल, शङ्ख, घण्ट, एकतारे र डमरु आदि बजाएर गाइने यस गीतमा अवस्थानुसार कतिपय भजनमा नृत्य गरिन्छ भने कतिपय भजनमा नृत्य गरिन्न (न्यौपाने, २०६० : ५२) । भन्दै सङ्गीतमय भक्तिगीत भनी भजनलाई प्रष्ट्याउँदै नृत्यको ऐच्छिकता हुने सङ्केत गरेका छन् ।
- कालीभक्त पन्त भजन विभिन्न प्रकारका हुन्छन् र यो आध्यात्मिक ईश्वर वन्दना हो (पन्त, २०४३ : १०३) ।

- शम्भुप्रसाद कोइराला ईश्वरप्रति अनुरक्त बनी ईश्वरको गुण गरिमा र उपासना गरिएका लयात्मक अभिव्यक्ति नै भजन हुन् । ईश्वरप्रतिका नौ रूप दर्शाएर एक महत्त्वपूर्ण रूप भजन मानी ईश्वरप्रति कै क्रममा भजनको सिर्जना भएको देखिन्छ ( कोइराला, २०५५ : ६३) ।

यसरी भजनको शाब्दिक अर्थ भज्नु वा स्तुति गर्नु नै भन्ने बुझिन्छ । कुनै पनि विषयवस्तुका बारेमा ईश्वरको आराधना गर्नु, ईश्वरको गुण वर्णन गर्नु ईश्वरको नाम कीर्तन जप्नु भक्तिभाव जगाउनु नै मूलरूपमा भजनको अर्थ हो भन्न सकिन्छ । यसर्थ भजन लोकगीतको एक शाखा मान्न सकिन्छ । भजनलाई गहिरिएर हेर्ने हो भने भजनभित्रका लामा छोटा स्तुति प्रसस्त भेटिन्छन् । जसलाई लम्बरी भजन भन्न पनि मिल्दछ, लम्बरी भजनको संज्ञा पनि कृष्ण प्रसाद पराजुलीले दिएका छन् (पराजुली, २०४६ : २३२) । लोकभजनलाई हेर्दा मूलतः ग्रामीण परिवेशमा पाइने सद्भाव मेलमिलाप, हार्दिकता, आध्यात्मिक चिन्तन ईश्वरप्रतिको भक्तिभावना र सामूहिक भावबाट सामाजिक मनोभावनालाई उजागर गर्ने साङ्गीतात्मक भाषिक अभिव्यक्ति नै भजन हो । सुख शान्तिको कामना राखेर भगवान् भगवतीमा विश्वास गरी आस्तिक भावना र समर्पित भई भजिने लोकभजन स्थाननुसार फरक-फरक हुन्छन् भने धार्मिक कार्यका अवसरमा भक्तजनका इष्टदेवता अभीष्ट प्राप्तिको अपेक्षासहित लौकिक अलौकिक कार्य बखान्दै बाजागाजासहित वा बाजागाजाविना गाइने लयपूर्ण भक्तिभाव भरिएको भक्तिगीत नै भजन हो ।

### ४.१.२ लोकभजनका तत्त्वहरू

लोकभजनका लागि आवश्यक पर्ने सामग्री वा अवयवलाई नै लोकभजनका तत्त्व भनिन्छ । मानवजीवन नै लोकसाहित्यको एउटा पाटो हो भने अर्को पाटो लोकगीत हो । जसमा गेयात्मकता र श्रुतिमधुरता हुन्छ । तत्त्वगत आधारमा हेर्दा भजन लोकगीत अन्तर्गत पर्दछ । लोकगीतको उपभेद भजन हो । जसको प्रस्तुतिका लागि निम्न तत्त्वहरूको आवश्यकता हुन्छ ।

१) संरचना २) लय वा भाका ३) गेयता

४) कथन पद्धति ५) भाषाशैली ६) भक्तिभाव

### ४.१.२.१ संरचना

लोकभजनलाई तत्त्वगत आधारमा अध्ययन गर्दा लोकभजनको संरचना वा त्यसको बनावट फरक-फरक रहेको देखिन्छ । यसलाई विभिन्न भाकामा गाउन सकिन्छ । स्थाननुसार बनोट र बुनोट दुवै यसको संरचना पक्ष हो । लोकभजनको अध्ययन गर्दा यसका विभिन्न संरचक तत्त्वहरू रहेको पाइन्छ । यस क्रममा सानासाना एक पङ्क्तिदेखि रामायणका सातै काण्ड तथा प्रह्लाद भक्ति एवम् श्रीकृष्ण चरित्रका गाथा समेटिने लोकभजन अति लामा बहुपङ्क्ति युक्त हुन्छन्, मुक्त आख्यानका भजन र विविध विषयवस्तुमा आधारित भजन अनि भक्तिका गान मात्र नभएर विरह वेदनामा आधारित आलापीय संरचना भएका भजन पनि थापाठानामा प्रचलित रहेको पाइन्छ । लोकभजन एक जनाले भट्याउने र पुन : रहनी दोहोऱ्याउँदै निरन्तर अगाडि बढी भगवान्को चरित्र वर्णन प्रस्तुत गरिन्छ । सगुण/निगुर्ण र आरतिनै भएपनि एउटा न एउटा रहनी रहेको पाइन्छ । संरचनाको एउटा आधार पङ्क्तिका हिसाबले थापाठाना क्षेत्रका लोकभजनको निम्नानुसार पाउन सकिन्छ ।

**(क) एक पङ्क्ति :** आकारका दृष्टिले एक वाक्यमा नै पूर्णता पाउने भजनलाई यस वर्गीकरणमा समेट्न सकिन्छ । यस्ता भजन वाक्यगत हिसाबले मात्र एकत्व नभइ भावको एकतामा समेत पाउन सकिन्छ । यस्ता खालका भजनमा आरम्भमा विषय उठान र अन्त्यमा भावको अभिव्यक्ति गरिन्छ । भजन गायनका क्रममा बीच बीचमा एक वाक्ययुक्त भजनको उदाहरण यसप्रकार छ । जस्तै :

*जाउँ जाउँ लाग्यो, सबै जाँदा तिरिथ*

*जपिँदैन हरि मनमा पीर नपरी*

*शङ्ख धुनी लाए, कैलाशैमा शिवले*

**(ख) दुई पङ्क्ति :** बाहिरी आकारगत हिसाबले दुई वाक्यको संरचनामा संरचित भई पूर्णता पाउने भजन नै दुई वाक्यका भजन हुन् । यस्ता भजनमा हेर्दा दुई वाक्य भए पनि भावगत एकता हुन्छ । यो यसको विशेषता हो भने पहिलो वाक्यमा उठान दोस्रो वाक्यमा भावको प्रक्षेपण गरिन्छ । जस्तै :

*यो पनि रामको, त्यो पनि रामको*

*सारा संसार रामको, म पनि रामको ॥*

*आज भोलि भन्दा-भन्दै गइसके दिन*

*राम नाम जपन, आउँदैन किन ॥*

**(ग) तीन पङ्क्ति :** वस्तुगत हिसाबले नियाल्दा एक भाव पाइए पनि आकारगत हिसाबमा तीन वाक्यमा विस्तारित भजनहरू नै तीन पङ्क्तियुक्त भजन हुन् । यस्ता भजनमा पहिलोमा विषयको उठान दोस्रोमा विषयको विस्तार र तेस्रोमा भावको स्पष्टोक्ति गरिन्छ । यस क्षेत्रका तीन पङ्क्तिमा संरचित भजन यसप्रकार छन् । जस्तै :

*रामको पैतालामा*

*कदम फूल लेखेको*

*कल्ले होला देखेको*

*बल्लै भेट भयो*

*जुनको र घामको*

*सीताको र रामको*

**(घ) चार वा बहुपङ्क्ति :** आकारका दृष्टिले हेर्दा चार वा बढी पङ्क्तिमा संरचित भजन नै बहुपङ्क्तियुक्त भजनमा पर्दछन् । कम्तीमा चार र बढीमा पुरै रामायणका सातै काण्डमा आधारित आख्यानात्मक भजन हुने यस्ता भजन आख्यान युक्त र मुक्त दुवै पाइन्छन् । यस्ता भजनहरू जति पनि लम्याउन सकिने वर्णनात्मक प्रकृतिका हुन्छन् । बहुपङ्क्ति यस भजनमा आफ्नै प्रिया साथमा कैलाशमा समय व्यक्ति नगरी घुमी हिँड्ने शिवजीलाई कैलाशमा बस्न अनुरोध गरिएको छ । प्रतीकात्मक अर्थमा प्राणप्रीयलाई घरै आफैँसँग बस्न आग्रह गरिएको छ । यस क्षेत्रमा प्रचलित बहुपङ्क्ति युक्त भजनको एक नमुना .....

*भूमेकोत थापाठानाको शिरमा विराजमान*

*सबैजातका आस्था तिमी सबका निशान*

*भूमे तिम्रै चरणमा,*

*पर्छौं नि शरणमा, भूमे तिम्रै चरणमा,*

### ४.१.२.२ लय वा भाका

लोकभजनका लय वा भाका फरक-फरक ठाउँमा फरक हुने गरे तापनि प्रायः एउटै किसिमको जस्तै पाइन्छ । भजन प्रस्तुतिको खास शैली भाका हो भन्न सकिन्छ । लय वा

भाकाले भजनको वास्तविक पहिचान दिएको हुन्छ । भजन पनि लयका आधारमा ठाडो भाका, पर्वते (काली पारे भाका) आँधीखोले भाका, लम्बरी भाका आरति भजन चुड्के वा ख्याली भाका आदि स्थान अनुसार फरकफरक हुन्छन् । थापाठाना क्षेत्रमा अवस्थित विभिन्न भजन समूहका लयलाई यसरी उल्लेख गर्न सकिन्छ :

**(क) जिताकोट (सिम्ले) भजन समूहको लय**

*हरे राम ! हरे कृष्ण ! सधैं भन्ने गर*
*शिरमाथि काल घुमेको कल्लाई थाहा छर ?*
*श्रीरामको, सेवा गर्नु बाबा आमाको*
*कीर्तन गर्नु श्रीरामको ।*

**(ख) हट्टिया (मेहलपोखरी) समूहको लय**

*कृष्ण काले नक्कले मुरली बजाउने, नबजाऊ मुरली*
*मनै लोभ्याउने ।*

**(ग) पतेहार दुर्गा मन्दिर संरक्षण समूहको लय**

*जपम् हरिलाई जपम् हरिलाई*
*यो जिन्दगी भरिलाई जपम् हरिलाई ।*

**(घ) लिमी खनारको लय (आँधीखोले लय)**

*खोई बाटो खनेको स्वर्ग जाने भनेको, स्वर्ग जाने भनेको ।*

**(ङ) भैँडाबारी अलैंचे समूहको लय**

*सीता लिई राम वनबास जान लाए*
*म नि जान्छु, दाजै भनी लक्ष्मन साथमा आए ।*

**(च) मैदान समूहको लय**

*मुरलीको धुनले,*
*सोह्र सय गोलेनीलाई वृन्दा वन झारे*
*फेरि तिनै कृष्णले अलपत्रै पारे, अलपत्रै पारे ।*
*कृष्ण थिए काले, राधा थिइन नक्कले- १४*

### ४.१.२.३ गेयता

यस क्षेत्रमा भजन गीत मीठो तरिकाले गाउँने भएकाले भजनको गेयतालाई तत्वका रूपमा लिइएको छ । गेयता गीतको मूल तत्त्व हो (थापा : २०६६ : ४५) । भजनको शैलीलाई प्रवाहित गरी भक्तजन श्रोतावर्गमा श्रुतिमधुरता वा प्रभाव पार्ने आवश्यक तत्त्व हो गेयता । गेयताले नै भजनलाई रसले भिजाइ श्रोतावर्गमा प्रभाव वा मोहित पार्न सक्छ । लोकभजनमा गेयतालाई भाका, रहनी, चरण थेगो, पुनरावृत्ति वा चरण साथै रिटक अनुकरणात्मक शब्द, उद्गारबोधक शब्द र निपातको प्रयोगले पनि गेयतालाई थप शक्ति प्रदान गर्छ ।

### ४.१.२.४ कथन पद्धति

लोकभजनलाई कथ्यका रूपमा प्रस्तुत गर्ने रीति वा ढाँचा कथन पद्धति हो । आफ्नो मनको अनुभूति वा विचार व्यक्त गर्ने तरिका कथन पद्धति हो । यसरी मानव मनमा भक्ति भावना, चिन्तन उर्लेर आउँदा वर्णनात्मक एवम् नाट्यात्मक रूपबाट पनि अभिव्यक्त हुन्छ । यो नै भजनको कथन पद्धति हो ।

### ४.१.२.५ भाषाशैली

लोकसाहित्यका अन्य विधाका माध्यम भाषा भए जस्तै लोकगीतको माध्यम पनि भाषा हो । ठाउँ क्षेत्र र परिस्थितिनुसार भाषाशैली पनि फरकफरक रूपमा प्रयोग भएको पाइन्छ । संसारमा नेपाली भाषा भाषिका जस्तै आफ्नै भाषा छन् । गीतको भाषा, बोलेचालीको भाषा र लेख्य भाषा भन्दा फरक पाइन्छ । त्यसैले यसमा झर्रा स्थानीय र सग्ला शब्दको बढी प्रयोग हुन्छ । भाषा भावलाई साकार पार्ने तत्त्व भएकाले यसलाई लोकगीतको तत्त्व मानिन्छ ।

### ४.१.२.६ भक्तिभाव

लोकभजनमा भक्तिभाव केन्द्रीय कथ्य वा आत्म हो, कुनै परिवेश वा घटनाले भावको सृजना हुन्छ । भक्तिभावले नै लोकभजनमा प्राण भरेर जिवन्त पार्दछ । यसमा लोक समूदायका दुःख-सुख, हर्ष-विस्मात्, प्रेम, मिलन-विछोड, हार-जीत जस्ता भावहरूको सहज र स्वभाविक भाव व्यक्त भएको पाइन्छ । भावनामा नडुबी भक्ति हुँदैन । जब डुबिन्छ तब

अन्तरमनबाट मूलभावको प्रवाह सशक्त रूपमा हुन्छ । यो मानव आस्थासँग जोडिएको हुन्छ । भाव र विचारको अभावमा यसले मूर्त रूप लिन सक्दैन । त्यसैले भक्तिभावलाई अनिवार्य तत्त्व मानिन्छ ।

### ४.१.३ लोकभजनका गौण तत्त्वहरू

लोकभजनका मुख्य तत्त्व मात्र नभइ लोकभजनलाई श्रुतिमधुर एवम् प्रभावकारी बनाउन चाहिने तत्त्व नै लोकभजनका सहायक तत्त्व हुन् । लोकभजनमा यी तत्त्वको अनिर्णयता नगानिय पनि समावेश गरिएमा सुनमा सुगन्ध भएको मानिन्छ । विशेषतः बाद्यवादनका साधन नृत्य र थेगो वा रहनीलाई समावेश गरी लोकभजन सुमधुर बनाउन सकिन्छ ।

#### सङ्गीत

लोकभजन गाउनका लागि भाका लय शैली पद्धति संरचना जस्तै सङ्गीतका साधनलाई भजनको महत्त्वपूर्ण तत्त्वका रूपमा लिइन्छ । लोकभजन सङ्गीत विना अधुरो र अपुरो मानिन्छ । सङ्गीतले कतिपय अवस्थामा लोकभजनको पहिचान दिलाउँछ भने सङ्गीत भित्र नृत्य पनि पर्दछ । लोकभजनलाई साङ्गीतिक उत्कर्ष झङ्कार दिनका लागि खैंजडी, मुजुरा करताल, झुर्मा झ्याली, मादल, बाँसुरी विनायो, शङ्खघण्ट, एकतारे डमरु, तबला, हार्मोनियम र कतै अक्टोप्याड जस्ता बाजाको संयोजनमा गाएको लोकभजन प्रिय र श्रुतीमधुर हुने हुँदा बाद्यवादन बिना भजन अधुरो हुन्छ यसर्थ भजनमा बाद्यवादनको भूमिका रहन्छ ।

#### नृत्य

लोकभजनमा नृत्य अनिवार्य होइन तर भगवान्को भक्तिमा भक्त लिन भएर नाच्ने गर्दछन् त कतिपय ठाउँमा भजन लाग्ने गर्दछ । उनीहरूको आत्मप्रति भावमा सञ्चार भएर झुल्ने गर्छन् । जसलाई भजन उत्रेको वा लागेको पनि भनिन्छ । लोकभजनको भाव, लय र भाकाको प्रवाहसँगै नृत्यको समिश्रणले लोकभजन अर्थपूर्ण र दर्शकलाई भक्ति भावमा तादात्म्यता प्रदान गर्दछ । यसर्थ पनि लोकभजनमा नृत्यको अहम् भूमिका रहन्छ ।

**थेगो वा रहनी**

लोकभजनमा थेगो वा रहनी दुवै अनिवार्य तत्त्व होइनन् तर पनि यिनको प्रयोगविना भजनमा निरसता भेटिन्छ । अर्थहीन रूपमा रहेको भनिएको थेगोले लोकभजनलाई सुमधुर प्रभावकारी बनाई सम्प्रेषणमा अहम् भूमिका खेल्दछ । लोकभजन गाउने समयमा प्रत्येक टुक्काको अगाडि बोलिने हे, हे भगवान्, ए, ए हरि, हा, हाहा हो हो जस्ता साना थेगो र कहिलेकाहीँ अर्थयुक्त पदावलीलाई रहनीका रूपमा प्रयोग गर्न सकिन्छ, जसले लोकभजनलाई निकै मिठास र श्रुतिमधुर बनाएको पाइन्छ ।

उपर्युक्त प्रमुख तत्त्व र गौण तत्त्वको संयोजनबाट नै लोकभजन सुसङ्गठित श्रुतिमधुर र कर्णप्रीय बन्दछ । थापाठाना क्षेत्रका लोकभजन यिनै तत्त्वबाट निर्माण भएको कुरा अनुसन्धानले देखाउँछ ।

### ४.१.४ साहित्यका अन्य विधासँग लोकभजनको सम्बन्ध

लोकसाहित्य एउटा परिवार हो, भने लोकभजन परिवारभित्रको एक सदस्य हो । त्यसकारण लोकभजनको अन्य विधासँग पनि प्रत्यक्ष अप्रत्यक्ष समानता पाइन्छ । विविध विधाको आ-आफ्नै पहिचान भए पनि माध्यम फरक हो र वास्तविक धरातल भने सबै विधाको मिल्न जान्छ । कतिपय कुरामा असमानता हुनु स्वभाविक हो तर प्रायः समानता नै पाइन्छ । लोकसाहित्यका लोकगाथा, लोककविता, लोकनाटक, लोककाव्यसँग जस्तो सम्बन्ध लोकभजनसँग पनि रहेको पाइन्छ ।

**लोकभजनसँग लोककथाको सम्बन्ध**

लोककथामा लोक जीवनका विभिन्न घटना आख्यानात्मक रूपमा वर्णन गरिने र लोकभजनमा आख्यानले नै ठाउँ पाउँछ । लोककथा पाठ्य श्रव्य हुन्छ भने लोकभजन गेय श्रव्य हुन्छ । लोककथामा विषयवस्तु पात्र, स्थान, परिवेशको व्यापक चर्चा हुन्छ भने लोकभजनमा अलि कम चर्चा हुन्छ ।

**लोकभजनसँग लोकगाथाको सम्बन्ध**

लोकभजन र लोकगाथा दुवैमा आख्यान पाइने हुँदा धेरै समानता पाइन्छ तर लोकगाथा विषय वस्तुप्रधान हुन्छ भने लोकभजन गेय प्रधान हुन्छ । लोकभजनमा स्थायी र अन्तराको निरन्तरता रहन्छ भने, लोक गाथामा अन्तरा स्थायी हुँदैन ।

**लोककवितासँग लोकभजनको सम्बन्ध**

जनजीवन र जन परिवेशलाई प्रतिनिधित्व गर्ने लोकको विश्वासलाई सामाजिक धार्मिक भौगोलिक, सांस्कृतिक तहबाट पनि प्रतिनिधित्व गर्ने दुवै लोक कविता र लोकभजनबीच साम्य वैषम्य देखिन्छ । यस अवस्थामा लोकभजनमा स्थायी र अन्तरा हुन्छन् तर लोक कविता सामान्य आख्यान हुन्छ । कवितामा छन्द मुख्य हुन्छ भने लोकभजनमा लय मुख्य हुन्छ । लोकभजन गेय हुन्छ भने कविता पाठ्य हुन्छ ।

**लोकनाटकसँग लोकभजनको सम्बन्ध**

लोकसाहित्यको एउटा सदस्य लोक नाटक विशेषत दृश्यप्रधान भई अभिनयसँग सम्बन्धित हुन्छ । यसमा कथावस्तु, पात्र, मञ्च, गीत, नृत्य, अभिनय आदि रहन्छन् । लोकनाटक मूलतः रङ्गमञ्चमा प्रस्तुत गरिन्छ भने लोकभजन श्रव्य प्रधान हुने सामूहिक रूपमा वाद्यवादनको झङ्कारसँगै नृत्यसहित प्रस्तुत गरिन्छ । दुवैमा आख्यानात्मकता आए पनि लयले लोकभजनलाई लोक नाटकबाट छुट्याएको पाइन्छ । उपयुर्क्त लोकभजन र अन्य विधासँगको सम्बन्धलाई अनुसन्धान गर्दा सबै विधामा आख्यानात्मकता आवश्यक देखिन्छ ।

**४.१.५ लोकभजनका विशेषता**

लोकभजन लोक जीवनको रागात्मक प्रतिबिम्ब हो । मानवीयमनको अन्तस्करणदेखि स्वतः स्फूर्त रूपमा प्रस्फुटित लयात्मक अभिव्यक्ति हो । ईश्वरीय शक्तिमा आस्तिक भक्तिभाव अवतारको तथा चित्रमा दयामाया, परोपकार मानवीय संवेदना एवम् धार्मिक मान्यताको भाव झल्किने भक्तिगीत नै लोकभजन हो । पत्थर जस्तो कठोर मन भएकालाई रागात्मक भक्तिभावबाट पगाली सहृदयी, हितैषी आस्था जगाउनु लोकभजनको प्रमुख विशेषता हो । लोकभजन मूल पाठको अभाव भएका आधुनिक काव्यशास्त्रीय मान्यता पूर्ण रूपमा पालना नगरिएका गुणले भरिपूर्ण नभएका लोकरचना हुन् । लोकभजनका गायकहरूले सङ्कलनर संरक्षण गर्दै आएको पाइन्छ । लोकभजनका विशेषतालाई जनाउने क्रममा आ-आफ्नै तरिकाले परिभाषा दिएका छन् । ती सबै परिभाषामध्ये अध्येता उत्तमकुमार पराजुली र कुसुमाकर न्यौपानेका परिभाषालाई आधार मानेर यस क्षेत्रका लोकभजनका विशेषतालाई चर्चा गर्नु उपयुक्त देखिन्छ ।

उत्तमकुमार पराजुलीका अनुसार व्यक्त भएका केही गद्यभाग लोकभजनका विशेषतालाई वाद्यवादनयुक्त लय मुखरित हुनु नृत्यको संलग्नता हुनु, रहनी हुनु, चरण वा बोलीको स्थान हुनु, देहधारी ईश्वर निराकार शक्तिको उपासना गरिनु, इतिहासमूलक हुनु, भाषा सरल र सुबोध हुनु (पराजुली, २०४९ : १०४) भनी स्थानीयता र देव स्तुति हुने बताएका छन् । यसैगरी कुसुमाकर न्यौपानेले भक्ति भावको प्रधानता, आख्यानात्मकता, संरचनागत विविधत, गायनको ढिलोपना, निश्चित जातिमा प्रचलित नृत्य र वाद्यवादनको प्रयोग, अनेक थेगोको प्रयोग हुनु भन्दै यसका विशेषता उल्लेख गरेका छन् (न्यौपाने, २०६० : ५३) । त्यसैगरी भजनका विशेषताका सन्दर्भमा सामूहिक भाव, भूमि, मौखिक परम्परा, भाकाका अनेक रूप, लयात्मक अभिव्यक्ति, समाजमा हस्तान्तरण, मानव हृदय प्रफुल्यता, स्थानीय भाषाको छाप, नाम जोड्ने प्रवृत्ति, भाषामा पुनरावृत्ति, स्वच्छन्द, रसात्मक र उपदेशात्मकता, मौलिकता त्यसैगरी भाकामा अनेकता, यथार्थता, काल्पनिकता जस्ता कुरा मात्र यसका विशेषता नभएर बालक देखि वृद्ध उमेरका व्यक्तिलाई शान्ति प्रदान गर्ने आत्मियता र सद्भावना प्रकट गर्ने विशेषता पनि देख्न पाइन्छ । यिनै परिभाषाका आधारमा लोकभजनका विशेषतालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :

### (क) मौखिक एवम् श्रुतिरम्य परम्परामा आधारित

अलिखित सम्पदा लोकभजन कुनै लिपि र लेख्य भाषामा हुर्केको साहित्य होइन । छापाखाना र लिपिको आविष्कार पूर्व वैदिक कालबाट प्रचलित श्रुतिरम्य परम्परामा जीवित रहेको हो । भन्ने सुन्ने चलनबाट लोकमा प्रचलित लोकभजन लोकका अनुष्ठान एवम् व्यवहारमा एक पुस्ताबाट अर्को पुस्तामा नासोका रूपमा सर्दै आएको पाइन्छ । वक्ताले गाउने श्रोताले सुनी ग्रहण गर्ने हुँदा लोकभजन मौखिक परम्परामा जीवित रहेको छ ।

### (ख) बौद्धिकता भन्दा हार्दिकताको प्रधानता

वर्तमान आधुनिक साहित्य जस्तो सचेत रूपमा विभिन्न वाद व सिद्धान्तलाई पक्ष पोषण गर्ने उद्देश्यले नभई लोकको स्वतः स्फूर्त रचना भएको हुँदा यसमा हृदय पक्ष सबल रहेको हुन्छ । लोकभजनमा बौद्धिकता कम र हार्दिकता बढी पोखिएको हुन्छ । यो आजको काव्य शास्त्रीय गुण र शिल्पले सजिएको हुँदैन बरु हृदय निःसृत अकृत्रिम हुन्छ ।

**(ग) सरल एवम् सहज**

बौद्धिकताको प्रभाव कम र हार्दिकता बढी हुने लोकभजन पठितापठित तत्कालिन ग्राम्य जीवनको उपज भएकाले सरल र सहज हुनु स्वभाविक मानिन्छ । वास्तवमा आजको जटिल जीवनको भन्दा लोकको सरल जीवनको प्रतिनिधित्व गर्ने लोकभजन कुनै वाद, धारणा वा सिद्धान्तमा आधारित रहेर परिष्कार गर्दै नरचिने हुँदा सरल र बोधगम्य हुन्छन् ।

**(घ) लयात्मक एवम् सङ्गीतात्मक**

लोकभजन विभिन्न लोक बाजाहरू प्रयोग गरी गेयात्मक शैलीमा प्रस्तुत गरिने हुँदा यसको अभिव्यक्ति लयात्मक हुन्छ । लयविना लोकभजनले पूर्णता पाउन सक्दैन । लयलाई थप प्रभावकारी सम्प्रेषणीय र मधुर बनाउन लोक बाजाको आवश्यकता पर्दछ । लय नृत्य र वाद्यको त्रिसंयोजनबाट लोकभजन बनेको हुन्छ ।

**(ङ) सामूहिक अभिव्यक्ति**

लोकभजनको रचनाकार अज्ञात हुने भएकाले यो लोकको सामूहिक अभिव्यक्ति हुन जान्छ । यसको रचनाकार आरम्भकर्ता कोही एक हुन सक्छ तर सिर्जना गरेपछि सम्पूर्ण लोकले आफ्नो मान्छ र रचनाकारको विलय हुन्छ । यसर्थ व्यक्तिबाट सामूहिक बन्न पुग्ने लोकभजनको वास्तविक सर्जक यही लोक नै हो । अतः लोकभजनका गायक वास्तविक सर्जक नभएर केवल सङ्कलक मात्र हुने लोकभजन समाजका साझा सम्पत्ति हुन् ।

**(च) परिवर्तनशील एवम् प्रमाणित मूल पाठको अभाव**

सुनेर रमाउने परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाँदा गायक र श्रोताका बीचमा सङ्केतन र विसङ्केतनका प्रक्रियामा केही अंश छुट्न वा फरक पर्न जाँदा पहिलेको अवस्थाबाट लोकभजन केही मात्रामा भए पनि परिवर्तन भएको हुन्छ । विभिन्न ठाउँबाट भजन पनि समयको अन्तरालमा फरक-फरक बन्न पुग्छ । भजनका एक भन्दा धेरै पाठ पनि पाइने र वास्तविक सर्जक पनि नहुने हुँदा प्रमाणित मूल पाठको अभाव हुन जान्छ । यसको मूल स्वरूपमा परिवर्तन नभए पनि सामायिक प्रभाव पाइने लोकभजनले लिप्यन्तरण पछि भने परिवर्तनशीलताको गुणलाई गुमाएको पाइन्छ ।

**(छ) आख्यानयुक्त लामा भजन तथा विलम्वित लययुक्त**

प्रायः लोकभजन कथ्य वा आख्यानयुक्त हुन्छन् तर कुनैमा भने आख्यानमुक्तताको अवस्था पनि रहेको पाइन्छ । उपजीव्य ग्रन्थ, लोकमा प्रचलित विभिन्न आख्यान लोकरामायण, पञ्चतन्त्र आदिमा आधारित हुने र तिनकै नैतिक आएको हुन्छ । पुरै रामायणका काण्डसमेत लोकभजनमा आएको पाइन्छ । अतः लोकभजन आख्यानले गर्दा लामा हुन्छन् भने लय गीतका हिसाबले प्रायः विलम्वित लयमा गाइन्छन् ।

**(ज) लोकतत्त्व युक्त एवम् क्षेत्रीय प्रभाव**

स्थानीय भाषा, कला र संस्कृतिको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव लोकभजनमा परेको हुन्छ । लोकभजनको मूल स्वरूप सबैतिर उस्तै भए पनि लोक भाषा, बोलीचालीका स्थानीय शब्द, थेगो रहनी आएका हुन्छन् भने स्थानीय मठ मन्दिर शक्तिपीठ र संस्कृतिको रङमा घुलमिल भएर लोकभजन प्रस्तुत हुने हुँदा क्षेत्रीय प्रभाव रहन्छ ।

**(झ) मङ्गल पुकार र सन्देशमूलक**

लोकभजन भगवान्को धार्मिक कार्य सम्पन्न गरिसकेपछि राति जाग्राम बसेर गाइने भक्ति गीत भएकाले भजनको सुरुमा इष्ट देवदेवीको मङ्गल पुकार गरी सुरु देखि अन्त्यसम्म कुनै विध्नबाधा आइ नपरोस् भन्ने कामना गरिन्छ । प्रायजसो भजनको अन्त्यमा सन्देशलाई संयोजन गरी भजनको अन्त्य गरेको पाइन्छ । लोकलाई आफ्नो धर्म संस्कृतिबाट विमुख हुन नदिन र समाजलाई सत्सङ्गतमा लगाउन लोकभजनमा सन्देश समावेश गरिएको हुन्छ । लोकलाई धार्मिक एवम् आध्यात्मिक बन्धनमा बाँधेर नैतिक पतनबाट जोगाइ भगवान्को भजन कीर्तनमा लीन बनाउने उद्देश्य लोकभजनले लिएको पाइन्छ ।

**(ञ) प्रेम, भक्ति र शान्त रसको प्रधानता**

लोकभजनमा भगवान्प्रति भक्तको असीम श्रद्धा भक्ति र प्रेमले स्थान पाएको हुन्छ । ईश्वरमा समर्पित हुने प्रवृत्ति लोकभजनमा पाइने हुँदा अटुट भक्ति राखेर गाउँने गरेको पाइन्छ । भगवान्को कृपा पाएमा यस लोकमा आनन्द भोग र परलोकमा मुक्ति पाइने जनविश्वास रहेको पाइन्छ । भगवान्का मायामोहनीका प्रसङ्ग आए पनि उमेर पुगेका वृद्धवृद्धाको प्रिय लोकभजनमा प्रायः शान्त रसको प्रधानता रहेको पाइन्छ ।

**(ट) निष्कर्ष**

धार्मिक कार्यका अवसरमा सम्पूर्ण भगवान् र इष्टदेवप्रति असीम श्रद्धा र विश्वास प्रकट गरी गाइने भजनमा मौखिकता, स्थानीयता, हार्दिकता सामूहिकता, परिवर्तनशीलता जस्ता गुण रहन्छन् । निश्चित जाति विशेषमा मात्र प्रचलित लोकभजनमा भक्तिमय सुमधुर शान्त रसको प्रधानता, आख्यानयुक्तता, मौलिकता एवम् सन्देशयुक्तता र विभिन्न भाषिक प्रभाव रहेको पाइन्छ । यसरी, लोकभजनमा बारेमा रचनामा ज्ञात तथा अज्ञात हुनु युगौंदेखिको उर्वरताको रूपमा पनि लोकभजनका विशेषता भएको मान्न सकिन्छ । एउटै विषयमा पनि फरक-फरक लय वा भाकाबाट समय सापेक्ष प्रस्तुत गर्न सक्नु यसको आफ्नै मौलिक विशेषता रहेको पाइन्छ । त्यसैले यी माथिका विशेषताहरूको अध्ययनले लोकभजन लोकजीवनको गतिशील भाव प्रवाहमा निरन्तर बगिरहने सङ्गीतात्मक ढुकढुकी बनेर रहेको कुरालाई नकार्न सकिँदैन ।

**४.१.६ लोकभजनको वर्गीकरण**

लोकभजन लोकसाहित्यमा लोकगीतको उपविधाका रूपमा गौण भएर आएको छ । युगौं देखि श्रुति स्मृति परम्परामा अगाडि बढेको मात्र होइन केही थपिँदै र केही घटिँदै त केही नवीन बान्कीमा र केही प्राचीन परिपाटी मै हुर्कदैं आएको छ । ऋग्वेददेखि यो अविछिन्न छ । त्यसैले यसको आदि र अन्त्य सीमा छैन (कोइराला, २०५५ : १९) । धार्मिक महत्त्वको मान्यता दिने नेपाली सनातन परम्पराका साथै विविध सांस्कृतिक, धार्मिक मेलापर्वले हाम्रो हरेक ठाउँको परिवेशमा रमाइलोका लागि धर्म इतर विषयवस्तुमा आधारित लोकभजन धार्मिक भावसँग गाइन्छ । जन्मदेखि मृत्युपर्यन्त वा बालकदेखि वृद्धासम्मका व्यक्तिले गाउने भजन लोकसाहित्यको लोकगीत अन्तर्गतको गौण बनाएर अध्ययन गरिएता पनि केही विद्वान्हरूले भजनलाई विभिन्न प्रकारबाट वर्गीकरण गरेको पाइन्छ । जसको संक्षिप्त चर्चा यहाँ गरिन्छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले लोकभजनलाई चार भागमा बाँडेका छन् (थापा र सुवेदी, २०४१ : १३३) ।

१) चुड्के भजन २) लम्बरी भजन ३) प्रभाती भजन ४) आरति भजन

उत्तम कुमार पराजुलीले भजनलाई लोकभजन र शास्त्रीय भजन गरी २ भागमा त्यस्तै शास्त्रीय भजनमा सगुण र निर्गुण गरी २ भागमा बाँडेका छन् । गायन गतिका आधारमा

भने भजनलाई १) लस्के भजन २) चुड्के भजन ३) वाणी भजन र अर्को तर्फ आरति भजन र भिम्मलु भजनको पनि चर्चा गरेका छन् (पराजुली, २०४९ : १०२-१०५) ।

- शम्भूप्रसाद कोइराला पनि नेपालका प्रचलित भजनलाई चार प्रकारका देखिन्छन् भन्दै थापा र सुवेदी कै नामावली दोहोऱ्याएका छन् (कोइराला, २०५५ : ६३) ।
- कृष्णप्रसाद पराजुलीले भजन वर्गीकरणको शीर्षक नराखे पनि थापा र सुवेदी कै वर्गीकरणका आधारमा उदाहरण सहित व्याख्या गरेका छन् (पराजुली, २०५७ : २३५) ।
- चूडामणि बन्धुले भजनलाई दुई भागमा लम्बरी भजन र चुड्का भजन गरी वर्गीकरण गरेर उल्लेख गर्दै उदाहरण दिएको पाइन्छ (बन्धु, २०५८ : २५३) ।
- कुसुमाकर न्यौपानेले भजनलाई १) रामायण २) महाभारत भजन ३) कृष्ण चरित्र भजन ४) निर्गुण भजन ५) पुराण भजन गरी ५ प्रकारले वर्गीकरण गरेको पाइन्छ भने यसैमा कीर्तनको हरेराम, हरे श्याम, जय दुर्गे, जय काली, जय राम्भु रघुपतिराधव, श्रीमान नारायण र सीतराम, गोपाल नामको गरी ९ प्रकारका भेट्न पाइन्छ (न्यौपाने, २०६० : ५३,३१) ।
- श्रीकृष्ण गौतमको गरिमा वर्ष ४, अङ्क ९ पूर्णाङ्क ४५ भदौ २०४३ मा प्रकाशित पश्चिमाञ्चलको लोकभजन र लोकगीत शीर्षकमा संस्कृति अन्तर्गत लोकभजनका अनगिन्ती किसिम भए तापनि थाहा पाएका यी मात्रै हुन भनी निम्न ९ प्रकारका उल्लेख गरेको पाइन्छ । १) नामकीर्तन २) चुड्का ३) निर्मूल भजन ४) रामायण ५) कृष्ण चरित्र ६) आरति७) बालन ८) सोरठी ९) मालश्री (गौतम : २०४३ : ६२, ६३) ।

गुल्मी जिल्लामा भजनलाई विषयवस्तु, गुण गायन गति, सम्प्रदाय, समय, शुरु र अन्त्यका आधारमा वर्गीकरण गरेको पाइन्छ । त्यस्तै भरतपुरतिर विषयवस्तु प्रस्तुति क्षेत्र वा स्थान । लय भाकाका आधारमा वर्गीकरण गरेको पाइन्छ । यसरी गुल्मी जिल्लाका लोकभजनका शोधकर्ता र भरतपुर क्षेत्रका भजनका शोधकर्ताको भने शोधमा मिल्दो जुल्दो नै भेटियो । त्यसैगरी कास्कीकोट क्षेत्रका भजनका शोधकर्ताको भने मंगलाचरण, आरति, लम्बरी, प्रभाती, मालाश्री खेली र नामकीर्तनमा आधारित भजन भनी सात प्रकारले वर्गीकरण गरेको पाइन्छ ।

माथिका भजनका वर्गीकरणलाई हेर्दा भजनको वर्गीकरणको सम्बन्धमा धर्मराज थापा र हंसपुरे सुवेदीको वर्गीकरणको प्रयास, प्रथम र मौलिक रूपमा वर्गीकरण हुन पुगेको तापनि हाल लोकभजनलाई विभिन्न देवीदेवताहरूको नाममा वर्गीकरण गरेको पाइन्छ ।

## ४.२ थापाठाना क्षेत्रमा सङ्कलित लोकभजनको वर्गीकरण

नेपाली साहित्यका विविध विधा अन्तर्गत लोकगीत पनि एक चर्चित र महत्त्वपूर्ण विधा हो । यही लोकगीत विधाको उपविधाको उपभेदका रूपमा भजन रहेको छ । भजनको अर्थ भक्तजनहरूले देवीदेवताको गुणगान बरबान्दै रसिलो र गेयात्मक पाराले गाइने एक प्रकारको अभिव्यक्ति भन्ने बुझिन्छ । साहित्य क्षेत्रमा लोकसाहित्यले महत्त्वपूर्ण विशेषता लिएको छ । जुन उत्तराधिकारीका रूपमा लोक जनमानस बीच उत्पत्ति र विकसित हुँदै गएको देखिन्छ । भजनको शाब्दिक अर्थलाई हेर्दा कुनै पनि आराध्य देव देवी वा गुरुजन आदिप्रति लीन भई उनीहरूकै शक्ति एवम् सुन्दरताको महिमा गीतिलयमा भन्नु भन्ने हुन्छ । त्यसै गरी लोकभजनले लोक मङ्गलका लागि र सुव्यवस्थाका लागि भक्ति र शान्त रसमा आधारित भए पनि यस भित्र प्रशस्त मनोरञ्जन रसात्मक वातावरणको आमन्त्रण हुनु पनि स्वभाविक देखिन्छ । लोकभजन लोकगीत र झ्याउरे आदि भन्दा फरक पहिचान राखेर सङ्गीतको लय एवम् ताल दिन वा सुनमा सुगन्ध भर्न खैंजडी मुजुरा नै बढी प्रयोगमा आएको पाइन्छ । मुख्य एक जनाले सुरु गरेर अरुले तालमा ताल लयमा लय मिलाई साथ दिन्छन् ।

*जपम् हरिलाई जपम् हरिलाई*
*यो जिन्दगी भरिलाई जपम् हरिलाई ।*

विशेष गरी भजन कीर्तन चुड्का जसरी गाए पनि मूलतः ब्राह्मण, क्षेत्री समुदायका मानिसहरूले गाउने गरेको पाइन्छ । विभिन्न भाषाभाषी र धर्म संस्कृतिको देश नेपालमा भजन मुलुककै अधिकांश भू-भागमा गाउने गरिए पनि यसको उर्वराभूमि भनेर लोकसाहित्यका अध्येयताहरूले धौलागिरी, गण्डकी, लुम्बिनी र बाग्मतीलाई समेत लिएको पाइन्छ । भजन चुड्काहरू धार्मिक दृष्टिले मोक्ष प्राप्ति मानव कल्याणका लागि गाइने हुँदा धौलागिरी अञ्चलमा पर्ने पर्वत जिल्लाको दक्षिण भेगको थापाठाना विभिन्न जात जातिको मिश्रित बसोबास भएको क्षेत्र हो । विभिन्न मन्दिर कोटसँग रहेको ऐतिहासिक चिनारी अझै पहिचानको रूपमा चलनचल्तीमा रहेको देख्न पाइन्छ । विभिन्न जातजाति भाषाभाषी

बसोबास गर्ने यस क्षेत्र विभिन्न ऐतिहासिक मठ मन्दिर र देवल देख्न पाइन्छ भने दृश्यावलोकनका लागि पनि महत्त्वपूर्ण मानिन्छ । यस क्षेत्रमा अन्य कुराहरूको खोजी नीति भएपनि अनुसन्धानका अभावले लोकभजनको नाम अनुसन्धानकर्ताको टिप्पणीमा समेत उल्लेख नहुनु दुःखको कुरा हो पुर्खाको नासोका रूपमा रहेको लोकभजन लोपोन्मुख अवस्थामा पुग्न लागेकाले यसैको जगेर्ना गर्ने हेतुले भजनको अध्ययन अनुसन्धान र संरक्षण आवश्यक देखिएको छ । अझै पनि यस क्षेत्रमा भजनको महत्त्व झल्काउने सामग्री सङ्कलनगर्न सकिन्छ भन्ने विश्वास लाग्दछ । पर्वतको थापाठाना क्षेत्रलाई अध्ययन केन्द्र बनाएमा प्राचीन कालदेखिका लय र भाकामा रहेका गेयात्मक श्रव्य सामग्री पुरानो पुस्तासँग लोपोन्मुख अवस्थामा पुग्न थालेको महशुस गरी संरक्षण गर्नका लागि यो प्रयास गरिएको हो ।

मानव जातिको विकासको क्रममा मानवीय भाकाको आदान प्रदान गर्ने क्रममा लोक जीवनले फड्को मार्न थाल्थ्यो । यो क्रम नेपाली जनमानसमा पनि अगाडि बढ्ने क्रम जारी रह्यो । क्रमशः वैशाखबाट चैत्रसम्म मनाइने चाडपर्व धर्म संस्कार मन्दिरमा गीतका माध्यमबाट गाउने क्रम जारी रहँदै आएको पाइन्छ । यसका साथै भजनहरू पनि रचिएर गाउन पनि थाल्यो । विविध पहिचान र अस्तित्व कार्य जोगाउने कार्य गर्ने क्रममा बाल्य अवस्थाबाटै मानिस यसमा बढी प्रभावित भएर सुनेका कुरा गुनगुनाएर केही रच्न र केही थप्न र यसको तालमा विभिन्न नृत्यहरू प्रस्तुत हुन थाल्यो ।

लोकभजन विशेष गरी ब्राह्मण र क्षेत्रीले लामा स्वर लहरीमा गाउने गर्छन । पर्वत जिल्लाको दक्षिण भेगमा पर्ने थापाठानामा लोकगीतको उपविधा लोकभजनको निकै प्रभाव परेको देखिन्छ । थापाठाना क्षेत्र सिम्ले, मेहलपोखरी, भैँडाबारी, कटुजे, मैदान, खनारतिर प्राचीन कालदेखि गेयात्मक रूपमा चलिआएका भजनका अंशहरू उपलब्ध कति हुन सके कति भएका छन् । ती सबै लोकभजन जनजिब्रोमा मात्र सीमित रहेका छन् कुनै लिखित पाण्डुलिपि छैन त्यसैले यस्ता लोकभजनहरू हराउँदै गएको अनुभव गर्न थालिएको छ भने हराउँदै जाने पनि हुन सक्ने अनुमान गर्न सकिन्छ ।

थापाठाना क्षेत्रतिर प्रायः गरेर चाडपर्व, पूजा पाठ, सप्ताह, एकाह, चौरासी, रुद्री अनुसार दिनमा एक छिन आरतिको बेला हरे राम हरे राम राम राम हरे हरे कीर्तन र बेलुका भजन गाउने चलन छ । अध्ययन गर्ने अध्येताहरूले देखाएता पनि लोकसाहित्यका पारखी तथा त्यसका अन्वेषकहरूबाट भजन भनेको यही हो भनी किटानी गरी परिभाषा

दिएको भेँटिँदैन । त्यसैले यस अध्ययनको सिलसिलामा भजनलाई यसरी परिभाषित गरिगको छ । भजन भन्नाले लोक परम्परामा जीवित रहेका धार्मिक वा सांस्कृतिक विषयवस्तुमा आधारित लामा छोटा लयमा गाइने भक्तिपरक गीतहरू नै भजन हुन् ।

धार्मिक चाडपर्वमा भक्तिभावानाका साथ खैँजडी, मुजुरा, मादल, बाँसुरी वा मुरलीका एवम् हार्मोनियमका तालमा लामो भाकामा गाउने भजने टोलीलाई थापाठानामा भौत वा भौती भन्ने चलन छ । भक्तिको अपभ्रंश भएर भौती भएको बताइन्छ । भजनेटोलीले कर्ताहरूको निमन्त्रणामा यसको आयोजना र समयनुसार घरको भित्र खुला ठाउँमा वा बाहिर पनि गाउँने गरिन्छ । जसले मनोरञ्जनका साथै भक्ति भावना प्रदान गरेको पाइन्छ ।

**थापाठाना क्षेत्रमा प्रचलित भजनको वर्गीकरण यस प्रकार**

**(१) आरति भजन**

क) दशम आरति

ख) तुलसी आरति

ग) जय जगदिश हरे आरति

घ) आरति भजन

ङ) सन्ध्याकालीन आरति

च) तीर्थ आरति

छ) हरेराम आरति

**(२) ठाडो भजन**

क) चुड्का ठाडो

ख) खेली ठाडो

ग) लम्बरी भजन

**(३) वैराग्य भजन**

**(४) गुण भजन**

क) सगुण भजन

ख) निर्गुण भजन

**(५) आख्यान भजन**

क) आख्यान युक्त

ख) आख्यान मुक्त

**(६) अखण्डे भजन (नाम सङ्कीर्तनमा आधारित भजनहरू**

**(७) विविध देव भजन**

(क) गणेश भजन

(ख) शिव भजन

ग) विष्णु (नारायण) भजन

(घ) सरस्वती भजन

(ङ) दुर्गा भजन

(च) स्वस्थानी भजन

(छ) कृष्ण भजन

(ज) राम भजन

(झ) खेली गोलेनी भजन

(ञ) हनुमान भजन

(ट) अन्य भजन

**८) माया प्रेममा आधारित भजनहरू**

**थापाठाना क्षेत्रका लोकभजनको वर्गीकरण**

- आरति भजन
  - क) गणेश आरति
  - ख) जयजगदीश आरति
  - ग) आरति भजन
  - घ) सन्ध्याकालीन आरति
- ठाडो भजन
  - क) चुड्के ठाडो भजन
  - ख) खेली भजन
  - घ) लम्बरी भजन
- वैराग्य भजन
- गुण भजन
  - क) सगुन भजन
  - ख) निर्गुण भजन
- आख्यान भजन
  - क) आख्यानयुक्त भजन
  - ख) आख्यानमुक्त भजन
- अखण्डे भजन
- विविध भजन
  - क) गणेश भजन
  - ख) शिव भजन
  - ग) विष्णु (नारायण) भजन
  - घ) सरस्वती भजन
  - ङ) दुर्गा भजन
  - च) स्वस्थानी भजन
  - छ) कृष्ण भजन
  - ज) राम भजन
  - झ) खेली गोलेनी भजन
  - ञ) हनुमान भजन
  - ट) अन्य भजन
- मायाप्रेममा आधारित भजन

### ४.२.१ आरति भजन

आरति भजन वा आरति शब्द संस्कृतको 'आरात्रिक' आरार्तिकबाट आएको संस्कृत शब्दको 'कौस्तुम' अनुसार 'आरात्रिक' शब्दको अर्थ भगवान्को शरीरको आरति गर्नुहुन्छ । संस्कृत, हिन्दी, अंग्रेजी कोषानुसार रात्रिका शब्दको अर्थ आरति हुन्छ । वास्तवमा आरति भजनको अर्थ दिनको पूजा पाठ सकिएपछि बेलुका गरिने देवताको आराधना हुन्छ । बौद्धिक, पौराणिक, हिन्दी, नेपाली र परम्परागत आरति गाउने चलन प्रचलित छ । भाषा पनि आफ्नै प्रकारको छ । खास गरी आरतिको अर्थ धूप, दीप र नैवेद्य घुमाएर पूजा गर्नु हो ।

आरति भजन अनेक प्रकारका छन् । यसमा हरेक देवताको नाम पुकार गरेर आरति गाउने गरिन्छ । थापाठाना क्षेत्रमा लोकभजन गाउनुभन्दा अगाडि भगवान्को अवतारलाई कुनकुन अवतारमा के के भएर कस्तो रूप धारण गरी कसरी भक्तजनको कल्याण गरेका छन् भनी भज्यो भने जय राम राम रहनी राखेर लामो लयमा गाउने गरिन्छ । थापाठाना क्षेत्रको साविकको वडा नं. ४ मेहलपोखरी भजन समूहका शशीधर पाध्या र उनका टोलीले गाएको आरति भजन यसप्रकारको छ :

पहिलेमै आरति हो राम फूलकी माला ।
धूप दिप नैवेद्य दीपकी पाला
आरतिकी जय राम रामकी नाम जय ।

दोसरी आरति हो राम ब्रह्माजीको चरणमा
शिर झुकाई नमन गर्छौं, पर्छौं तिम्रै शरणमा
आरतिकी जय राम रामकी नाम जय ।

तिसरी आरति हो राम विष्णु पालन कर्तालाई
तिनै लोकका धनी प्रभु पालन हर्ताभर्तालाई
आरतिकी जय राम रामकी नाम जय ।

### ४.२.२ गणेश आरति (मङ्गल आरति)

यो गणेश आरति (मङ्गल आरति) थापाठाना क्षेत्रमा कतै कतै गाउने गरिन्छ भनी भजन सङ्कलनको क्रममा साविकको वडा नं. ८ मैदानका खड्ग बहादुर क्षेत्रीले मिति २०७६/०१/१० गतेका दिन चौथी मङ्गलको पूजा लगाएर आफ्नै घरमा भजन गाउने क्रममा गणेशकै पूजा आराधना र आरतिबाट सुरु गर्ने क्रममा टिपाएका हुन् । उनी भारतीय सेनामा केही दशक बिताई निवृत्त जीवन बिताउने क्रममा विभिन्न सामाजिक सङ्कलनसंस्थासँग आबद्ध रही धर्म क्रममा पनि चासो राख्ने सामान्य पढे लेखेका व्यक्ति हुनाले आफूलाई थाहा भएजति गणेश आरति टिपाउने र सुनाउने प्रयास गरेका छन् ।

*जय गणेश, जय गणेश, जय गणेश देव*
*जय गणेश, जय गणेश, जय गणेश देव*

*माता तिम्री पार्वती पिता महादेव*
*पेडा लड्डु भोग लाउने साधु गर्छन् सेवा*
*जय गणेश, जय गणेश, जय गणेश देव*
*चक्रदन्त दयावन्त चार भुजा धारी*
*शिरउपर रातो सिन्दुर मुसाको सवारी*
*जय गणेश, जय गणेश, जय गणेश देव*

*अन्धालाई आँखा दिने खोटी औंका काया*
*बाझीनके सन्तत देव निर्धनीको माया*
*जय गणेश, जय गणेश, जय गणेश देव*

*फूल चढे दुबो चढे लड्डु चढे मेवा*
*रामदासले राख्छन् आशा सुफलकी सेवा*
*जय गणेश, जय गणेश, जय गणेश देव*

### ४.२.३ सन्ध्याकालीन आरति

यो सन्ध्याकालीन आरति थापाठाना क्षेत्रमा सबै ठाउँमा पूजा, ब्रतबन्ध, चौरासी, एकाह, सप्ताह जस्ता धार्मिक कार्य गरेका दिन रातभर जाग्राम बस्ने र सुरुमा यही आरतिबाट सुरु गरिन्छ भनी भजनलाई सङ्कलनगर्ने क्रममा साविकको वडा नं. ८ कटुजेका स्थानीय विद्यालयका शिक्षक पनि रहेका कृष्ण प्रसाद सापकोटाले मिति २०७६/०६/०४ गते शनिबारकै दिन गाउँकै चुनमाया पौडेलको घरमा नवगृह शान्ति र सत्यनारायण पूजा लगाएको कुरा पनि उनले बताए। उक्त आरति स्थानीय शब्द र शैलीमा यस प्रकार छ।

*पहिलो आरतिहो, राम भूपकी माला*
*कालीनाग नाधिदेऊ कृष्ण ज्यूकी बाला*
*आरतिकी जयहरि राजाराम,*
*राम तिम्रै आरति जगाम्ला प्रभु।*
*जय हरिहर भगवतीको नाम, हो राम,*
*राम तिम्रै आरति जग्गाम्ला प्रभु ....*

*दोसरी आरति हो, राम देवर ज्यूकी रञ्जन*
*भक्त सबै सुधारी लेऊ कंस रामण खञ्जन*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति जगाम्ला प्रभु*
*जय हरिहर भगवतीको नाम, हो राम*
*राम तिम्रै आरति जगाम्ला प्रभु ......*

*तेसरी आरति हो, राम त्रिभूवन मोहैं*

*गडुर सिंहासन राजा रामलाई शोभै*

*आरतिकी जयहरि राजाराम*

*राम तिम्रै आरति जगाम्ला प्रभू*

*ज्यहरिहर  जगाम्ला प्रभू ....*

### ४.२.४ जय जगदीश आरति

यो आरति भजन थापाठाना क्षेत्रको लोकभजन सलन गर्ने क्रममा वि.स. २०७६/०३/३१ गते गुरूपूर्णिमाको लिमि खनारका देव बहादुर भण्डारीको घरमा उनका पिताको एकाह र लक्ष्यवर्तीको कार्यक्रममा भजन गाउनु अगाडि पूजाको समापनमा देव बहादुर भण्डारी कर्तालाई आरति समाउन लगाई ॐजय जगदीश हरे भन्दै लामो स्वरमा गाएको पाइयो । मौसम प्रतिकूलताले यस आरतिको अडियो भिडियो तयार नभए पनि पूजा आजा गर्ने सवै घरमा यो आरति गाइने भएको पण्डित ढाकाराम उपाध्यायको सहयोगमा यो आरति सलन गरिएको छ । आरतिको केही अंश यस प्रकार रहेको छ ।

*ॐजय जगदीश हरे, प्रभु जय जगदीश हरे ।*

*प्रभुका चरण उपासक, हरिका कति कति पार तरे,*

*ॐजय जगदीश हरे .....*

*मनको थाल मनोहर, प्रेम रूप बाती , प्रभु प्रेम रूप बाती*

*भाव कपुर छ मङ्गल, भाव कपुर छ मङ्गल, आरति सब भाँती*

*ॐजय जगदीश हरे ....*

*नित्य नीरञ्जन निर्मल कारण अविनाशी, प्रभु कारण अविनाशी*

*शरणगतप्रति पालक, प्रभु शरणगतप्रति पालक चिन्मय सुख राशी*

*ॐ जय जगदीश हरे ............*

*सृष्टि स्थिति लयकर्ता, त्रिभुवनका स्वामी, प्रभु त्रिभूवनका स्वामी*

*भक्ति सुधा वर्षाऊ, प्रेम सुधा वर्षाऊ, शरण पर्यौं हामी*

*ॐ जय जगदीश हरे ..........*

*आँसुभाव निवारक, तारक सुखदाता, प्रभु तारक सुख दाता,*

*गुण अनुरूप तिमी हौ, गुण अनुरूप तिमी हौ, हरिहर हौ धाता ।*

*ॐ जय जगदीश हरे ..........*

### ४.२.५ ठाडो भजन

थपाठाना क्षेत्रमा ठाडो भजनलाई खास गरी तीन भागमा विभाजन गरेको पाइन्छ,

(क) चुड्का ठाडो

(ख) खेली ठाडो

(ग) लम्वरी भजन

### (क) चुड्का ठाडा

"रामायण, कृष्ण चरित्र, देविभागवत आदिको कथा प्रसङ्गमा एक पंक्तिको गीतमा दोहोऱ्याई, तेहऱ्याई गाइन्छ । लय ढिलो छिटो परिवर्तन गरेर गाउँदा रुचि पनि रहन्छ । ढिलो लयमा थालनी गरी क्रमशः गति बढाउँदै लगी अति तीब्र गतिमा पुऱ्याएर 'हरि' भनी पुनः ढिलो लयमा झारिन्छ । गति बढ्दै जाँदा नर्तक नर्तकी पनि छिटो-छिटो नाच्दै भुरुङ्ग जस्तै घुम्छन् । साच्चै आँखा शीतल पार्छ, चुड्का भजको नाचले (गौतम, २०४३ : ६३) ।" चुड्का भजनका चरणहरू छैनन् । मात्र ढिलो सुरु गरी रात ताल सँगै छिटो-छिटो गाइन्छ र नाच्ने कला सुरु हुन्छ यस थापाठाना क्षेत्रमा यो भजन निकै लोकप्रिय मानिन्छ । यो एकोहोरी र दोहोरी पनि हुन्छ । प्रायः जसो यस क्षेत्रमा यो भजन भौतीहरूले पूजाआजा ब्रतबन्ध वा पर्व अवसरमा पनि रमाइलोसँग नृत्य सहित गाउँने गर्छन् । थापाठाना क्षेत्र साविकको वडा नं. ६ गैह्राथोकको टोलीलाई भेटी टोली प्रमुख उमाकान्त जैसी वर्ष ५२ का टीकादत्त पाध्या वर्ष ४२ खगेश्वर सापकोटा वर्ष ५५ का हरि प्रसाद जैसी वर्ष ५८ का लगायतका व्यक्तित्वहरूले खेली चुड्का ठाडो भाका यसरी गाइन्छ भनेर व्यक्त गरेका छन् : जस्तै

*यो पनि हरिको, त्यो पनि हरिको, सारा संसार हरिको, म पनि हरिको*

*सीता हरण गर्थ्यो, योगी भेष गरेर*

*हे हरि जगतै भरी, सारा संसार बनायौं कसरी*

*कति सुहायो कति सुहायो, नागको माला बाघको छाला*

*(कति सुहायो ....)*[२]

*कहिले होला भेट, जुनको र घामको, सीताको र रामको*
*जाम्ला वैकुण्ठैमा, नाँच्दै गाउँदै रमाउँदै ।*
*(कोटी नमस्कार ! ....)[२] देउता जति सबैलाई, कोटी नमस्कार*

**(ख) खेली ठाडो**

यो भजन यस क्षेत्रको लोकप्रिय भजन हो यो भजन छिटो-छिटो लय । चौडा चाँडो चाडो विश्राम गरिने हुन्छ । धार्मिक चाडपर्व पूजाआजामा खैजडी मुजुराको तालमा गाइने गरेको पाइन्छ । यसलाई गुल्मीतिर रोइला, स्याङ्जातिर चुड्का भन्छन् भने बाग्लुङतिर टप्पा पनि भन्दछन् । खेली एक पंक्ति, दुई पंक्ति, एकोहोरी दोहोरी गाउँने गरिन्छ । खेली भजनलाई थापाठाना क्षेत्रमा खेली ठाडो भाका भन्दछन् । यस भजनलाई जुन नाम दिए पनि ठाउँ अनुसार विभिन्न भाकामा गाउँन सकिन्छ ।

भजन सङ्कलन गर्ने क्रममा थापाठाना माझहट्टियाका वर्ष ६२ का खड्ग प्रसाद श्रेष्ठले कृष्ण जन्मेको लीलालाई रहनीका रूपमा यसरी व्यक्त गरेका छन् । प्रस्तुत अंशहरू यस प्रकार छन् :

*भाद्र कृष्ण अष्टमीको मध्य रातमा*
*शङ्ख चक्र गदा पद्म लिई चारै हातमा*
*जन्म लिनु भो, जन्म लिनु भो,*
*मथुराको कारागारमा जन्म लिनु भो*

*गोकुल जानलाई, गोकुल जानलाई,*
*आयौं हामी जमुना, गोकुल जानलाई,*

*कृष्ण जानु भो, गोकुल छोडेर*
*रुन लागिन राधिका, हात जोडेर*

*उनै कृष्ण हुन्, उनै कृष्ण हुन्*
*बृन्दावनमा गाई चराउने, उनै कृष्ण हुन् ।*

*कृष्णजीको मुरली आधा डढेको*
*त्यही पनि राधिकालाई मन परेको ।*

*साह्रै मिठो बजाउने मुरलीको धुन ।*
*काली नागसँग एक्लै लड्ने उनै कृष्ण हुन् ।*

**(ग) लम्बरी भजन**

लम्बरी भजन चुड्का भजनभन्दा केही लामो भाकाको रूपमा भक्तपरक ढङ्गले गाइने एक प्रकारको भजन गीत हो । आरति भजनको लयमा गाइने यो भजन सगुण र निर्गुण दुवै प्रकारको लय र उमेर पुगेका बूढापाका, साधु सन्त, जोगी, एकल महिला जस्ता घर संसारदेखि जीवनलाई टाढै रहन खोज्ने जनमानसको मुखमा यो भजनको उच्चारण भइरहन्छ । लम्बरी भजनमा देवीदेवताका गुण शक्ति र सामर्थ्यको वर्णन गरिएको हुन्छ । लम्बरी भजनका केही अंशहरू :

*जाउँला वैकुण्ठैमा, नाँच्दै गाउँदै बजाउँदै, नाँच्दै गाउँदै बजाउँदै*
*जाम्ला मोदीवेनी, चिनी खाम्ला चम्चाले, मुख पुछम्ला गम्छाले*
*हातमा छैन हतियार, कम्मरमा छैन ढाल*
*चोट पनि छैन घाउ पनि छैन, धन्यैको सिपालु काल,*
*हरि हरि .......*
*रामको पैतालैमा, कदम फूल लेखेको, कल्ले होला देखेको ।*
*यो देह शरीरमा दुईवटा आँखा*
*बनायौ किन रामले, बनायौ किन ।*
*कच्चा शरीर रामले, बनायौ किन,*
*हरिहरि .........*
*आइपुग्यो लिन नि काल, आइ पुग्यौ लिन ।*
*बाँचौला भन्दाभन्दै, आइपुग्यो लिन ।*
*हरि हरि भजौंला भन्दा भन्दै, आइपुग्यौ लिन ।*
*लान्छ कालले, लान्छ कालले, सानो ठूलो भन्दैन, लान्छ कालले ।*

### ४.२.६ वैराग्य भजन

सांसारिक मोह भङ्ग वा विराग उत्पन्न हुने र ब्रह्म सत्य जगत् मिथ्याको बोध हुनु वैराग्य हो । ईश्वरप्रति विश्वास गर्दै मुक्ति प्राप्तिका लागि गाउँने गरिन्छ । यो भजन थापाठाना क्षेत्रमा प्रसिद्ध भजन मानिन्छ । यो गाउन छिटो मीठो र रसात्मक तरिकाको हुने हुँदा बूढापाका, युवायुवती एवम् केटाकेटी सबैको मुखारविन्दुबाट सुन्न सकिन्छ । त्यसकारण यस क्षेत्रमा लोकप्रिय भजनको रूपमा रहेको छ । यसलाई थापाठाना क्षेत्रमा गाउने क्रममा खैंजडी, मुजुरा, मिलाएर एकल वा संयुक्त रूपमा पनि गाउन सकिन्छ । मिति २०७६/०७/०१ गतेका दिन अलैंचे पूर्ण बहादुर थापाको घरमा वस्तु र रुद्री पूजा गरी भजन गाउन अनुरोध गरियो । जसमा वर्ष ४५ का याम बहादुर थापाले खैंजडी मुजुरा बजाई सामूहिक रूपमा भजन गाएका छन् । सोही समूहमा प्रस्तुत भजनका सामूहिक रूपमा भजन गाएका छन् । सोही समूहमा प्रस्तुत भजनका अंशहरू :

*आज भोलि भन्दा भन्दै गइसके दिन,*
*राम नाम जपन आउँदैन किन ।*

*आऊ सबै मिलिजुली भजम् सीताराम*
*संसारमा जन्मिएको यही हो, हाम्रो काम*

*काँ छौ प्रभु, को हौ तिमी ? के गर्छौ भनेर*
*तिम्रो बाटो हेरी बस्छु दिन गनेर ।*
*आउन प्रभु दुःखीको घर*
*तिमी बाहेक हाम्रो पो को छ र ?*

*सम्झी रुन्छ मन यो, नरोइ भन्दा झन्,*
*रुने मनलाई बुझाउने, उनै भगवान् ।*

*बाचुन्जेल तेरो मेरो, आफ्नो भन्नु के छ ?*
*सबै छोडी साथै लाने, पाप धर्म रै छ ।*

*सधैं मनमा पीर, कस्तो मेरो तग्दिर ।*

*रुन्छु बलिन् धारा, नरोइ भन्ने को छ र ?*

### ४.२.७ गुण भजन

गुण भजनमा शरीर र परतत्त्वलाई आधार बनाएर भजन गाउने गरिन्छ । यस्ता भजनहरू थापाठाना क्षेत्रमा दुई प्रकारका छन् : १) सगुण भजन र २) निर्गुण भजन

### ४.२.७.१ सगुण भजन

शरीर धारण गर्ने ईश्वरीय तत्त्व भएका व्यक्तिहरूको चरित्रलाई विषयवस्तु बनाएर रचिएका भजनलाई सगुण भजन भनिन्छ । थापाठाना क्षेत्रमा पनि रामायण, कृष्ण चरित्र महाभारत प्रह्लाद र अन्य देव देवीका बारेमा भजन गाउने गरिन्छ । प्रायः जसो यस्ता भजनहरू गाउँदा इतिहासमूलक, सरल, सुबोध, सहज र सरस हुन्छन् । सगुण भजनका पनि दुई प्रकार हुन्छन् :

### (अ) ज्ञानाश्रयी

यो भजन भगवान्को अवतार र देव दानवको जन्म मृत्यु आदिलाई विषयवस्तु बनाई गाउने र मानव जातीलाई सत्मार्गमा हिँडाउँने प्रयत्न गरिन्छ । यस भजनका केही अंशहरू यस प्रकार छन् :

*जपम् हरिलाई जपम् हरिलाई*

*यो जिन्दगी भरिलाई, जपम् हरिलाई ।*

*स्नान गर्नु उठेर प्रात कालमा,*

*सके काली गंगा मोदीमुनी गई*

*अर्घ दिर्नु सूर्यलाई अञ्जुली उठाई,*

*देह आफ्नो कञ्चन गराई ।*

*जपम् हरिलाई .........*

यसमा हरि भगवान्को नाम जप्न र ईश्वरप्रति दैनिक श्रद्धाभाव देखाउनु भनी व्यक्त गरिएको छ ।

**(आ) प्रेमाश्रयी**

यस भजनमा विभिन्न देवी देवता तथा अन्य व्यक्तित्वमा पनि श्रृङ्गारिकता अपनाएर गाउने गरिन्छ । थापाठाना क्षेत्रमा पनि यस्ता भजन गाउने गरेको पाइन्छ । यस भजको केही अंश यस प्रकार छन् :

*गइन् राधा गोकुलमा, कृष्ण भेटन*
*आफ्नो मनको भोक प्यास मेटन ।*
*कृष्ण भेटिन राधाले गाई गोठमा ।*

*बाहु समाई राधाको लगे वनैमा*
*झम्टे त्यहीँ कृष्णले माया जालैमा ।*
*मलाई एक्लो पारी, कता गयौ प्यारी ?*

*कहाँ गयौ मेरी सीता, कहिले होला भेट*
*कुन शत्रुको फेला पर्यौं, केले भर्यौं पेट ।*
*मलाई एक्लो पारी, कता गयौ प्यारी ?*

यस प्रेमाश्रयी भजनमा कृष्ण र राधाको मिलनको रसलीला र राम र सीताको विछोडको वियोगमा रामको विलापले गर्दा यस भजनमा प्रेमाश्रयीता व्यक्त रहेको छ ।

### ४.२.७.२ निर्गुण भजन

नामबाट नै स्पष्ट छ, निगुर्ण भजनमा देवी देवताको स्तुति भन्दा बढी आत्मा परात्मा, माया, मुक्ति मोक्ष आदिको कीर्तन हुन्छ । यो विधा अलप हुन लागिसक्यो गाउँ घरमा अब निगुर्ण भजन झिक्ने गायक पाउन गाह्रो परिसक्यो (गौतम, २०४३ : ६३) । मानव जीवन अनित्य छ । जन्म र मरण कसैको अधीनमा हुँदैन । यस मानवरूपी भव सागरमा नाङ्गै पाइला टेकेको मानिस सांसारिक मोहजालमा भुल्न थाल्दछ अनि रमाउँछ र धर्म, कर्म तीर्थ व्रत दान, पुण्य एवम् यज्ञ गर्दै निष्कामसेवी भएर लोक कल्याणमा लागे मोक्ष हुन सकिन्छ भन्ने सन्देश निर्गुण भजनमा पाइन्छ । बाहिरी शरीरलाई सर्वोपरि ठानेर अन्तर्रात्माको अजर अमरतालाई भुल्नु हुँदैन । पारिवारिक मोह र भौतिक सुख सुविधाले

नरकको सिकार बनाउँछ । आफ्नो भन्ने कोही छैन जस्ता तत्त्वरूपी ज्ञान निर्गुण भजनको विशेषता हो । थापाठाना क्षेत्रमा यो भजन प्रायः उमेरमा दुःख गरेका र वृद्ध अवस्थामा पारिवारिक मायाबाट तिरस्कृत अपहेलित भएको महशुस गरेका परिपक्व, बूढा पाकाहरूका मुखबाट सुन्न पाइन्छ । यस भजन अर्थ गाम्भीर्य, इतिहासमूलक नभएर सार्वकालीक हुँदा प्रचलित निर्गुण भजनहरू यस प्रकार छन् यो लोकभजन २०७५ साल शिवरात्रीमा थापाठाना क्षेत्रकै हट्टिया बजारमा रहेको शिव मन्दिरमा सुनिएका केही अंश यस प्रकार छन् ।

*गरम्ला भन्दै आएँ, विना कामले आयु मैले गुमाएँ*
*न विद्या कमाएँ, न भक्ति बढाएँ, विना कामले आयु मैले गुमाएँ ।*
*हे रामको नाम जपेर, जाने छैन खेर, रामको नाम जपेर ॥*

*एउटै ठाउँ उदाएर जगतै भो तातो*
*एउटै काल रिङ्दैघुम्दै, सबको खायो सातो,*
*एउटै थियो सानो कद, पहाड फोरी दियो*
*हाम्रो पनि एउटै शरीर, दैवले रचिदियो*
*(उनै रामको शरण ...)[२] परम् भक्तजन, उनै रामको शरण ।*

### ४.२.८ आख्यान भजन

आख्यान भजन थापाठाना क्षेत्रमा पनि गाउने गरिन्छ । खासगरी राम, कृष्ण, ध्रुव र प्रह्लाद् आदिको जन्मदेखि मृत्युपर्यन्तलाई घटना बनाएर गाउने गरिन्छ । वा कथालाई गितीलयमा मिलाएर गाउने गरिन्छ । महाभारत, कृष्ण चरित्र र विकृत रामायणका भजन गाउने चलन छ । आख्यान भजन (क) आख्यान युक्त (ख) आख्यान मुक्त गरी दुई प्रकारका छन् :

#### (क) आख्यान युक्त

यो आख्यानयुक्त भजन प्रायजसो गुरु पुरोहित र पुराण वाचनहरूले यज्ञ महायज्ञमा रामचरित्र कृष्ण चरित्रलाई विशेष रूपमा भजन बनाएर गाउने गरेको पाइन्छ । त्यतिमात्र नभई श्री स्वस्थानी व्रत कथाका विभिन्न अध्यायलाई पनि भजनकै रूपमा गाउन सकिने

कुरा यसै थापाठाना क्षेत्रका लामाचिलाउने टोलका थमानसिंह थापाको घरमा श्री स्वस्थानीका प्रत्येक अध्याय वाचन गरे पछि छरछिमेकी मिलेर गाउने क्रममा सङ्कलन तेस्रो चौथो अध्यायको भजनको अंश यस प्रकार छ : यहाँ भगवान् विष्णुले छल गरी सतीदेवी शिवको हातमा सुम्पेको, यज्ञमा नबोलाउँदा पितासँगको छलफल, आफ्ना पतिको अपमान सहन नसकी यज्ञकुण्डमा हामफालेको प्रसङ्ग जोडिएको छ ।

*घरजम गर्ने इच्छा जागी कन्या माग्न गए,*
*दक्षको घरमा पुगेर, अपमानित भए,*
*(निराश बनेर ....)[२] महादेव फर्किए, निराश बनेर*

*जेठी छोरी आफू राखी अरु कन्यादान*
*महादेवलाई मान राखेछन्, भन्ने भयो भान*
*चन्द्रावती रानी स्वस्थानीका व्रतले ।*

*मेरा पनि पत्नी छैनन् राख्देछन् की एउटी*
*दक्षसँग माग्न जान पर्यो एक चोटी*
*चन्द्रावती रानी स्वस्थानीका व्रतले ।*

*नारायणले भागे सती आफूलाई भनी*
*महादेवको इच्छा पूरा गर्न इमान्दार बनी*
*चन्द्रवती रानी स्वस्थानीका व्रतले ।*

*नारायणले छल गरी महादेवलाई सती*
*भगवान्लाई निन्दा गर्ने दक्षको कुमती ।*
*(उफ्रे महादेव ....)[२] सती देवी पाएर, उफ्रे महादेव ।*

*खुशीसाथ हाँसी खेली, बसिन् देवी सती*
*कैलाश हेर्दै दिव्य थियो, माया मोह कति ,*
*उफ्रे महादेव ....)[२] सती देवी पाएर, उफ्रे महादेव ।*

**(ख) आख्यान मुक्त**

यो भजन यस क्षेत्रमा बढी गाइन्छ किनकि कुनै कथा वस्तुमा आधारित नभएर हरेक देवदेवीलाई पुकारेर गाउने गरिन्छ । लगभग आख्यानमुक्त भजन चुड्कासँग मिल्दो जुल्दो हुन्छ । यस भजनका केही अंश यसप्रकार छन् :

*स्वर्ग जाने बाटो, खनी मैदान पारेको*
*(छोड्न हुँदैन ....)[२] अत्याचारी कंसलाई, छोड्न हुँदैन ।*
*(धर्म गरम् न ....)[२] असल काम गरेर, स्वर्ग तरम् न ।*

**४.२.९ अखण्ड भजन (कीर्तन)**

यस क्षेत्रमा भजन गाउने क्रममा अखण्ड कीर्तन पनि यदाकदा गाउने गरिन्छ । "हरे राम हरे राम राम हरे हरे आदि सत्यनारायण लक्षवर्ती जस्ता पूजा आदिको अन्त्यमा जाग्रामको अवसरमा गाइन्छ र नृत्य पनि हुन्छ । ढिलो र चाँडो लय गरी ढंगढंगबाट नाम कीर्तन गर्दा मुजुरा खैंजडी र मादल बजाइन्छ । भजनको बीचबीचमा 'हरिबोल' आदि उद्घोष गरिन्छ (गौतम, २०४३ : ६३) ।" भजनको अर्थ आराधना, सेवा प्रार्थना वा भक्ति भाव हो । नेपालमा हिन्दु संस्कृतिका मात्र होइनन् अन्य संस्कृतिमा पनि भजनको रूपमा आफ्नो देवताको बारबार नामोच्चारण गरिने गीतलाई नै नाम कीर्तनमा आधारित भजन भनिन्छ । राम कृष्ण, इन्द्र ब्रह्मा, विष्णु नारायणका नाम बढी प्रचलनमा छन् । थापाठाना क्षेत्रमा यो भजन लगभग हराउँछ (लोप हुन) लागेको अवस्था छ । यो भजन गाउँदा समय र टोलीको पालो किटान गरी पालैपालो गाउने गरिन्छ । यो भजन १२ घण्टे र २४ घण्टे अखण्ड कीर्तन ४८ घण्टे अखण्ड कीर्तन नाम दिएर भगवान्को नामलाई बारम्बार जप्ने गरिन्छ भन्ने कुरा भजन सङ्कलनका क्रममा थापाठाना क्षेत्रकै गहते निवासी वर्ष ७७ का बद्रीनाथ पौडेलले जानकारी गराउनु भएको थियो । आफ्ना दौतरी सकिएका र नयाँ पुस्ताले चासो नदेखाएका कारण लोप हुने अवस्थामा छ । अझै पनि १२ घण्टे र २४ घण्टे कतै कतै आफ्नो नेतृत्वमा गाउने गरेको कुरा पनि बताउँदै उहाँकै शब्दमा भजनका केही अंशहरू यस प्रकार छन् :

*हरे राम हरे राम राम राम हरे हरे ॥*
*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥*

*नारायण श्रीमान् नारायण नारायण ।*

*नारायण श्रीमान् नारायण नारायण ॥*

### ४.२.१० विविध देव भजन

थापाठाना क्षेत्रमा भजन पनि अन्य क्षेत्रको जस्तै हुन्छ । भाकामा केही फरक भएपनि देवी देवताको भजनलाई गाउने क्रममा यहाँ गणेश, शिव, विष्णु, सरस्वती, दुर्गा स्वस्थानी, कृष्ण, राम, गोलेनी र हनुमान जस्ता नाम उच्चारण गरिन्छ । खासगरी कृष्ण चरित्र, रामायण, स्वस्थानी जस्ता भजन बढी प्रचलनमा गाउने गरेको पाइन्छ ।

**(क) गणेश भजन**

*जय गणेश, जय गणेश, जय गणेश*

*सिद्धिदाता विनायक, जय गणेश ॥*

*भुल्नु हुँदैन, भुल्नु हुँदैन ।*

*विघ्न हर्ता गणेशजीलाई भुल्नु हुँदैन ॥*

*जय गणेश, जय गणेश, जय गणेश*

*आमा तिम्री पार्वती बाबा महादेव ॥*

**(ख) शिव भजन**

*शिव जटाधारी कहिले होला सवारी*

*कति सुहायो कति सुहायो,*

*बाघको छाला, नागको माला कति सुहायो ।*

*पार्वतीलाई माला, शिवजीलाई जलधारा ...२*

*सृष्टि ब्रह्माजीको, शक्ति उनै शिवको*

*शिवजीको रूप, शिवजीको रूप,*

*सम्झनलाई सजिलो, शिवजीको रूप ।*

*शिव जटाधारी, बल्ल भयो सवारी*

*शिव तिम्रो नाम्मा ।*

*शङ्ख बजे ठाम् ठाम्मा ॥*

**(ग) विष्णु (नारायण) भजन**

*नारायण नारायण केशव् नारायण*
*नारायण नारायण मुक्ति नारायण ॥*
*शिव कैलाशैमा, शिव कैलाशैमा ।*
*विष्णु सुतें जलैमा, शिव कैलाशैमा ।*
*ब्रह्मा कमलैमा, ब्रह्मा कमलैमा ।*
*विष्णु सुते जलैमा, ब्रह्मा कमलैमा ॥*
*उनै विष्णु हुन्, उनै विष्णु हुन् ।*
*सतीदेवी छल गर्ने, उनै विष्णु हुन् ॥*

**(घ) सरस्वती भजन**

*जय जय सरस्वती, जय सावित्री ।*
*जय जय वेद माता, जय गायत्री ॥*
*सरस्वती माता, विद्या दिनु अवत ।*

*एक हातमा विणा समाई, हाँसमाथि बसी ।*
*अज्ञानीलाई ज्ञानी बनाऊ, मनभित्र पसी ।*
*सरस्वती माता, विद्या दिनु अवत ।*

**(ङ) दुर्गा भजन**

*जय जय दुर्गे, जय जय माँ ।*
*जय जय दुर्गे, जय जय माँ ॥*

*तिमी नै शैलपुत्री, तिमीनै हौ बज्र धारिणी ।*
*तिमी नै हौ दुष्टको, संहार गरी पार तारिणी ॥*
*जय जय जगदम्बे, जय रणअम्बे जय जय माँ ।*

*तिमी नै हौ गौरी उमा, अनि महामाया ।*
*तिमी नै हौ जगतकी जननी, सिद्धिकालीमा ॥*
*जय जगदम्बे, जय रणअम्बे जय जय माँ ।*

**(च) स्वस्थानी भजन**

*कोटी नमस्कार, कोटी नमस्कार !*
*श्री स्वस्थानी मातालाई, कोटी नमस्कार ॥*

*मधु कैटभ जन्म भए, काने गुजीदेखि ।*
*घमासान युद्ध भयो, विष्णुसँग भेटी ॥*
*कोटी नमस्कार .......*

*धेरै वर्ष युद्ध हुँदा, दुवै बराबर ।*
*वरदान माग मधुकैटभ, ढिला नगर ॥*
*कोटी नमस्कार ......*

*श्रीमान् कमाउनलाई, भाको परदेशी*
*पर लोक हुन पर्यो, श्रीमतीदेखि*
*कोटी नमस्कार ......*

*त्यही बेला गर्भिणी, रहिछिन् गोमा नारी ।*
*बेसाहारा हुन् गइन्, वियोगमा परी ॥*
*कोटी नमस्कार ......*

**(छ) कृष्ण भजन (कृष्ण महिमा गाएर)**

*बालुवामा छमछम, खेले कृष्ण बलराम ॥*

*बाला कृष्ण, छुनुमुनु खेले ।*
*तिनै कृष्ण ठूला भए, समुन्द्र पो ठेले ॥*
*बालुवामा छमछम, खेल ......*

*कृष्ण काले बासुले, सारा मोहित पार्थे ।*
*गोकुल बासी सबैको, दुःख पीडा हर्थे ॥*
*कृष्ण थिए काले, राधा थिइन् नक्कले ।*

*वृन्दावनमा गाई चराउने, उनै कृष्ण हुन् ।*
*कति राम्रो कत्ति मिठो, मुरलीको धुन् ।*
*लैजाऊ तिम्रो सारी, खोइलेऊ मेरो मुरली ।*

**(ज) राम भजन (रामको महिमा)**

*सारा थाके रामले, धनु भाँची दिनुभो*
*सीताजीको फूलको माला, हातमा लिनुभो ।*
*कोही छैनन मेरा, राम जति पियारा ।*

*रामको पैतालामा, कदम फूल लेखेको*
*कल्ले होला देखेको ।*
*आफै कृष्ण, आँफै विष्णु आँफै राम थिए,*
*साधु सन्तको रक्षा गर्ने, उनी मात्रै थिए ॥*
*जन्मे श्रीराम, संसार भयो उज्यालो ..... २*

*रावणले हरि लग्यो, बेकसुरमा सीता*
*राम उनका पति थिए, जनक थिए पिता*
*सीता हर्यो रावणले, विना कसुरैमा ......*

*यो पनि रामको, त्यो पनि रामको,*
*सारा संसार रामको, म पनि रामको ।*

**(झ) खेली भजन**

*नजाऊ न गोलेनी,*
*कृष्ण काले आउँछ कि,*
*मोहनी पो लाउँछ कि ॥*

*लैजाऊ तिम्रो सारी,*
*खै लेऊ मेरो मुरली,*

*मुरलीको धुनमा, १६०० गोलेनीलाई वृन्दा वन झारे*
*फेरि तिन कृष्णले, अलपत्रै पारे,*
*खै लेऊ मेरो मुरली लैजाऊ तिम्रो ....*

**(ञ) अन्य भजनहरू**

*आज भोलि भन्दाभन्दै गइसके दिन,*
*राम नाम जपन आउँदैन किन ॥*
*अवश्य मरिन्छ, रामराम भजे तरिन्छ ।*

*गर्ने खाने मर्ने जाने, मानिसको चोला,*
*दुई दिन बाँच्दा जपिराखम्, हरिकृष्ण भोला ॥*
*अवश्य मरिन्छ, हरि भजे तरिन्छ ।*

*लोभ लालच गर्छौ किन, भन्छौ तेरो मेरो,*
*संसारलाई बुझी ल्याउँदा, हरेक सेरोफेरो ॥*
*देखेजति हरिको, संसारैभरिको ।*

*जन्मे पछि मर्नुपर्ने, मनुष्यको चोला,*
*फेरि जन्म यो धर्तीमा, होला कि नहोला ?*
*को छ अजम्बरी, झर्छ जीवन फूलसरी ।*

*जति दुःख कष्ट दिन्छौ, यही जुनीमा पार,*
*अर्को जुनी यो धर्तीमा, जन्मन नपार ॥*
*एक मुठी परानी, हेर्दाहेर्दै खरानी ।*

*दुई दिनको जिन्दगीको, छैन कुनै सीमा,*
*बाँचुञ्जेली तेरो मेरो, मरे गङ्गाजीमा ॥*
*मर्नै पर्ने चोला, सत्य कुरा के होला ?*

# अध्याय : पाँच

# लोकभजनको विश्लेषण

## ५.१ विषयवस्तु परिचय

यस अध्यायमा पर्वत जिल्लाको थापाठाना क्षेत्रमा प्रचलित लोकभजनलाई विभिन्न विषयवस्तुमा आधार बनाएर लोकभजनको विश्लेषण गर्दा, रस, अलङ्कार, विषयवस्तु शैली, प्रयुक्त भाष एवं यस क्षेत्रको सामाजिक गतिविधि, संरचना, नैतिकता, प्राकृतिक छटा, मौलिकता जस्ता विविध आधारमा विश्लेषण गरिएको छ । यस क्षेत्रमा प्रचलित विभिन्न पौराणिक विषयवस्तु, देवी देवताको स्थिति, सामाजिक परिवेश, संस्कृति परम्परा, धर्म र लोक विश्वास रहेको छ । यस क्षेत्रमा लोकभजनको अध्ययन गरी निम्नलिखित आधारमा अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

१. थापाठाना क्षेत्रका लोकभजनमा रस

२. थापाठाना क्षेत्रका लोकभजनमा अलङ्कार

३. थापाठाना क्षेत्रका लोकभजनमा शैली

४. थापाठाना क्षेत्रका लोकभजनमा प्रयुक्त भाषा

## ५.२ थापाठाना क्षेत्रका लोकभजनमा रस

साहित्यको अध्ययन श्रवण वा अवलोकन गर्दा विभावादिको संयोगबाट निष्पन्न हुने चित्रवृत्तिलाई नै रस भनिन्छ । सरल भाषमा भन्दा साहित्यबाट जुन चमत्कार एवं पूर्ण आनन्द प्राप्त हुन्छ त्यसलाई नै रस भनिन्छ । रस शास्त्रका प्रथम व्याख्याता भरतले आफ्नो नाट्य शास्त्रमा विभाव अनुभाव र व्यभिचारी भाव संश्लिष्ट स्थायी भाव नै रसका रूपमा परिणत हुने कुरा जनाएका छन् (पौडेल, २०५७ : ११६) ।

“वाग्वैदग्ध्यप्रधानेदपि रस एवात्र जीवितम्” अर्थात रस वा नीविदग्धाता मुख्य भए पनि रस नै काव्यको प्राण हो (थापा, २०६६ : २१७) । यस्तै आनन्दवर्धनले त रस नै काव्यको आत्मा मानेका छन् । रस निष्पतिका बारेमा भरतमुनिको नाट्यशास्त्र ६ : ३२ विभावानु भाव व्यभिचारी संयोगाद्रसः निष्पतिः!’ अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावहरूको संयोगले रसको उत्पत्ति हुन्छ (थापा, २०६६ : २१७) । भजनमा प्रायः संसारको अनित्य र निसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्रवृत्तिको अभिव्यक्ति हुन्छ । यी

विषयहरू शान्त रससँग नजिक छन् । शान्त रसको लक्षणमा समस्त अनित्य र दुःखद सांसारिक प्रपञ्च यसको आलम्बन हुन्छ (उपाध्याय, २०५८ : ६२) । नवरसमा आधारित अर्को एउटा भक्ति भाव प्रयोग हुन्छ भने केही रसहरू प्रयोगमा नआए पनि थापाठाना क्षेत्रमा प्रायः गरी रसका प्रयोगमा भक्तिहरू रमेको देख्न सकिन्छ ।

### ५.२.१ श्रृङगार रस

भजन शान्त स्वभावको विषय हो । शान्त रस र सृङगार रस एक अर्काका विरोधी भए तापनि केही राम कृष्णका भजनहरूमा पनि श्रृङगारको प्रभाव पाइन्छ । "श्रृङ्गार शब्द "श्रृङ्ग" र "आर" बाट बनेको हो । "श्रृङ्ग" धातुको अर्थ कामोद्रेक हो (थापा, २०६६ : २२०)।" यसमा संयोग र विगोग गरी २ प्रकारका हुन्छन् । यसको स्थायी भाव रति (प्रेम) हो । विभाव अन्तर्गत आलम्बनमा प्रेम र प्रेमिका र उद्दीपनमा ऋतु, चन्द्रमा, एकानत, सौन्दर्य, सङ्गीत आदि अनुभाव संयोगमा प्रेमले हेर्नु, मुस्कुराउनु र वियोगमा विरह, आँसु मुर्छा अनि संचारी भावमा लाज मान्नु, मुस्कान, पीर आदि रहन्छन् । थापाठाना क्षेत्रमा प्रचलित लोभजनका उदाहरण यसप्रकार छन् । जस्तै :

**(क) संयोग (सम्भोग) श्रृङ्गार**

हे कृष्ण पियारा अल्ली छिटो आऊ
निको पारिदेऊ हृदयको घाउ ।
कोही छैनन् मेरा, राम जति पियारा

**(ख) वियोग (विप्रलम्भ) श्रृङगार**

*कृष्ण जानु भो, गोकुल छोडेर ।*
*रुन लागिन् राधिका, हात जोडेर ।*
*१६०० गोलेनीलाई वृन्दावन झारे ।*
*फेरि तिनै कृष्णले अलपत्रै पारे ।*

यसमा कृष्ण र राधिका जस्ता नायक-नायिका आलम्बन विभावका रूपमा छन् । वसन्त ऋतु, एकान्त स्थान वन –विहार, कोइली, रातको समय चन्द्रमाको उदय आदि उद्दीपन विभाव हुन् । पसिना आउनु, आँसु आउनु, रोमाञ्चित हुनु, हेराहेर गर्नु आदि

अनुभाव र रुन लाग्नु, हात जोड्नु, वनमा झार्नु, चिन्ता, विछोड आदि सञ्चारी रूप र स्थायी भावका रूपमा विप्रलम्भ श्रृङ्गार पनि अभिव्यक्त भएको छ । संभोग र विप्रलम्भ श्रृङ्गार आलम्बन विभाव भने लज्जा, मोह, चिन्ता उग्रता र मरण हृदयको घाउ जस्ता सञ्चारी भाव स्थायी भाव गरी अभिव्यक्त भई संभोग र विप्रलम्भ श्रृङ्गार रस अभिव्यक्त छन् ।

### ५.२.२ हाँस्य रस

भजन चुड्का निकाल्ने क्रममा थापाठाना क्षेत्रमा पनि हाँस्य रसको पनि प्रभाव पाइन्छ । जसमा अनौठो वा विकृत आकार वस्तु, अनौठा मनले यो रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव हाँसो हो भने विभाव अन्तर्गत आलम्बनमा विकृति र आकृति, भेषभुषा बानी र उद्दीपनमा विचित्रको कुरा, चेष्ठा हो । त्यस्तै अनुभावमा ओठ हल्लाउनु, लुटुपुटु हुनु आदि सञ्चारी भावमा हर्ष, अनुहार रातो आदि रहन्छन् । जसको उदाहरण यसप्रकार छन् । जस्तैः

*कमिलाले जाँतो बोक्यो भुसुना रिगाउँने ।*
*समुन्द्रमा आगो लाग्दा खरले निभाउन ॥*
*के आयो संसारैमा, कलि जुगमा अचम्म ॥*

यसमा कमिलाले जाँतो बोक्नु, भुसुनाले रिगाउँनु, समुन्द्रमा आगो लाग्नु, खरले निभाउनु, आलम्बन विभाव हुन भने जाँतो बोक्नु कलिमा अचम्म हुनु उद्दीपन विभाव हुनु । हाँस्नु, मुख बाउनु आदि अनुभाव हुन र हाँस्नु यसको स्थायी भाव हो ।

### ५.२.३ करुण रस

भजन गाउने क्रममा धेरै करुण रसमा पनि गाउने गरिन्छ । मनको मर्म र व्यथा पोख्दा करुणा रसका माध्ययमबाट पोखेको पाइन्छ । यसको स्थायी भाव शोक हो भने विभाव अन्तर्गत आलम्बनमा प्रियजनको मृत्यु घर सम्पत्तिको नष्ट र उद्दीपनमा प्रियको लास देख्नु, चित्ता जलन सम्बन्धित वस्तुको सम्झना आदि हुन्छ । अनुभव भने मुर्छा, उच्छ्वास, विलाप र रोदन आदि रहन्छ र सञ्चारी भावमा भने दुःख, मोह, ग्लानि, चिन्ता, सम्झना, उन्माद, दैत्य आँसु आदि हुन्छन् । जानकारीका निम्ति थापाठाना क्षेत्रमा प्रचलित भजनका उदाहरण यसप्रकार छन् :

*रुँदै गए ध्रूव जी, माता कुटि माहाँ*
*फर्की फर्की राजाका हेर्छन् मुखमा ॥*
*गए बाला ध्रूव, रुँदै रुँदै वनमा...२*

*न मेरा दिदी बहिनी, न मेरा दाजुभाइ*
*न मेरा इष्टमित्र, न आउँछन् दाजुभाइ ॥*
*गए बाला ध्रूव, रुँदै रुँदै वनमा...२*

*रिमिझिमी पानी आयो भगवान्को दासु*
*लागि गए झुल्के घाम मेरा आउँछन् आँसु ॥*
*गए बाला ध्रूव, रुँदै रुँदै वनमा...२*

ध्रूव र सीता आलम्बनका रूपमा व्यक्त छन् । राजाको मुखमा फर्की फर्की हेर्न, दरबार छोड्नु, रुँदै वनमा जानु भएको अनुभव सीताले एक्लो भएको अनुभव गर्नु घाम लागे पनि आँसु आउनु, अनुभाव र मोह, स्मृति, ग्लानि, चिन्ता आदि सञ्चारी भाव र शोकले गर्दा करुणा रस अभिव्यक्त छ ।

### ५.२.४ रौद्र रस

भजनमा पनि देवता र दानवमा बीचको युद्ध राम रावणको युद्ध, राम रावणको युद्ध र कृष्ण कंसको युद्धमा पनि शत्रुले आफूप्रति गरेको अपमानजनक क्रियाबाट हुने बदलाको भावना यसमा आउँछ अनि शत्रुको अपमानपूर्ण व्यवहार, धर्मको अपमान र अपकारबाट रौद रसको उदय हुन्छ । यसको स्थायी भाव क्रोध हो । विभाव अन्तर्गत आलम्बन विभावमा दोषी, अपकारी वा उद्दीपन विभावमा अपराध र चेष्टाको कठोर बोली, कुचेष्ठा आदि हुन्छन् अनि अनुभवमा आँखा रातो हुनु, दाँत किट्नु, मुठ्ठी बटार्नु आदि सञ्चारी भावमा अग्रता, कठोरता, स्मृति, मद अभर्ष आवेग आदि देख्न पाइन्छ, उदाहरणका लागि भजन यस प्रकार छन् । जस्तै :

*कृष्णलाई पोल्छ अब, चर्को घामले,*
*दुस्मन खोज्न पर्दैन, आफ्नै मामाले ॥*

*हनुमान भेट हुँदा सेना कराए ।*

*लङ्का बासी नर नारी सबै डराए ॥*

यहाँ कृष्ण र हनुमान आलम्बन विभावका रूपमा आएका छन् भने उद्धीपनका रूपमा चर्को घाम, सेनाको कराई प्रस्तुत गरिएको छ अनि मामालाई दुश्मन खोज्छ नपर्ने, नरनारी डराउनु अनुभाव हो । यस्तै दुश्मन, सेना, सञ्चारी भाव र क्रोध स्थायी भाव भएकाले रौद्र रस अभिव्यक्ति छ ।

### ५.२.५ वीर रस

शत्रुले दिने हाँकलाई प्रतिपादन गर्न दुष्मनलाई हराउन, धर्म कर्ममा प्रवृत्त हुनु मानिसको मनमा एक किसिमको उत्साह र फुर्ती जागेर आउदा वीर रसको उदय हुन्छ । यसको स्थायी भाव उत्साह हो भने विभाव अर्न्तगत आलम्बनमा विरोधी, माग्ने दुःखी, तीर्थस्थल शत्रु आदि र उद्दीपनमा हाँक, बाजा, जोश, शत्रुको बल अहङ्कार दुःखीको दयनीय अवस्था आदि हुन्छ । अनुभवमा आक्रमण, शस्त्र अस्त्रको प्रयोग, पराक्रमको कथन, सत्कार, रोमाञ्चक, गर्वयुक्त वाणी, दयायुक्त बोली आदि हुन् र सञ्चारी भावमा गर्व हर्ष, धैर्य, दया, तर्क, आवेग आदि अनुभाव हुन् । उदाहरणका लागि केही अंशहरू यसप्रकार छन् । जस्तैः

*रावण चर्कियो, रावण चर्कियो ।*

*रामको एउटै बाणले, लङ्का थर्कियो ॥*

*युद्ध गर्नलाई, प्रभु युद्ध गर्नलाई,*

*गए दैत्य स्वर्गमा युद्ध गर्नलाई ॥*

शत्रुलाई आलम्बनका रूपमा रावण र शत्रुको बल, प्रभाव र शक्ति उद्दीपनका रूपमा र रामणको चर्को बोली, रामको वाण दैत्यको शक्ति रहन्छ भने धैर्य गर्व, स्मृति, आवेग, सञ्चारी भाव र स्थायी भावमा वीर रस अभिव्यक्त रहेको छ ।

### ५.२.६ भयानक रस

डर लाग्दो जन्तु, घटना दृश्य देखेर त्यसको कल्पनाबाट जुन चित्र वृत्ति हुन्छ । त्यतिवेला भयानक रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव भय (डर) हो भने विभाव अन्तर्गत आलम्बन विभावमा भय उत्पन्न गर्ने वस्तु, हिंस्रक जन्तु, सर्प, मसान भूतप्रेतको डर शङ्का आदि दृश्य जस्ता त्यस्तै उद्दीपनमा भएको चेष्टा तथा आशय आदि दृश्य जस्ता

स्थिति पैदा, डरलाग्दा वस्तु र पात्र डरलाग्दो क्रियाकलाप र व्यवहार आदि हुन्छ भने अनुभावमा बोली लर्बरिनु, भाग्नु, मुर्छा, रौं हुनु, पसिना आउनु, आवाज बिग्रनु, रुनु कराउनु आदि हुन्छन् भने सञ्चारी भावमा त्रास शङ्का, आवेग, चिन्ता, मोह, मुर्छा, ग्लानि आवेग आदि उत्पन्न हुन्छ । जानकारीका निम्ति यस क्षेत्रमा प्रचलित भजनका अंशहरू यसप्रकार छन् :

*रामले लिनुभयो, कालाग्नि स्वरूप,*
*पृथ्वी नि कामिन्, रामकै रूप देखेर ।*
*रावणमा चिन्ता भो, उल्का धेरै भयो,*
*प्रभुजीको खेलले, लोक सबै डरायो ॥*
*लङ्का खरानी, रामको नाम परानी, लङ्का खरानी ।*

रामको कालाग्नि स्वरूप आलम्बनका रूपमा अव्यक्त छन् । पृथ्वी काँप्ने, रामलाई चिन्ता, अनौठो घटना, लङ्का खरानी हुनु, उद्दीपन विभाव हुन् भने रौं ठाडो हुनु, उल्का हुने, पसिना छुट्ने, डराउने अनुभाव र भय अभिव्यक्ति रूपमा रहनु डर, भय जस्तो रस प्रयुक्त छ ।

### **५.२.७ अद्भूत रस**

अचम्म वा विचित्रका चीज देख्दा हाम्रो मनमा एक किसिमको आश्चार्यको भाव उत्पन्न हुनु नै अद्भूत रस हो । यसको स्थायी भाव विस्मय वा आश्चर्य हो भने विभाव अन्तर्गत आलम्बन विभावमा असाधारण, अलौकिक र विचित्रका वस्तु व्यक्ति दृश्य विस्मयजनक वस्तु, जादु, चटक र उद्दीपनमा वस्तुको विचित्रता, विस्मयपूर्ण, दृश्य, वर्णन, कम्पन, अक्कन वक्क हुनु र र कम्पन जस्ता विशेषता रहन्छन् भने अनुभवमा अक्कनबक्क हुनु, पसिना आउनु, रोमान्च, अकरिनु, औंलो टोक्नु, मुख बाउनु र सञ्चारी भावमा आवेग, शङ्का हर्ष, भ्रान्ति, तर्क, दीनता, चाञ्चल्यता, अचम्म त्रास, मोह आदि देख्न सकिन्छ । जानकारीका निम्ति यस क्षेत्रमा प्रचलित लोकभजनका उदाहरणहरू यस प्रकार छन् । जस्तैः

*लैजाऊ हनुमान, पहाड बोकी लङ्कामा ।*
*मुख खोली दिँदा विश्व देखिने*
*मनुष्यलाई भगवान् छक्क पार्दिने ॥*
*मुखमा सनिसार, कृष्ण लीला अपार ...*

हनुमानको शक्ति र कृष्णको लीला, आलम्बनका रूपमा पहाड बोक्नु, विश्वमुखमा राख्नु, कृष्णको शक्ति जस्ता उद्दीपन विभावकका रूपमा र हनुमानको शक्ति, कृष्णको मुखमा संसार हुन् भन्ने उत्सुकता, हर्ष, शंका, वितर्क, उत्सुकता, आवेक सञ्चारी भाव र विचित्र र अद्भूत रस अभिव्यक्त भएको छ ।

### ५.२.८ विभत्स रस

रगत, मासु जस्ता घिनलाग्दो वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुेन चित्तवृत्ति नै विभत्स हो । यस्तो क्षोभ, घृणा नै विभत्स रसको स्थायी भाव हो । विभाव अन्तर्गत आलम्बन विभावमा सडेका लास, दुर्गन्धित र घृणित वस्तु या प्राणी रगत, सडेको मासु, मलमुत्र आदि र उद्दीपन विभावमा फोहर, दुर्गन्ध र विकृति रूप आदि पर्दछन् । यस्तै अनुभावमा नाक, मुख खुम्च्याउनु, आँखा चिम्लनु, थुक्नु, छिः छिः गर्नु, घीन, व्याधि मुख फर्काउनु आदि जस्ता क्रिया हुन्छन् अनि सञ्चारी भावमा ग्लानी, आवेग, रोगव्याधि, चिन्ता, मोह आदि रहन्छन् । जानकारीका निम्ति भजनका केही अंश यस प्रकार छन् :

*काँधै बोकी हिँडे शिव, सती माइको शवलाई*
*स्याउँ स्याउँती झर्दा देख्यौ. किराहरू सलबलाई ॥*
*शिवजी चाल क्या हो नी, यस्तो विहाल ... ।*

स्वस्थानीमा शिवले सतीदेवीको लाश बोकेर हिँड्को, सतीको शब, स्याउँस्याउँती किरा झर्नु, सलबल गर्नु आदि आलम्बन विभाव हो । सतीको शव, किरा, सलबल जस्ता क्रियाकलापका रूपमहरू उद्दीपन विभाव हुन् । आँखा चिम्लनु, नाक खुम्च्याउनु, थुक्नु, मुख फर्काउनु आदि अनुभाव हुन् भने ग्लानी, आवेग, मोह, बेहाल, चाला आदि सञ्चारी भाव र स्थायी भावमा घृणा भएको विभत्स रस प्रस्तुत भएको छ ।

### ५.२.९ वैराग्य वा शान्त रस

यसमा सांसारिक मोह भङ्ग वा विराग उत्पन्न हुनु वा ब्रह्म सत्य जगत् मिथ्याको बोध हुनुलाई वैराग्य वा निर्वेद भनिन्छ । शान्त रसमा समताको भाव हुन्छ । सम भनेको आन्तरिक शान्ति हो । विभिन्न कारण र सांसारिक विषयबाट हुने विरक्तिलाई वैराग्यका रूपमा लिएको पाइन्छ । यसरी वैराग्यको भावना उद्वेग भएपछि मात्र तदानुकूल आन्तरिक शान्तिको अवस्था प्राप्त हुने हुनाले वैराग्यलाई स्थायी भावका रूपमा लिनु उपयुक्त देखिन्छ

(थापा, २०६६ : २७) । यसको स्थायी भाव समस्थिति वा शान्ति हो । यस्तै विभाव अन्तर्गत आलम्बन भाव समस्थिति वा शान्ति हो भने विभाव अन्तर्गतत आलम्बन विभागमा वैराग्य, समानता, सांसारिक, अनित्य, तात्विक ज्ञान, वैराग्य, भावना जस्ता भाव र उद्दीपन विभावमा आध्यात्मिक चिन्तन, तीर्थयात्रा, शास्त्रको अध्ययन र श्रवण, धर्मोपदेश, देव दर्शन, सत्सङ्गत, तपोवन, पवित्र ठाउँ आदि हुन्छ भने अनुभावका विषयमा अरुचि, गृहत्याग, समता सांसारिक, भीरुता र त्याग सात्विक रोमाञ्च आदि सञ्चारी भावमा धैर्य, स्मृति, वैराग्य, मति, स्मृति, हर्ष आदि उत्पन्न हुन्छन् । उदाहरणका लागि भजनका केही अंशहरू यसप्रकार छन् :

*भज परानी... २ यो जीवन मरेपछि हुन्छ खरानी ।*
*भक्तको पुकार, प्रभुजीकै आधार ।*
*स्वर्गको बास हुन्छ, सत्बीज छर्नेको ।*
*नरकको बास हुन्छ, गाँस हर्नेको ॥*

यसको आलम्बन विभाववमा भक्त, जीवनमरण आाएका छन् भने जीवन खरानी बन्नु, ईश्वरको पुकार जस्ता उद्दीपनका रूपमा आएका छन् । अनुभावअन्तर्गत सरल विचार, सन्तोष र आनन्द व्यक्त रूपमा आएका छन् । सांसारिक भीरुता र त्याग अभिव्यक्त श्रपमा छन् । सञ्चारी भावमा स्मृति, मति आदि र स्थायी भावमा वैराग्य छन् । यसरी शान्त रस अभिव्यक्त रहेको छ । यसरी रसका आधारमा नवै रस विश्लेषण गरे पनि खास गरी भजनलाई एउटा अर्को भक्ति रसको आवश्यकता पर्दछ । भक्ति रसका आफ्ना इष्ट देव, देवी, गुरु तथा मान्यजन, ईश्वरप्रतिको श्रद्धा भक्तिभावले गर्दा उनीप्रति आफ्नो श्रद्धाभाव व्यक्त गर्न मानव हृदयमा हुने ईश्वरप्रतिको विश्वासमा सद्भाव र भक्ति रसको स्थायी भाव नै भक्ति हो ।

## ५.३ थापाठाना क्षेत्रका लोकभजनमा अलङ्कार

अलङ्कार शब्द 'अलम' 'कृ' धातुबाट बनेको हो । अर्को शब्दमा अलम्+कृ+घञबाट बनेको हो । 'अलम्' भनेको भूषण हो । अलङ्कार शास्त्रमा जसले भूषित गर्दछ वा सिँगार्दछ, त्यसैलाई अलङ्कार भनिन्छ (थापा, २०६६ : २३१) । अलंकरोतीति अलङ्कार (अलंक्रियतेनेनत्यलङ्कारः) ॥ भनी भामहको काव्यलङ्कार, ३:१६ मा भनिएको छ । काव्यरूपी शरीरलाई सजाएर सुन्दर र आकर्षक बनाइदिने आभूषण नै अलङ्कार हो (श्रेष्ठ,

२०४४ : ११०) । अलङ्कारमा प्रमुख आचार्य भामहको काव्यालङ्कारमा अलङ्कारको वैज्ञानिक विवेचना गरिएको छ । उनले दोस्रो पक्षलाई लिएर ३८ अलङ्कारको संख्या बताए तर अभिनभ गुप्तले भने यस प्रसङ्गलाई शब्द भेद मात्र मानेका छन् ।

यसैगरी उद्भवले आठौं शताब्दीमा 'अलङ्कार संग्रह' नाम ग्रन्थ प्रकाशित गरी ४१ सम्म बताएको पाइन्छ । अर्का अलङ्कारवादी अर्थात, अलङ्कार सिद्धान्त र रस सिद्धान्तका सेतु रुद्रटले अलङ्कार ५० पुऱ्याएका छन् । आचार्य मम्मटको काव्यप्रकाश अलङ्कारलाई उचित स्थायी दिएर शब्द अलङ्कारको शब्द र अर्थालङ्कार को संख्या ६२ पुऱ्याएका छन् । पछि जयदेव, विद्याधर र अप्पय दीक्षितले अगाडि बढाए तर रस र ध्वनि नै उठ्न सकेन । भामहको आधारमा वाक्य वा सौन्दर्यपरक अभिव्यक्ति अलङ्कार हो भन्ने भनाइ छ भने अन्य अलङ्कारवादीको अलङ्कारलाई काव्यको आत्म वा काव्यको सौन्दर्यवर्द्धक तत्त्वका रूपमा लिएको पाइन्छ । त्यसैले काव्यमा पाइने मिठास वा माधुर्य नै अलङ्कार हो । अलङ्कारको अर्थ गहना हुन्छ । लोकभजनमा पनि अलङ्कारिता प्राप्त गर्न सकिन्छ वा वाक्यद्धारा सिंगारेर गाउने गरिन्छ । यो प्रभाव भजनमा पनि भेटिन्छ ।

अलङ्कार तीन प्रकारका हुन्छन् । (१) शब्दालङ्कार (२) अर्थालङ्कार (३) उभयलङ्कार (थापा, २०६६ : २३३) । शब्द प्रयोगमा सौन्दर्य र चमत्कार भयो भने शब्दालङ्कार हो । यो सुन्दैमा रमाइलो लाग्ने र शब्दको विचित्रताबाट काव्यको शोभा बढाउने हुन्छ । यसलाई ४ भेदका आधारमा अनुप्रास यमक, श्लेष, वक्रोक्ति आदि भेद छन् भनेअनुप्रासमा पनि अन्त्यानुप्रास, वृत्यानुप्रास, छेकानुप्रास, श्रृत्यानुप्रास र लाटानुप्रास गरी विभाजन गरिन्छ ।

**अन्त्यानुप्रास**

शब्दालङ्कार को एउटा भेद अन्त्यानुप्रास हो । जसमा चरण वा पाउको विश्राम अन्त्यमा समान वर्णका पद र वाक्यांशको समूह दोहोरिएर प्रयुक्त हुन्छ । यो भजनमा पूर्ण रूपमा भेट्न पाइन्छ । जस्तैः

*सबै मरिन्छ, सबै मरिन्छ*

*धर्म कर्म छोडियो भने नर्क परिन्छ ।*

यस भजनमा पदको अन्त्यमा मरिन्छ, इन्छ, इन्छ, जस्ता शब्द वा वर्ण अन्त्यानुप्रास भएर आएका छन् ।

**वृत्यानुप्रास**

जहाँ स्वर र व्यञ्जन जस्ता वर्णहरू अनियमित रूपमा धेरै पटकसम्म दोहोरिन्छन् । खासगरी खेली भजनमा वृत्यानुप्रास प्रयोग हुन्छ । जस्तैः

*हरि भन्छु मैले, राम राम भन सबैले*

*राधे कृष्ण, राधे कृष्ण ।*

*कृष्ण, कृष्ण, राधे राधे ॥*

यसमा राम, कृष्ण, राधे पटक पटक अनियमित रूपमा दोहोरिएका छन् । जुन वृत्यानुप्रास अलङ्कार भएर आएका छन् ।

**छेकानुप्रास**

छेक को अर्थ प्रिय हो (थापा, २०६६: २३५) । धेरै स्वर व्यञ्जनको एक-एक भाव एक-एक पटक दोहोरिँदा छेकानुप्रास अलङ्कार हुन्छ । जस्तैः

*मेघ घुम्दै घुम्दै आई, पुग्छ पानीमा*

*मनमा भक्ति भए पूजा, हुन्छ थालीमा ॥*

यसमा पानीमा र थालीमा जस्ता शब्दमा मा-मा अन्त्यमा एकएक पटक आवृत्ति भएर छेकेका हुनाले छेकानुप्रास अलङ्कार भएको छ ।

**श्रुत्यानुप्रास**

जुन भजनमा एकै स्थानबाट उच्चारण हुने वर्णहरू नियमित रूपले आवृत्ति हुन्छ वा दोहोरिन्छ । त्यस्तोमा श्रुत्यानुप्रास हुन्छ । जस्तैः

*मनको ईश्वर चिन, मनको ईश्वर चिन ।*

*बाहिर खोज्दै नहिन, मनको ईश्वर चिन ।*

**लाटानुप्रास**

एउटै पद वा वाक्यको विभिन्न अर्थमा दोहोरिएर प्रयोग हुने अलङ्कार लाटानुप्रास अलङ्कार हो । यो भारतको एउटा प्राप्तको रूपमा रहेको गुजरातको पुरानो नाउँ लाट हो । यसबाट लाटा देशमा उत्पत्ति भएकाले लाटानुप्रास भएको हो (थापा, २०६६:२३५) । यो हरि कीर्तनमा पनि प्रयोग हुने गर्दछ । जस्तैः

*हरे राम हरे राम, राम राम हरे हरे*

*हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे ॥*

यसरी अन्य भजनमा पनि हरे, राम, कृष्ण दोहोरिएर आएको हुन्छ । हरे राम, हरे कृष्ण सामान्य र विशेष भएर दोहोरिएका छन् । यसैले यसलाई लाटानुप्रास अलङ्कार भनिएको हो ।

**अर्थालङ्कार**

शब्दको अर्थमा मात्र सौन्दर्य र चमत्कारको सिर्जना भयो भने अर्थालङ्कार हुन्छ ( थापा, २०६६:२३३) । अर्थालङ्कार भनेको अर्थको चमत्कारद्वारा काव्यको सौन्दर्य बढाउने कामको नाम हो । भावलाई सशक्त पार्दै मानस चक्षुको सामुच्य बिम्ब विधानको रूप देखा पर्दछ । यसका भेदहरू उपमालङ्कार , रूपमालङ्कार , अभिशयोक्ति, दृष्टान्त, उत्प्रेक्षा, समाशोक्ति, लाकोक्ति, दीपक र अर्थान्तरन्यास आदिमा विभाजन गरिएको छ । केही मात्रत्रामा भजनमा विश्लेषण गरिन्छ ।

**उपमालङ्कार**

उप भनेको नजिक वा छेऊ हो । एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो (थापा, २०६६:२३८) । जब कुनै दुई भन्नि वस्तुको सादृय मिलाइन्छ र उपमान र उपमेय साधारण धर्म र वाचक शब्दबाट उपमा अलङ्कारको अर्थ आउँछ । जस्तैः

*कृष्ण गोकुलैमा, कपुरबत्ती झलल ।*

*मेघ झैँ गर्जिए हनुमान लङ्कामा ॥*

*कृष्णलाई पोल्छ अब, चर्को घामले ।*

*दुश्मन खोज्नुपर्दैन, आफ्नै मामाले ॥*

*मलाई बगाउलाकी, फूल बगाउने नदीले ।*

*आउन वरिपरि, राधाकृष्ण झैँ गरी ॥*

यसमा कृष्णलाई कपुरबत्तीको, हनुमानको गर्जनलाई मेघको, मामालाई दुश्मनको, मलाई फूलको बगाई र राधाकृष्ण झैँ वरिपरि जस्ता उपमा दिइएको छ ।

**रूपकालङ्कार**

रूपकालङ्कार भन्नाले उपमेय र उपमाको बीचमा आदेशमूलक आरोप गरी एउटै रूपमा बयान गरिन्छ । आरोपलाई अभेद र तादाम्य पनि भनिन्छ । यसरी रूपक अलङ्कारमा फलानो नै फलानो हो भन्ने कुरा तोकेर बताइन्छ (थापा, २०६६:२३९) । जस्तै :

*बाबा बिते, आमा बिते, सबै शून्य भो,*
*आखिरीमा सँगै लाने, पाप पुण्य हो ॥*

*टाढामा देखे, माता महतारी ।*
*भोकमा भोजन, पाउँछौ के गरी ॥*

यसमा मनमा उब्जेका भावना अनुसार बाबा आमा बितेपछि सबै शून्य । आमा टाढा हुँदा खाना नपाइने भनी बाबा-आमा जीवन र आमा नै खानाको स्रोत भनिएको छ ।

**अतिशयोक्ति**

साधारण कुरा वा वस्तुको असाधारण रूपमा वर्णन गरिने अलङ्कार नै अतिशयोक्ति अलङ्कार हो (थापा, २०६६ : २४५) । अतिशक्तिको अर्थ हुन्छ उक्तिमा अतिशयता यसमा प्रस्तुत लुकाई अप्रस्तुतद्वारा क्रियाको वर्णन गरिन्छ । अर्को शब्दमा कुनै कुराको वर्णन सीमा नाघी चर्कोसित बढाएर गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ । जस्तै :

*जल बसिँदा, सूर्य चकिँदा बिमल*
*चन्द्रले छकिँदा, सुधा मनमस्त भै*
*गाउने लय अचल, धन्य हो त्यो हिमाल* (पराजुली, २०४०:३१८) ।
*झल्के हीरा मोती, नाच्न थालिन अप्सरा ।*

यहाँ बसिँदा र चकिँदा त्यस्तै हिमाल र अञ्चल एवम् यहाँ नाँच्ने महिलालाई अप्सरा र गहनालाई हीरा मोति मानिएका छ । त्यसैले यो अतिशयोक्ति अलङ्कार हो ।

**दृष्टान्तलङ्कार**

जहाँ दुई वाक्यमा एक अर्काको पारस्परिक छायाँ पर्दछ, (पराजुली, २०४० : ३१८) । दृष्टान्त भएको उदाहरण हो । एउटा भनाइलाई अर्को भनाइ वा उदाहरणद्धारा पुष्टि वा प्रमाणित गर्नुलाई दृष्टान्तलङ्कार भनिन्छ (थापा, २०६६: २४०) ।

*छल रावणको, होइन मृग सुनैको ।*
*नरोऊ सीता वनमा, रामलाई सम्झेर*
*धर्म हो धीरको धैर्य राख्नु दुःख जालमा ।*
*मानू मौनव्रती हुन्छ कोइली शीतकालमा ॥*
*राम्रो गर्नुपर्छ, छल गर्नु हुँदैन ।*

यसमा रावणको छल र सुनको मृग, रुनु रामलाई सम्झनु, निहुरुनु, झुक्नु, धीर, मौनव्रती जस्ता दृष्टान्त वा उदाहरण दिएको छ ।

## ५.४ थापाठाना क्षेत्रमा लोकभजनमा विषयवस्तु

थापाठाना क्षेत्रका भजनहरूमा विविध विषयवस्तु समेटिएका छन् । थापाठाना क्षेत्रको सामाजिक परम्परा, उत्सव, मेला, पर्व, व्रत, लोकसंस्कार एवम् लोक प्रचलनहरू भजनको विषयवस्तुका स्रोत हुन् । यस क्षेत्रका भजनलाई विषयवस्तुका आधारमा नमूनाका  रूपहरू यसरी लिन सकिन्छ ।

### ५.४.१ धार्मिक विषयवस्तु

लोकभजन धार्मिक भावनाबाट प्रेरित भई पुराणमा आधारित भएर गाउने गरिन्छ । त्यसैले लोकभजनका विषयवस्तुहरू पनि धार्मिक कार्य र धार्मिक भावनाबाट प्रेरित हुन्छन् । समाजमा धर्म विनास हुँदै गयो, धर्म खोज्न कहाँ जाने, मोक्ष प्राप्त गर्न, पुण्य कमाउन के गर्न सकिन्छ भन्ने भावहरू र पुराणमा उल्लेख भएका विविध भगवान्का अवतार र तिनीहरूबाट धर्मको रक्षा गर्न अधर्मको नष्ट गर्ने प्रसङ्ग र पुण्य कमाउन तीर्थ व्रत जाने भन्ने मात्र होइन, लोकभजनमा ईश्वर, देवीदेवताको सर्वव्यापकताको चित्रण गरिएको पाइन्छ । जस्तैः

(अ) *पहिलामा तीर्थ मुक्तिनाथ जाउला ।*
*शालिग्राम देवताको दर्शन पाउँला ।*

*(आ)  खै बाटो खनेको स्वर्ग जानी भनेको ।*
*स्वर्ग जानी बाटो न ढुङ्गो छ न माटो ।*

*भक्तको रक्षा गर्न अवतार लिनु भो*
*खम्बा फोरी भगवान्ले दर्शन दिनु भो ।*

*कंस अत्याचारी, कृष्ण लीला बिहारी ।*

*यो पनि रामको, त्यो पनि रामको ।*
*सारा संसार रामको म पनि रामको ॥*

*लीला हरिको, लीला हरिको ।*
*यो संसारभरिको लीला हरिको ॥*

### ५.४.२ सामाजिक विषयवस्तु

सामाजिक परिवेशमा अनुभव गर्न सकिने दुःख, प्रेम, पीर, स्नेह, शोक, चिन्ता जस्ता भावनाहरू पनि लोकभजनमा पाइन्छ । समाजका बूढापाका मानिसहरूको जीवन भोगाइका व्यथा एवम् मनको वह पनि लोकभजनबाट व्यक्त गर्दछन् र मनमा शान्ति प्राप्तको अनुभव गर्दछन् । जस्तैः

*जपिँदैन हरि, बरबर आँसु नझरी ।*
*कल्ले भन्छ हरि, मनमा पीर नपरी ।*
*(जपम् हरिलाई ...)*[२]
*यो जिन्दगी भरीलाई, जपम् हरिलाई ।*

### ५.४.३ प्राकृतिक विषयवस्तु

थापाठाना क्षेत्रको लोकभजनमा पनि अरु ठाउँको जस्तै प्राकृतिक चित्रण गर्दै यहाँको छटाको भरपूर मनोरञ्जन गर्न पाइने हुन्छ । यहाँ खोला, नाला, हावापानी, धार्मिक स्थल,

पहपाडका एकान्त ठाउँ जस्ता प्राकृतिक वस्तुहरू एवम् प्राकृतिकसँग सम्बन्धित विषयहरू लोकभजनमा भेटिन्छन् । जस्तैः

*मोदीवेनी धाम, बीचमा कालीगंगा,*
*गंगाजीको दर्शन गरी हामी मुक्ति हुम्ला ॥*
*भूमे तिम्रो शरणमा, जन्मदेखि मरणमा, भूमे तिम्रो शरणमा ।*

*कोटका भूमे शिरै राखी, गरौं राम्रो काम ।*
*मनमा पाप छैन भने, त्यहीँ छ चारै धाम ॥*
*भूमे तिम्रो शरणमा, .......*

*पूर्व फर्के डहरेकी देवी हाँसिरहने ।*
*उत्तरतिर धौलागिरी माया गाँसिरहने ॥*
*भूमेकै छ शरण, ........*

### ५.४.४ नैतिक विषयवस्तु

थापाठाना क्षेत्रको लोकभजनमा पनि मानवीय गुण निर्माणमा नीतिचेतना, नैतिकता, निष्ठा र आस्था जस्ता विषयहरू लोकभजनका भावहरू गाँसिएको पाइन्छ । नैतिकता, आदर्श, सत्चरित्र निर्माणमा लोकभजनले विशेष जोडिएको पाइन्छ । जस्तैः

*बाचुञ्जेल तेरो मेरो, भन्ने हामी छौं,*
*मर्ने बेला भै सक्यो, के पो लाने हौं ॥*

*दीनदुःखीमा सेवा गर्ने, हाम्रो कर्म हो,*
*जगत्को भलो गर्नु, हाम्रो  धर्म हो ।*

*नगरौं न भूल, नगरौं न भूल,*
*पिता, माता, गुरु भन्नु, ईश्वर नै हुन् ।*

*गाई, गंगा, तुलसी ईश्वरको नाऊँ ।*
*स्वर्ग जाँदा मुक्ति दिने  यिनै नाम हुन् ॥*

*जपम्हरिनाम, जपम्हरिनाम*
*यो जिन्दगी भरिलाई, जपम्हरिलाई ।*

## ५.५ थापाठाना क्षेत्रका लोकभजनमा शैली

कुनै पनि भाव या विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र तरिका नै शैली हो -थापा, २०६६: ११६) । शैली आगमनात्मक र निगमनात्मक शैलीका साथै सरल, अलङ्कृत र गुम्फित अनि वर्णन शैली पनि हुन्छ । वर्णन शैली पनि समाज र व्यास शैली गरी दुई प्रकारका हुन्छन् । कतैकतै धारा र तरङ्ग शैली पनि प्रयोग गरिन्छ । कतैकतै प्रश्नोत्तर हुन्छ भने वर्णनात्मक रूपमा व्याख्या गर्दै आख्यानलाई लयमा लगिन्छ । भाषा प्रस्तुत गर्ने विभिन्न पद्धति नै शैली हो । 'ष्यञ' र 'ङीप्' प्रत्ययको योगबाट शैली शब्द बनेको हो । शीलको अर्थ स्वभाव हो । यसरी शैलीको अर्थ लेखाइको विशेष ढङ्ग र परिपाटी भन्ने बुझिन्छ । अर्को शब्दमा शैली भनेको भाषाको स्वभाव हो । शैलीले भाषाको स्वभाव मात्र व्यक्त नगरी भाषाका प्रयोक्ताका रूपमा रहेका लेखकको स्वभाव र मनस्थिति विशेष पनि इङ्गित गर्दछ । त्यसैले भाषा विचार र भावको बाह्य आवरण हो, शैली भाषाको स्वत्व व्यक्तित्व र अस्तित्व हो (थापा, २०६६ : ९२) ।
खासगरी बलेवा क्षेत्रमा लोकभजनका शैलीलाई तीन भागमा विभाजन गरी यिनै शैली प्रयोग गरिएको पाइन्छ :

- प्रश्नोत्तरात्मक शैली
- वर्णनात्मक शैली
- भावात्मक शैली ।

### प्रश्नोत्तरात्मक शैली

प्रथमतः प्रश्नोत्तरमा जिज्ञासा राख्ने र दोस्रो पङ्क्तिमा उत्तर दिने पनि गरिन्छ । यस शैलीमा भजनमा नै प्रश्न गर्ने र भजनमा नै उत्तर दिने गर्दछन् । कतै कतै आफैँले प्रश्न गर्ने र आफैँले उत्तर दिने गरिन्छ भने कतैकतै प्रश्नोत्तरमा दोहोरी पनि चल्दछः जस्तैः

*प्रश्नः रामको पैतालामा कदम फूल लेखेको, कल्ले होला देखेको ?*

*उत्तरः रामको पैतालामा कदम फूल लेखेको, मैले होला देखेको ?*

*प्रश्नः के होला संसार, रामको नाम अपार ?*

*उत्तरः भजन संसार, रामको नाम अपार ।*

**वर्णनात्मक शैली :** भजनमा वर्णन वा वर्णनात्मक शैलीको प्रयोग हुने गर्दछ । यसमा समाज र व्यास शैली गरी दुई भागमा शैली वर्णन गरिन्छ । समाज शैलीमा संक्षिप्त र क्षिप्र वर्णन हुन्छ । व्यास शैलीमा सानो कुरालाई पनि लम्ब्याएर व्याख्या गर्ने परिपाटि हुन्छ । यसमा कुनै पनि वर्णन र विश्लेषणमा विशदता र विस्तृतता हुन्छ (थापा, २०६६ : १३६) । जस्तैः

*खुट्टाले गर्ने, तीर्थ र व्रत हातले गर्ने दान,*

*मुखले जप्नु, हरिको नाम, आत्ममा लिनु ज्ञान ।*

*खाने मात्र होइन मुख, राम नाम बोल्ने,*

*कहिले होला भगवान्ले, बाहिरी आँखा खोल्ने ।*

**भावात्मक शैली**

जीवनका सुखदुःख, आशा निराशा, हाँसो रोदन आदि यसमा वर्णन गरिन्छ । लोकभजनमा पाइने अर्को महत्त्वपूर्ण शैली हो भावात्मक शैली । गीत मूलतः भावात्मक हुन्छ । गीतमा विचारको सूक्ष्म रूप हुन्छ तर, भावको सघनता हुन्छ । त्यसैले गीतमा भावनात्मकता हुन्छ । गीत मूल रूपमा आत्मपरक हुन्छ (थापा, २०६६: ४४) । खास गरी भक्तहरू भगवान्को शरणमा पर्ने र उनकै सामिप्यमा पुग्ने अर्ती उपदेश दिएर भक्तको रक्षा गर्ने भगवान्को चरणमा परे मुक्ति पाइन्छ भन्ने भावना व्यक्त हुन्छ । जस्तैः

*बाहिर खोज्दै नहिँन, मनको ईश्वर चिन ।*

*मनको ईश्वर चिन, मनको ईश्वर चिन ।*

*भुल्नु हुँदैन, भुल्नु हुँदैन,*

*हर्ने भर्ने भूमेलाई भुल्नु हुँदैन ।*

*(कहिल्यै नभुलौं .....)*[२]

*सिद्धिदाता गणेशलाई, कहिल्यै नभुलौं ।*

## ५.६ थापाठाना क्षेत्रका लोकभजनमा प्रयुक्त भाषा

अरुका मनका कुरा बुझ्ने र आफ्ना मनका कुरा अभिव्यक्त गर्ने माध्यम नै भाषा हो । त्यसैले भाषा विचार विनिमयको साधन हो । भाषा सरल, सहज सरस हुनुपर्छ । प्रकट रूपमा कुनै पनि विचार या भाव अभिव्यक्त गर्ने एउटा माध्यम भाषा नै हो । साहित्य त्यसै अभिव्यक्तको एउटा कलापूर्ण, उद्देश्यपूर्ण र प्रभावपूर्ण साधन हो । त्यस्तै, भाषामा सरल र सहजता हुनुपर्दछ । कलात्मकता, प्रभावात्मक मूल्य पनि भाषाको मूलभूत गुण हो (थापा, २०६६: ९१) । थापाठाना क्षेत्रका लोकभजनमा पनि पाइने भाषिक मौलिकता, श्रुति मधुरता, ठेट शब्द, स्थानीय शब्द, तत्सम् शब्द, आगन्तुक शब्द एवम् अनुकरणात्मक र अर्थहीन शब्दको प्रयोग पनि विशेष तरिकाबाट भएको छ ।

### ठेट शब्द

लोकभजन लोकगीतको एउटा भेद भएकाले भाषिक दृष्टिले पनि आफ्नै मौलिकता हुन्छ । यसलाई ठेट शब्द भनिन्छ । थापाठाना क्षेत्रमा गाइने लोकभजनमा खासगरी आफ्नै मौलिकता भए पनि धेरै जसो रविकृत रामायणमा आफ्नै लय हुन्छ । यसलाई पनि कालीपारे आँधीखोले जस्ता नाम दिने चलन छ र ठेट शब्दको प्रयोग थापाठाना क्षेत्रका लोकभजनमा पनि पाइन्छ । जस्तैः

क. बाग्लुङ (कालीपारे)	भजन संसार, रामको नाम अपार,

ख. थापाठाना क्षेत्रमा :	जपम् हरिलाई, जपम् हरिलाई,
यो जिन्दगी भरिलाई, जपम् हरिलाई,

ग. आँधीखोले :	खोई बाटो खनेको, स्वर्ग जानी भनेको ।

यस क्षेत्रमा राम र कृष्णको भजन बढी चल्ने गर्दछ तापनि रविकृत रामायण सबैले गाउने गर्दछन् ।

### स्थानीय शब्द

स्थानीय रूपमा क्षेत्रगत तरिकाबाट प्रयोग गरिने भाषालाई स्थानीय भाषा भनिन्छ । थापाठाना क्षेत्रका लोकभजनमा स्थानीय भाषाको प्रभाव प्रचुर मात्रामा पाइन्छ । लाम्ला, खाम्ला, भन्चु, खान्चु जस्ता शब्द प्रयोग गरिएको छ भने भाषामा हिज्जेको ख्याल गरिएको छैन । स्थानीय भाषाको प्रभावले स्थानीय शब्दको प्रयोग प्रचुर मात्रामा पाइन्छ । जस्तैः

*रामलाई अघि लाम्ला*
*रामको पछि मै जाम्ला ।*
*ए हरि.... हरि भन्चु मैले*
*राम राम भन सबैले,*

*जानी कहाँ होला, उनै रामलाई थाहा होला ।*

*आँटेको पुराउनी, भूमे तिम्रो शक्ति,*
*हाम्रो पनि जाई लागोस्, प्रभु माथि भक्ति ॥*
*हे.... शक्ति भगवान्को, भक्ति हाम्रो मनको ।*

**तत्सम् शब्द**

संस्कृतबाट नेपाली भाषामा प्रयोग हुँदा रूप परिवर्तन नभई जस्ताको तस्तै आएका शब्दलाई तत्सम् शब्द भनिन्छ । बलेवा क्षेत्रका लोकभजनमा यस्तो भाषाको प्रयोग प्रभाव परेको पाइन्छ । रघुनन्द, घनश्याम, राधेश्याम, रघुपति, सीताराम जस्ता शब्दहरू हुन् । जस्तैः

*जय रघुनन्दन जय घनश्याम,*
*मुरली मनोहर राधेश्याम ।*

*रघुपति राधव राजाराम,*
*पतित पावन सीताराम ।*
*सीताराम, सीताराम, सीताराम ।*

**तद्भव शब्द**

नेपाली भाषाको जननी  भाषा संस्कृत भाषा हो । नेपाली भाषामा प्रयोग हुँदा रूप परिवर्तन भई भावानुवाद र भाषालाई श्रुतिमधुर बनाई जनमानससम्म सजिलै बुझ्ने हुँदा थापाठाना क्षेत्रका लोकभनजमा पनि असार, कात्तिक, धरिम, धरम, पुन्ये, मनुख्य करिम जस्ता शब्द पनि प्रयोग भएका छन् । जस्तैः

*असारमा एकादशी, कात्तिकमा दान,*
*स्वर्ग जान बाटो खुल्न, जप्नु राम नाम ।*

*धरमले धरम दान पुन्ने*
*पापीजन मनुख्यको आत्म शून्य ।*
*मुनुस्यको करिम, गर्नुपर्छ धरिम ॥*

**आगन्तुक शब्द**

कुनै पनि भाषामा अरु भाषाबाट थुप्रै शब्दहरू आउने गर्दछन् । सकभर भाषाको प्रकृति अनुसार त्यसमा मिल्छन् । नेपाली भाषामा संस्कृति र प्राकृत अपभ्रंश हुँदै प्रयोग भएका छन् । तत्सम् र तद्भवबाहेक अन्य भाषाबाट आन्तरिक तथा बाह्य (अन्य भाषा) बाट नेपाली भाषामा प्रयोग भई पानी पँधेरो जस्तो भएर नेपाली भाषा धनी भएको छ । यस्ता आगन्तुक शब्दहरूको प्रभाव लोकभजनमा पनि परेको पाइन्छ । जस्तैः

*जय गणेश, जय गणेश, जय गणेश देव*
*माता जाकी पार्वती पिता महादेव ।*

*अन्धेको आँख देत, कोडिनको काया*
*बाँझनको पुत्र देत, निर्धन माया ।*

*एकदन्त दयाबन्त, चार भुजाधारी*
*मस्तक सिन्दुर सोहे मुसेकी सवारी ।*
*जय गणेश, जय गणेश.... ।*

*प्रथम औतार प्रमुख मत्स्यरूप धारणं,*
*शङ्खचक्र गर्दा पद्यम संख्यासुर छेदनम्*
*द्वितीय अवतार कमठरूप धारणं*
*सुरअसुर सहाय मन्द्राचल धारणम् ।*

**अनुकरणात्मक शब्द**

अनुकरण भनेको नक्कल हो । कुनै कार्य, दृश्य, आवाज, घटना, गति आदिको नक्कल बुझाउने शब्दलाई अनुकरणात्मक शब्द भनिन्छ । यस्ता शब्द ठेट नेपाली शब्द हुन् । नेपाली वन पाखामा खेलेका र हुर्केका अनेक शब्द विछट्टै स्वादिला हुन्छन् । नेपालीको चोखो विशेषता र आफ्नै पेवा हो । सललल, सलल, झलल जस्ता शब्दहरूको प्रभाव लोकभजनमा पनि परेको पाइन्छ । जस्तैः

*उधै सललल, गंगा जल निर्मल*
*तलतिर काली गंगा बगिन सलल ।*

*माथिल्तिर देवी थान मन्दिर झलल*
*नाँच फुरुरु, नाँच फुरुरु, फूल लायकी मयालु ।*

# अध्याय : छ

# निष्कर्ष

## ६.१ सारांश

पर्वतको थापाठाना क्षेत्रमा प्रचलित लोकभजनको सलन गर्ने सन्दर्भमा यस शोधपत्रमा नेपाली लोकसाहित्यको सर्वाधिक चर्चित विधा लोकगीतको एक उपविधा वा उपभेदको रूपमा रहेको लोकभजनलाई लिइएको छ भने क्षेत्रगत रूपमा पर्वत जिल्लाको ५.५ कोष दक्षिण भेगमा अवस्थित थापाठाना क्षेत्रका सबै टोलहरूलाई लिएको छ । यस क्षेत्रको लोकभजनको अध्ययन, सलन गरी वर्गीकरण गर्नुका साथै विश्लेषण गरिएको छ ।

नेपाली लोकसाहित्यको अति लोकप्रिय विधा लोकगीत अन्तर्गतको उपविधा लोकभजन प्राचीन कालदेखि नै धार्मिक मनोरञ्जनात्मक धर्म, संस्कृति एवम् बौद्धिकताको महत्त्वपूर्ण हिस्सा बोकेका लोकभजनहरू अनुसन्धान र अध्ययनका अभावले गर्दा लोभ हुने अ वस्थामा पुगेको अनुभव हुन्छ । पर्वत जिल्लाको थापाठाना क्षेत्रमा प्रचलित लोकभजनको सलन गर्ने क्रममा प्रायः जसो उमेर ढल्केका बूढापाका मात्र जान्ने बुझ्नेका रूपमा देख्न पाइयो । कतै-कतै रमाइलाका लागि भाका छोप्ने युवायुवती भए पनि प्रायः संलग्नतामा बूढापाका नै पाइयो । त्यसैले यस क्षेत्रको लोकभजनको सामान्य अध्ययन गरिएको हो । ठेट शब्द स्थानीय कथ्य भाषाको प्रभाव पनि परेको छ ।

नेपाली लोक परम्परामा अन्य गीत जस्तै लोकभजनको पनि विशिष्ट स्थान छ । नेपाली लोकसाहित्यका विद्वान्हरूबाट भजनका सम्बन्धमा विशिष्ट खोजमूलक अध्ययन नभए तापनि नेपाली लोकगीत अन्तर्गत भजनको सामान्य टिप्पणी मात्र भएको तथ्य प्रस्तुत अध्ययनको क्रममा फेला पारियो । त्यसैले सामान्य रूपमा भएका अध्ययनलाई आधार मानी नेपाली लोकगीतको सन्दर्भमा लोकभजनलाई वर्गीकरण गरेर विश्लेषण गरिएको छ ।

यो शोधपत्र तयारका क्रममा थापाठाना क्षेत्रका विभिन्न टोल, विभिन्न स्थानमा, विभिन्न समयमा कहिले ग्रहशान्ति, कहिले सत्यनारायणको पूजा, रुद्री, चौरासी पूजा, कहिले स्वस्थानी, वास्तु त कहिले शिवरात्रि, कृष्णाष्टमी जस्ता विविध अवसर पारेर भजन गाउने भक्तहरूर्लाइ अनुरोध गरी लोकभजनको अडियो भिडियो, फोटा र लिखित पाण्डुलिपि पनि सलन गरिएको । संकलित भजनलाई नेपाली लोकभजनलाई लोकगीतको एक प्राचीन उपभेदका रूपमा देखाइएको छ ।

यस शोधपत्रको अध्याय एकमा परिचय अन्तर्गत शीर्षक, उद्देश्य, समस्या समाधान, परियोजना लिएर सामग्री सलन र विश्लेषणसम्मका विषयवस्तु समावेश गरी अनुसन्धानको महत्त्व र औचित्यलाई प्रष्टयाई क्षेत्र र सीमा निर्धारण गरी शोधपत्रत्रको रूपरेखा दिने काम गरिएको छ । यस्तै अध्याय दुईमा पर्वत जिल्लाको थापाठाना क्षेत्रको परिचय, सीमाना, नामाकरण, भौगोलिक अवस्था, शैक्षिक स्थिति, सामाजिक रहनसहन, सांस्कृतिक, पुरातात्विक, पर्यटकीय अवस्था एवम् मन्दिर, धार्मिक स्थल र धार्मिक स्थितिका बारेमा सामान्य प्रकाश पार्ने काम गरिएको छ । अध्याय तीनमा लोकभजनको सैद्धान्तिक स्वरूप खोज्ने, प्रयत्नमा लोकसाहित्य र लोकगीतका विशेषता, महत्त्व, उपयोगिता र वर्गीकरण गरी भजनको स्वरूप खोजी लोकगीत र लोकभजनको भिन्नता खोज्ने काम गरिएको छ ।

अध्याय चारमा थापाठाना क्षेत्रका लोकभजनहरूको वर्गीकरण र सलन गर्ने कार्य र भजनको अर्थ परिभाषा भजन र भक्तिसाहित्य, भजन र कीर्तन, भजनको महत्त्व, भजनका तत्त्व र विशेषताका रूपरेखा अध्ययन गरी वर्गीकरण र प्रकार उल्लेख गर्नुका साथै थापाठाना क्षेत्रमा गाइने लोकभजनहरूको सलन गरी विभिन्न शीर्षक र उपशीर्षकमा वर्गीकरण गरिएको छ ।

अध्याय पाँचमा थापाठाना क्षेत्रमा गाइने लोकभजनहरूको विश्लेषण गरिएको छ । यसरी भजनको विश्लेषण गर्ने क्रममा रस, अलङ्कार, विषयवस्तु र प्रयुक्त भाषा जस्ता विविध दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यसैगरी शोधपत्रको अध्याय छ मा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ । जस अन्तर्गत सारांश र निष्कर्ष उपशीर्षकमा समग्र शोधको निष्कर्ष निकाली केही सुझावहरू तयार गरिएको छ । यस्तै परिशिष्ट खण्ड अन्तर्गत संकलित केही भजनहरू र यस क्षेत्रका भजनेहरूको विवरण तथा भजन सलनका क्रममा प्रयोग भएका प्रश्नावली, प्रमुख भक्ति र अन्य भक्तिहरूको विवरण, फाराम र विभिन्न स्थानका भजनेका तस्वीर समावेश गरिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधपत्रमा पर्वत जिल्लाको थापाठाना क्षेत्रका लोकभजनहरूको अध्ययन गरिएको छ । यस क्षेत्रका नागरिकहरूको धर्म, संस्कृति लोक विश्वाससँग प्रत्यक्ष सम्बन्ध रहने भएकाले लोकभजनलाई सलन गरी वर्गीकरण र विश्लेषण गर्दा केही महत्त्वपूर्ण निष्कर्ष प्राप्त गर्न सकिन्छ ।

नेपाली समाजको मनमुटुका ढुकढुकी बनेर रहेको लोकगीत अन्तर्गत लोकभजन प्राचीन रूप हो भन्न सकिन्छ । नेपाली लोकगीत वनपाखा, चौतारी, भञ्ज्याङ र देउरालीहरू रन्काएको पाइन्छ । त्यसैले पनि पर्वतको थापाठाना क्षेत्रमा प्रचलित लोकभजनले पनि सामाजिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय तथा पौराणिक पक्षलाई आत्मसात गर्दै समाज परिवर्तनको बाटामा फैलिएको पाइन्छ । यस क्षेत्रका लोकभजनहरू नेपालको पश्चिम भेगका अधिकांश क्षेत्रमा गाइने भजनहरूसँग मिल्दाजुल्ला नै देखिए पनि भाका, लय र कथ्य रूपमा अन्तर पाउन सकिन्छ । समाजशास्त्रीय दृष्टिकोणमा र सामाजिक रूपान्तरणको सिद्धान्तअनुसार अध्ययन गर्दा लोकभजनले पनि सहयोग पुऱ्याउने देख्न सकिन्छ ।

लोकभजनको सन्दर्भमा कतिपय अध्येताको अध्ययन र विश्लेषणलाई अध्ययन गर्दा भजन आनन्दवादी वा भाग्यवादी प्रवृत्तिलाई जोड दिएको पाइन्छ कलियुगमा मानवलाई शान्ति प्राप्तिको बाटो नै भजन, कीर्तन नै भएकाले भागवतको अध्ययनका आधारमा नैतिकता र आदर्श बन्न पनि भगवान्को स्तुति गर्नुपर्ने सोँच रहेको हुँदा यसको अध्ययन महत्त्वपूर्ण रहन्छ । हरि, कृष्ण, शिव, राम, गणेश, दुर्गा, सरस्वती, गोलेनी, हनुमान, कुलदेव र भैरव देवको आराधना गर्दै गाइने लोकभजनले लोकसाहित्यको विकासमा थप कोसेढुङ्गा सावित हुनेछ भन्ने अभिप्रायले यसको अध्ययन आवश्यक ठानी सलन गरिएको छ ।

## **६.३ सुझाव**

खासगरी पर्वत जिल्लाको थापाठाना क्षेत्रका लोकभजनहरूको अध्ययन पछि यस क्षेत्रका भजनहरूका सम्बन्धमा निम्न निष्कर्ष प्रस्तुत गर्न सकिन्छ ।

(अ) मानवीय भाकामा एक रूपता र स्थानीय मौलिकताको सामुहिक प्रस्तुति ।

(आ) लोकभजनमा भेटिएका लोकलय, नेपाली लोकभजको अमूल्य निधिको संरक्षण ।

(इ) मानवीय आस्था, भावना, विश्वास र गतिशील समाजको अग्रगमन सोंच बनाउन ।

आगामी दिनमा पर्वतको थापाठाना क्षेत्रमा लोकभजनका अध्ययन गर्न सकिने केही सम्भावित शीर्षकहरू

क) थापाठाना क्षेत्रमा प्रचलित लोकभजनमा आध्यात्मिक दृष्टिकोण

ख) थापाठाना क्षेत्रमा प्रचलित लोकभजनको लयात्मक दृष्टिकोण

ग) थापाठाना क्षेत्रमा प्रचलित लोकभजनको समाजशास्त्रीय दृष्टिकोण

# सन्दर्भ कृति-सूची


**कृति**

आचार्य, गोविन्द (२०६२), **लोकगीतको विश्लेषण,** काठमाडौँ : पैरवी प्रकाशन ।

आर.डी. र एस.एल (२०३३), **नेपालका विभिन्न जाति र लोकगीतको एक परिचय,** ललीतपुर : जगदम्बा प्रकाशन ।

उप्रेती, कुन्दनलाल (ई.१९८०), **लोक साहित्यको प्रतिमान र अलिगढ** दो.सं. भारत प्रकाशन मन्दिर ।

उपाध्याय, कृष्णदेव (ई. १९८०), **लोक साहित्यको भूमिका** छैठौं संस्करण, साहित्य भवन प्रा.लि.

उपाध्याय, केशवप्रसाद (२०५८), **पूर्वीय साहित्य सिद्धान्त,** काठमाडौँ : साझा प्रकाशन ।

कन्दङ्वा, काजिमान (२०२०), **नेपाली जनसाहित्य,** काठमाडौँ : रोयल नेपाल एकेडेमी ।

कर्मा, लिला सिंह (२०४५), **हाम्रो लोकसाहित्य,** *(दो.सं)* जनकपुर ।

केसी चन्द्रबहादुर र अन्य सम्पां.(२०७५), **थापाठाना पुञ्ज स्मारिका,** अङ्क १, चितवन : पर्वतलिमी थापाठाना कल्याणकारी समाज ।

कोइराला, शम्भूप्रसाद (२०५५), **लोक साहित्य सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणी पुरस्कार प्रतिष्ठान ।

गौतम, श्रीकृष्ण (२०४३), *'पश्चिमाञ्चलको लोकभजन र लोकगीत',* **गरिमा** (वर्ष ४, अङ्क अङ्क ९, पुर्णाङ्क ४५), काठमाडौँ : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसंस्कृति,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, मोहन हिमांशु (२०६६), **साहित्य परिचय,** *(पाँ.सं.)* काठमाडौँ : साझा प्रकाशन ।

दिवश, तुलसी (२०३४), **नेपाली लोक सांस्कृतिक सङ्ग्रह**, काठमाडौँ : ने.रा.प्र.प्र.प ।

न्यौपाने, कुसुमाकर (२०६०), **धवलागिरी अञ्चलमा प्रचलित लोकगीत एक अध्ययन,** काठमाडौँ : विश्वविद्यालय अनुदान आयोग, नयाँ वानेश्वर ।

पन्त, कालीभक्त (२०४३), **हाम्रो सांस्कृतिक इतिहास,** काठमाडौं : सिर्जना प्रिन्टर्स

पराजुली, उत्तमकुमार (२०४९), ***'भजन'*** *वर्ष २९, अङ्क २,* पूर्णाङ्क ४४, तम्घास : किरण पुस्तकालय ।

पराजुली, कृष्णप्रसाद (२०४०) **राम्रो रचना, मिठो नेपाली,** काठमाडौं : सहयोगी प्रेस ।

................ (२०४६) **नेपाली साहित्यको परिक्रमा**, काठमाडौं : विद्या प्रकाशन ।

................ (२०५०) **नेपाली लोकगीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल (२०४९) **नेपाली लोकगाथा,** पोखरा : तारादेवी पराजुली ।

पोखरेल, बालकृष्ण (२०६७), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल विष्णुप्रसाद (२०५७) **संस्कृत काव्यशास्त्र,** काठमाडौं : भुडीपुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स प्रकाशन ।

भण्डारी, पूर्णबहादुर (२०६६), **थापाठाना गाउँ विकास समितिको वस्तुगत विवरण,** पर्वत : थापाठाना गाउँ विकास समितिको कार्यालय ।

रावल, बेनी जङ्गम (२०६३), **सन्दर्भ लोकगीतका,** काठमाडौँ : भृकुटी ए.प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५८), **नेपाली प्रकृति प्रत्यय कोश,** काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।

वनवासी, देवीप्रसाद (२०५५), **आँधीखोले लोकसंस्कृति**, स्याङ्जा : लेखक स्वयम ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, वसन्तकुमार (२०६२), **नेपाली शब्दसागर,** (चौ.सं.) काठमाडौँ : भाषा पुस्तक भण्डार ।

सुवेदी, हंसपुरे र थापा धर्मराज (२०४१), **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।

**अप्रकाशित शोधपत्र**


चापागाई, तुलसीप्रसाद (२०६३), ***देउपुर क्षेत्रमा प्रचलित लोकभजनको सलन, विश्लेषण र वर्गीकरण,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

पोखरेल, शिवप्रसाद (२०५७), **आँधीखोले भजन चुड्काहरूको अध्ययन विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

पौडेल, जीवनाथ (२०६२), **पैयूँखोले भजनहरूको सङ्कलन र अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

रेग्मी, धनपति (२०६९), **बलेवा क्षेत्रका लोकभजनका सङ्कलन, विश्लेषण र वर्गीकरण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

शर्मा, वैकुण्ठ (२०७३), **हेमजाली लोकभजनहरूको सङ्कलन, विश्लेषण र वर्गीकरण**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

## परिशिष्ट (क)

## थापाठाना क्षेत्रमा सङ्कलित भजनहरू



### १. सन्ध्याकालीन आरति

थापाठाना क्षेत्र कटुजे टोल निवासी शिक्षक पेसा अँगाल्दै आएका वर्ष ४२ का श्री **कृष्णप्रसाद सापकोटा**बाट प्राप्त आरतिका अंशहरू निम्नानुसार रहेको पाइन्छ :

(१) *पहिलोमा आरति हो, राम भूपकी माला*
*कालीनाग नाघिदेउ कृष्ण ज्यू बाला*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति जगाम्ला प्रभु ।*
*जयहरि हर भगवतीको नाम हो राम*
*राम तिम्रै आरति जगाम्ला प्रभु*

*(२) दोसरी आरति हो, राम देवरज्यूकी रञ्जन ।*
*भक्त सबै सुधारीलेऊ कंश रामण खञ्जन ।*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*........................................*
*......................... जगाम्ला प्रभु ।*

*(३) तेसरी आरति हो राम त्रिभूवन भोहै*
*गड्डुर सिंहासन राजारामलाई शोभै ।*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*........................................*
*......................... जगाम्ला प्रभु ।*

*(४) चौथैमा आरति हो राम चारै दिशा पूजा*
*अलङ्कार रञ्जनै अबनाई ध्वजा ।*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*.......................................*
*......................... जगाम्ला प्रभु ।*

*(५) पञ्चम आरति हो राम, मंगलु गावै*
*राधा रुकिमनीले चमरु डुलावै ।*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*.......................................*
*......................... जगाम्ला प्रभु ।*

*(६) षष्ठम आरति हो राम षडुरस खावै*
*बसौ त वैकुण्ठमा ब्रह्म फल पावै*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*.......................................*
*......................... जगाम्ला प्रभु ।*


*(७) सप्तम आरति हो राम स्वामिता बाती*
*बजाउँला शंख र घण्टा चढाउँला बेलपाती ।*
*आरतिकी जयहरि राजा राम,*
*राम तिम्रै आरति ..................*
*.......................................*
*......................... जगाम्ला प्रभु ।*

(८) अष्ठम आरति अष्ट मति दाता
धान्यमाइको कोखीमा कौशिल्या देवी माता
आरतिकी जयहरि राजा राम,
राम तिम्रै आरति ..................
.......................................
......................... जगाम्ला प्रभु ।

(९) नवम् आरति हो राम नवै निधि गंगा
सुवर्णको थालीमा प्रभु तिम्रो अङ्ग
आरतिकी जयहरि राजा राम,
राम तिम्रै आरति ..................
.......................................
......................... जगाम्ला प्रभु ।

(१०) दशम् आरति हो राम दशरथ पिता
लङ्का जिते रामले घर ल्याए सीता
आरतिकी जयहरि राजा राम,
राम तिम्रै आरति ..................
.......................................
......................... जगाम्ला प्रभु ।

## २. आरति भजन



थापाठाना क्षेत्रकै भेडाबारी अलैचे निवासी अवकासप्राप्त शिक्षक वर्ष ६३ का **यामबहादुर थापा**द्वारा प्राप्त आरति भजनका अंश यसप्रकार रहेका छन् ।

*ॐ जय जगदीश हरे, स्वामी जय जगदीश हरे ।*
*भक्तहरूको सङ्कट क्षणमै दूर गरे ॥*

*जो धाओस् फल पाओस् दुःख हटोस् मनको,*
*सुख सम्पत्ति घर आओस् कष्ट मिटोस् तनको । ॐ जय .......*

*बाबा आमा हौ तिमी नै मेरो, शरण परु कसको ।*
*तिमी बिना छैन अरु क्वै, आशा गरुँ कसको । ॐ जय .......*

*तिमी पूरा परमात्मा, तिमी अन्तरयामी ।*
*परब्रह्मा परमेश्वर तिमी कसका स्वामी । ॐ जय .......*

*तिमी करुणाका सागर, तिमी पालनकर्ता ।*
*मै मुरख खल कामी, कृपा गर्नु भर्ता । ॐ जय .......*

*तिमी हौ एक अगोचर, प्राण पति ।*
*कुन विधि मिलु दया मया, तिमीसँग कुमति । ॐ जय .......*

*दीनबन्धु, दुःखहर्ता, तिमी रक्षक मेरा,*
*करुणा हात उठाऊ, द्वार खडा छन् तेरा । ॐ जय .......*

*विषय विकार हटाऊ, पाँच छुटाऊ देवा ।*
*श्रद्धा भक्ति बढाऊ, सन्तानकी सेवा । ॐ जय .......*

## ३. श्रीकृष्ण भजन



थापाठाना क्षेत्र मेहलपोखरी निवासी व्यापार गर्दै आएका वर्ष ५९ का **वेदप्रसाद सापकोटा**बाट प्राप्त श्रीकृष्ण भजनका अंशहरू यस प्रकार रहेका छन् :

*धेरै माया पाउँथे उनले बाबा आमाको,*
*डर थियो बरा उनलाई आफ्नै मामाको ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*सबैलाई छक्क पार्थे मुरलीका धुनले,*
*कहिले हाँस्ने कहिले रुवाउने पार्थे सबलाई उनले ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*आफ्ना दाजु बलरामलाई सँगै लिई हिँड्दा,*
*एक्लै भए एकदिन काली नागस भिड्दा ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*कृष्ण काले नक्कलेले उधुम गर्न लाए,*
*साथी भाइ जम्मा पारी दही चोरेर खाए ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*सधैंभरी चतुर छट्टु थिए कृष्ण काले,*
*१६ हजार गोल्यानीलाई मेरै भन्न थाले ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*कृष्ण ज्यूको मुरली आधा डढेको,*
*त्यही पनि राधिकालाई मन परेको ।*
*(बालुवामा छमछम, खेले कृष्ण बलराम)*

*कृष्ण काले बासुले सारा मोहित पर्थे,*
*गोकुलबासी सबैको दुःखकष्ट हर्थे ।*
*(कृष्ण थिए काले राधा थिइन् नक्कले)*

*कृष्ण काले देखेपछि मै हुम भन्ने चुप,*
*रैछ आखिर नक्कलेको भगवान कै रूप ।*
*(कृष्ण थिए काले राधा थिइन् नक्कले)*

*वृन्दा वनमा गाई चराउने उनै कृष्ण हुन्,*
*कति राम्रो कति मधुर मुरलीको धुन ।*
*(कृष्ण थिए काले राधा थिइन् नक्कले)*

*आउँछु भन्दै सबैलाई वन मै कुराउने,*
*विचित्रको तिम्रो माया सबैलाई पुराउने ।*
*(कृष्ण थिए काले राधा थिइन् नक्कले)*

*छमछम पाउजु खुट्टाभरि गला भरी हार,*
*कल्ले दियो राधिकालाई १६ श्रृङ्गार ।*
*(लाइछौ चुरा टीका, कम्मर भाँच राधिका)*

## ४. श्रीस्वस्थानी भजन



थापाठाना क्षेत्र भेडावारी अलैंचे निवासी वर्ष ६० का भू.पू. भारतीय आर्मी **देवबहादुर थापा**बाट प्राप्त श्रीस्वस्थानी भजनका अंशहरू यस प्रकार रहेका छन् ।

*मधुकैटभ जन्म भए काने गुजी देखी,*
*धमासान युद्ध भयो विष्णु सँग भेटी ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*धेरै वर्ष युद्ध हुँदा दुवै बराबर,*
*वरदान माग मधुकैटभ ढिला नगर ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*जेठी छोरी आफू राखी अरु कन्यादान,*
*महादेवलाई मान राखे छन् भन्ने भयो मान ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*मेरा पनि पत्नी छैनन् राख्दैछन् की एउटी,*
*दक्षसँग माग्न जान पर्यो एक चोटी ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*नारायणले छल गरी महादेवलाई सती,*
*महादेवलाई निन्दा गर्ने दक्षको त्यो मती ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतलें*

*दक्ष यज्ञ विफल भयो महादेवको निन्दा,*
*बाबु छोरी मर्न गए भगवान् नचिन्दा ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*शिव भट्ट ब्रह्मणको गणेशमा ध्यान गयो,*
*धन धान्य सन्तानमा गोमा जन्म भयो ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*सबै धनसम्पत्ति चोरले लुटेको,*
*भिक्षु भिक्षा नदिएर कर्म फुटेको ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*विचरा ती बालिकाको बूढो श्रीमान्,*
*महादेवको श्रापले भयो कन्यादान ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*श्रीमान् कमाउनलाई भाको परदेशी,*
*पर लोक हुनुपर्यो श्रीमतीदेखि ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*त्यही बेलामा गर्भिणी रहिछिन् गोमा नारी,*
*बेसाहारा हुन गइन् पनि वियोग परी ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*बत्तीस लक्षणयुक्त जन्म्यो बालक नवराज,*
*विचरा ती गोमालाई खुशी लाग्यो आज ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

*बबा मृत्यु भाको रैछ धेरै वर्ष पहिले,*
*काज क्रिया पितृ उद्धार बल्ल गरे अहिले ।*
*(चन्द्रवती रानी स्वस्थानीका व्रतले)*

## ५. लक्ष्यवर्ती भजन



थापाठाना क्षेत्रको मैदान निवासी समाजसेवी वर्ष ६५ का **खड्गबहादुर क्षेत्री**द्वारा प्राप्त लाखबत्ती (लक्ष्यवर्ती) भजनका अंश यसप्रकार रहेका छन् ।

*कति राम्रो भयो कति राम्रो भयो,*
*लाखबत्ती जलाएको कति राम्रो भयो ।*

*लक्ष्मणा नाम गरेकी एउटी व्यस्त नारी,*
*लक्ष्यबत्ती महिमाले गइन् पार तरी ।*
*कति राम्रो भयो ...............*

*लाखबत्ती ज्योति जलाई धर्म गरियो,*
*स्वर्गबासी पृतीलाई पार तारियो ।*
*कति राम्रो भयो ...............*

*नजानेका नबुझेका अन्जान पाप पारी,*
*पापको भारी बिसाउने यही हो नि चौतारी ।*
*कति राम्रो भयो ...............*

*जन्मेपछि पृथ्वीमा सबलाई पिरको पिर,*
*बत्ती नै हो उज्यालो लान्छ स्वर्ग तिर ।*
*कति राम्रो भयो ...............*

*नरक परिन्छ नरक परिन्छ,*
*लाखबत्ती बालेपछि स्वर्ग तरिन्छ ।*
*कति राम्रो भयो ...............*

*नगर न ढाँट छल नगर न पाप,*
*लाखबत्ती जलाएमा सबै पाप सखाप ।*
*कति राम्रो भयो ...............*

*बाउ बाजे नतरेर बिचमै हुँदा पनि,*
*लाखबत्तीले पार तर्छन् खुब खुसी बनी ।*
*कति राम्रो भयो ...............*

*पाप धर्मको बाटो यसले सबलाई देखाउँछ,*
*हिसाब किताब बराबरी खातामा लेखाउँछ ।*
*कति राम्रो भयो ...............*

## ६. खेली भजन



थापाठाना क्षेत्र भेडाबारी निवासी कृषि पेसा अँगाल्दै आएका वर्ष ६६ का **पूर्णबहादुर थापा**द्वारा प्राप्त खेली भजनका अंश यसप्रकार रहेका छन् ।

*हरि भन्न पाइन, कलि बस्यो मुखैमा ।*
*खै बाटो खनेको, स्वर्ग जाने भनेको ।*
*स्वर्ग जानी बाटो, न ढुङ्गा छ न माटो ।*
*हरि भन्छु मैलै, रामराम भने सबैले ।*
*जपिँदैन हरि, मनमा पीर नपरी ।*
*जाम्ला वैकुण्ठैमा, नाच्दै गाउँदै बजाउँदै ।*
*ढोका खोल राम, भक्ति आए मन्दिरमा ।*
*जानी कहाँ होला, उनै रामलाई थाहा होला ।*
*आजै भयो भेट, आजै छैन सिगरेट ।*
*जाउँ जाउँ लाग्यो, सबै जाँदा तिरिथ ।*
*पोहोरको भेट ऐले, अब भेट दसैंलाई, नभने है कसैलाई*
*जानी कहाँ हो, कहाँ हो, जानी मैना लाइसक्यो, ज्यानले हरेस् खाइसक्यो ।*
*शिव शङ्कर भोला, रामराम भने के होला ?*
*एकदिन पर्नेछ जान, तोडी संसारको बन्धन ।*
*ब्रह्माण्डै भरिका, हामी उनै हरिका ।*
*कोटी नमस्कार, देउता जति सबैलाई ।*
*कल्ले के पिलायो, माया यसै बिलायो ।*
*गाउनेले के गर्‍यो, नाचनीले छक पार्‍यो ।*
*लैजाऊ भगवान्, यो फूलको जोवन ।*
*रुख बगैंचामा, फूल टिपेर मन्दिरमा ।*
*कमाइएन लानी, मरे पछि काँ जानी ।*
*धोका तिरिथैको, छैन आशा घरको ।*

## ७. रामायण भजन

थापाठाना क्षेत्र मेहलपोखरी निवासी कृषि पेसा अँगाल्दै आएका वर्ष ६३ का **शशीधर पाध्या**बाट प्राप्त रामायण भजनका अंशहरू यस प्रकार रहेका छन् ।

*हे .... रामको पैतालामा, कदम फूल लेखेको*
*.... राम आज्ञाकारी, गुरुसित सवारी ।*
*सारै मन पर्नी भो, ए राम कसो गर्नी हो ।*
*भाँचेऊ शिवधनु, लैजाऊ सीता के भनूँ ।*
*कोही छैनन् मेरा, राम जति पियारा ।*
*यी रामको घर, बिगार्नी त्यै मन्थरा ।*
*हे प्रभु प्रमात्मा, राजा परे आष्तमा ।*
*पीर पर्छ मनमा, नजाऊ राम वनमा ।*
*घर छोडी गए, राम सीता लक्ष्मण ।*
*यही हो रनभूमि, देख्यौ सीता रमिता ।*
*रामको बगैंचामा, छड्के हान्यो मृगले ।*
*रामलाई वनीबास, भरतलाई रजाइँ ।*
*केलाई गयौ राम, चौध वर्ष वनमा ।*
*कैकेयीका जालले, रामलाई वनीबास ।*
*छैनन् अयोध्यामा, गए राम वनमा ।*
*सीता पँधेरीमा, रुँदै राम वनमा ।*
*बोलाइरनी को हो, खेलीरनी रामलाई ।*
*रामलाई फूलको माला, सीतामाइलाई सिन्दुर ।*
*यो पनि रामको, त्यो पनि रामको,*
*सारा संसार रामको म पनि रामको ।*
*रामलाई अघि लाम्ला, रामको पछि मै लाम्ला ।*
*ढोका खोल राम, भक्ति आए मन्दिरमा ।*
*कहिले भेट होला, सीताको र रामको जुनको र घामको ।*
*जानी कहाँ होला, उनै रामलाई थाहा होला ।*

## ८. शिव भजन



थापाठाना क्षेत्रकै गैराथोक निवासी शिक्षक पेसा अँगाल्दै आएका वर्ष ५२ का **उमाकान्त जैसी**बाट प्राप्त शिव भजनका केही अंशहरू यसप्रकार रहेका छन् ।

*ॐ नम शिवाय : नम शिवाय : ॐ नम शिवाय : नम शिवाय :*
*शिव जटाधारी कहिले होला सवारी ।*
*(शिवजीको रूप)२ सम्झनलाई सजिलो शिवजीको रूप ।*
*शङ्ख ध्वनि लाए, कैलाशैमा शिवले ।*
*शिव पार्वतीको, कैलाशमा रजाइँ ।*
*(कति सुहायो)२ बाघको छाला, नागको माला, कति सुहायो ।*
*कैलाशका शिवजी भुइँमा झरन, भक्त जनलाई आपत् पर्दा रक्षा गरन ।*
*(कति सुहायो)२ शिरमा चन्दन घसेको कति सुहायो ।*
*काली नागको माला, शिव तिम्रो गलामा ।*
*गङ्गा अलमल, शिव तिम्रो जट्टामा ।*
*पार्वतीलाई माला, शिवजीलाई जलधारा ।*
*तिम्रै लाग्छ आश, लैजाऊ शिव कैलाश ।*
*शिव पारवती, साँझ विहान आरति ।*
*के नपुग्दो छ र, तिम्ले दिए शिवजी ।*
*(उनै शिवजीको)२ बाघको छाला, नागको माला, चन्द्रमाको टिको ।*
*शिव शङ्कर भोला, दर्शन दिए, के होला, वित्नै लाग्यो चोला ।*
*(चले महादेव)२ डमडम बज्यो डमरु, चले महादेव ।*
*(कति सुहायो)२ मुकुटमाथि चन्द्रमा कति सुहायो ।*
*(कति सुहायो)२ कम्मरमा डम्मरु कति सुहायो ।*
*(उनै शिव थिए)२ दक्षको टाउको काट्ने उनै शिव थिए ।*
*(शिव शङ्कर भोला)२ पार्वतीको नमस्कार स्वीकार गर्नुहोला ।*

## ९. चुड्का भजन



थापाठाना क्षेत्र सिम्ले निवासी पण्डित पेसा अँगाल्दै आएका वर्ष ५० का **झलक शर्मा**बाट प्राप्त चुड्का भजनका केही अंशहरू यसप्रकार रहेका छन् ।

*यो पनि रामको, त्यो पनि रामको,*
*सारा संसार रामको, म पनि रामको ।*

*कैलाशमा शिवजी, छन् छन त,*
*दर्शन् दिन्छन् दिँदैनन् जाउँ जान त ।*

*कहिले हँसाउँनी कहिले रुवाउनी,*
*शिवजीलई पार्वती कति सुहाउनी ।*

*कति दुःख दिन्छन्, सधैं शिव हराउँदै,*
*पार्वतीले खोज्दैछिन, रुँदै कराउँदै ।*

*कति दिन बिताउँछन् वनमा बसेर,*
*शरीर भरी खरानीको भस्म घसेर ।*

*जपम् शिवलाई, जपम् शिवलाई,*
*तनमन धनले जपम् शिवलाई ।*

*जपन हरिलाई, जपम् हरिलाई,*
*यो जिन्दगी भरिलाई, जपम् हरिलाई ।*

*विहानका झुल्के, घाम बेलुकीको जुन,*
*शिव भोलानाथको भजन कीर्तन सुन ।*

*वरपर डाँडाकाँडा, रैछ हरभर,*
*भगवान् आए जल दिनलाई गरौं हरहर ।*

*दुनियाँमा मानवहरू, हुन्छन् थरीथरी,*
*धर्मै मान्न नदेलान् झैं गर्छन् घरी घरी ॥*

## १०. शिव महिमा



थापाठाना क्षेत्रमै लामा चिलाउने निवासी व्यापार गर्दै आएका वर्ष ४२ का **प्रकाश थापा**बाट प्राप्त शिव महिमा भजनका केही अंशहरू यसप्रकार रहेका छन् ।

*भूत प्रेत नन्दी भृङ्गी, अघि पछि लाउने,*
*नन्दी माथि सवारी भै, त्रिलोकै चलाउने ।*
*गौरी शङ्कर हे भोला*
*हे अद्भूत रैछ लीला गौरी शङ्कर हे भोला*
*....१२ हे भगवान हरि ऽऽऽ!*

*ब्रह्म रूप लियौ तिमले, सृष्टि कर्ता भई,*
*लियौ फेरि विष्णु रूप, पालन गर्नलाई ।*
*लियौ फेरि शिव रूप संहार गर्नलाई,*
*ब्रह्मा विष्णु महेश्वर यौटै हुन् परमेश्वर ।*
*ब्रह्मा विष्णु महेश्वर ....१२ हे भगवान हरि ऽऽऽ!*

*हे... भगवानको नाम जपे, स्वर्ग पुग्न सक्छ,*
*तत्त्वज्ञान नभएमा, पछि हट्नुपर्छ ।*
*चिन्तन गर ब्रह्मको, हे कीर्तन हरिहरको,*
*चिन्तन गर ब्रह्मको, ....१२ हे भगवान हरि ऽऽऽ!*

*हे .... गर्ने खाने मर्ने जाने, मानिसको चोला,*
*दुई दिन बाँच्दा जपिराख, हरे कृष्ण भोला,*
*जय जय भोला नाथ, ब्रह्मा, विष्णु गोपाल साथ,*
*जय जय ....१२ हे भगवान हरि ऽऽऽ!*

*हे ...... शान्ति भन्नु कहीँ छैन, अरु कल्लाई भन्ने,*

तिम्रो दर्शन पाए भने, हुन्थैँ प्रभु धन्य ।
जीवन फुल सरीको, रैछ उनै हरिको,
जीवन फूल ....१२ हे भगवान हरि ऽऽऽ!

हे ......दुई दिनको जिन्दगीमा, छैन कुनै सीमा,
बाचुन्जेल तेरो मेरो, मरे गङ्गाजीमा ।
मर्नै पर्ने यो चोला, सत्य कुरा हे होला ?
मर्नै पर्ने ....१२ हे भगवान हरि ऽऽऽ!

हे..... दानभलो पुण्य गर, सत्कर्म नि गर,
दुःखी गरिब सेवा गर, उपकारले तर ।
जीवन लाइदेऊ पार, गर्देऊ शिव उदार ।
जीवन लाइदेऊ ....१२ हे भगवान हरि ऽऽऽ!

हे ..... ! जन्मेपछि मर्नै पर्ने, मानिसको चोला,
फेरि जन्म यो धरतीमा, होला कि नहोला ?
(को छ अजम्बरी, झर्छ जीवन फूलसरी ।
को छ अजम्बरी, ....१२ हे भगवान हरि ऽऽऽ!

हे ....! हिँड्छन् भोले जङ्गलमा, रूप फेरि फेरि,
अघाउँदैन कहिल्यै, पार्वतीलाई हेरी ।
के दिउँ खै उपमा, पार्वतीको रूपमा ।
के दिऊ ....१२ हे भगवान हरि ऽऽऽ!

हे ... ! हिमालय पर्वतमा, खेल्छन् जोडी बसी,
निधारमा चन्दन त, ज्यानमा भष्म घसी ।
रोइरहने नपार, तिम्रो लीला अपार ।
रोइरहने नपार ....१२ हे भगवान हरि ऽऽऽ!

## ११ मिश्रित भजन



थापाठाना क्षेत्रमा सिम्ले निवासी शिक्षक पेसा अँगाल्दै आएका वर्ष ५७ का **विष्णुप्रसाद शर्मा**बाट प्राप्त मिश्रित भजनका केही अंशहरू यसप्रकार रहेका छन् :

*ब्रह्माण्डै भरिका, हामी उनै हरिका ।*
*छल रावणको, होइन मृग सुनको ।*
*रामलाई सम्झेर, नरोऊ सीता वनैमा ।*
*हे प्रभुः प्रमात्मा, राजा परे आपत्मा ।*
*स्वर्ग जानी बाटो, खनी मैदान पारेको ।*
*बसे कुटी बनाई, जङ्गलमा सीताराम ।*
*कृष्णजीका फेला, बल्ल पऱ्यौ राधिका ।*
*(शिवजीको रूप)[२] सम्झनलाई सजिलो, शिवजीको रूप ।*
*शिव जटा धारी, बल्ल भयो सवारी ।*
*स्वरगैमा भेट, जिन्दगीमा यै चाल ।*
*नाँच्दै गाउँदै गर, पुग्ने होइन रहर ।*
*बजाऊ बाला फेरि, राम्रै भयो मुरली ।*
*गोवर्धनधारी, जयजय कृष्ण मुरारी ।*
*ब्रह्मा कमलैमा, विष्णु बसे जलैमा ।*
*शिव शम्भो भोला, दर्शन दिन के होला ?*
*कृष्णजीको चित्र, राधिकाको दिलभित्र ।*
*मर्नै पर्ने चोला, सत्य आखिर के होला ?*
*एक मुठी परानी, हेर्दा हेर्दै खरानी ।*
*को छ अजम्बरी ? झर्छ जीवन फूलसरी ।*
*लाइछौ चुरा टिका, कम्मर भाँच राधिका ।*
*मुरली बजाउँदै, गाई चराउँदै वनमा ।*
*रामलाई अघि लाम्ला, रामको पछि मै जाम्ला ।*
*धुरुक्कै रुवाए, लैजाऊ बाला यशोदा ।*

# परिशिष्ट (ख)

## शब्दहरू

| **स्थानीय उच्चारण** | **लेख्य रूप** |
|---|---|
| क्यारी | कसरी |
| ऐले | अहिले |
| पैले | पहिले |
| कस्को | कसको |
| रैछ | रहेछ |
| भन्द्यौ | भनिदेऊ |
| मन्ले | मनले |
| पन्ले | पनले |
| जाम | जाऊँ |
| ठाम | ठाउँ |
| जुनी | जीवन |
| करिम | कर्म |
| धरिम | धर्म |
| बाला | बालबच्चा |
| अगनी | आगो |
| हियार | हृदय |
| पार्ने | पर्ने |
| आको | आएको |
| मर्नी | मर्ने |
| तर्नी | तर्ने |
| गम्छा | सानो झाउन |
| जोबन | यौवन |
| स्वरिग | स्वर्ग |
| तिन्ले | तिनले |
| यिन्ले | यिनले |
| आम्चु | आउँछु |
| जपम् | जपम् |

# परिशिष्ट (ग)

# अन्तर्वार्ताका लागि तयार पारिएको नमूना प्रश्नावली

नाम : शिक्षा :

गा.वि.स./न.पा वडा नं. : टोल :

सम्पर्क नं. :

**प्रश्नहरू**

१) तपाइँको शुभ नाम के हो ?

२) तपाइँ के पेसा गर्नुहुन्छ ?

३) आफ्नो धर्म संस्कृतिप्रति चासो राख्नुहुन्छ कि राख्नुहुँदैन ?

४) भजन गाउनुहुन्छ ?

५) भजन कुन कुन पर्वमा गाउनुहुन्छ ?

६) कुन कुन देवतासँग सम्बन्धित भजन गाउनु हुन्छ ?

७) बाह्रै महिना गाइने भजन के के हुन् ?

८) पर्व, उत्सव तथा पूजाआजामा गाइने भजन के के हुन् ?

९) तपाइँको समुदायमा कुनकुन जातिका मानिसहरूले भजन गाउँछन् ?

१०) तपाइँको समुदायमा महिलाहरूले पनि भजन गाउँछन् ?

११) तपाइँको समुदायमा महिलाहरूले पनि भजन गाउँछन् ?

१२) साँझमा गाइने भजन के के हुन् ?

१३) तपाइँ कुन कुन देवतासँग सम्बन्धित भजन गाउनु हुन्छ ?

१४) तपाइँले सम्झेर कतिसम्म भजन गाउन सक्नुहुन्छ ?


१५) तपाइँले भन्न सक्ने केही भजन चुड्का सुनाइ दिनुस् न ?

१६) यस क्षेत्रमा भजन गाउने क्रममा कुनकुन के कस्ता बाद्य सामग्री प्रयोग गर्नुहुन्छ ?

धन्यवाद !

# परिशिष्ट (घ)

## धार्मिक स्थलहरू




दुर्गा मन्दिर



चण्डेश्वरी मन्दिर



डहरे देउराली मन्दिर



थापाहरूको निशान मन्दिर



कुल मन्दिर



शिव मन्दिर

# परिशिष्ट (ङ)

## गायकको तस्वीर






भजन गाउँदै भजन गायकहरू

सामुहिक तस्वीरमा भजन गायकहरू



अन्तर्वाताका क्रममा लिइएको तस्वीर



खड्गबहादुर श्रेष्ठ गीताका श्लोकबारे व्याख्यान गर्दै

# परिशिष्ट (च)

## टोली प्रमुख विवरण

| क्र. स. | नाम | उमेर | शिक्षा | नगरपालिका | वडा नं. | टोल | पेसा |
|---|---|---|---|---|---|---|---|
| १. | कृष्ण प्र. सापकोटा | ४२ | एम.ए | फलेबास | २ | कडुजे | शिक्षक |
| २. | शशीधर पाध्या | ६७ | साधारण | फलेबास | २ | मेहलपोखरी | कृषि |
| ३. | बेदप्रसाद सापकोटा | ५९ | एस.एल.सी | फलेबास | २ | मेहलपोखरी | व्यापार |
| ४. | देवबहादुर थापा | ६० | आइ.ए | फलेबास | २ | भेडावारीअलैंचे | निवृत्त आर्मी |
| ५. | खड्कबहादुर क्षेत्री | ६५ | एस.एल.सी | फलेबास | २ | मैदान | समाजसेवी |
| ६. | यामबहादुर थापा | ६३ | बी.एड | फलेबास | २ | अलैंचे | निवृत्त शिक्षक |
| ७. | पूर्णबहादुर थापा | ६६ | साधारण | फलेबास | २ | अलैंचे | कृषि |
| ८. | उमाकान्त जैशी | ५२ | बी.एड | फलेबास | २ | गैराथोक | निवृत्त शिक्षक |
| ९. | बद्रीनाथ पौडेल | ६३ | आचार्य | फलेबास | २ | गहते | पण्डित |
| १० | प्रकाश थापा | ४२ | बी.बी.एस | फलेबास | २ | लामाचिलाउने | व्यापार |
| ११. | विष्णुप्रसाद शर्मा | ५७ | एम.एड | फलेबास | २ | सिम्ले | शिक्षक |
| १२. | झलकप्रसाद शर्मा | ५५ | बि.एड | फलेबास | २ | सिम्ले | कर्मकाण्ड |
| १३. | पूर्णप्रसाद पाध्या | ६९ | एम.ए | फलेबास | २ | सिम्ले | निवृत्त शिक्षक |
| १४. | खड्गप्रसाद श्रेष्ठ | ६६ | साधारण | फलेबास | २ | हट्टिया | निवृत्त आर्मी |